वर्ष २० | अंक १७४ | काठमाडौं | मंगलवार, १९ चैत २०८१ | Tuesday, 1 April 2025 | पृष्ठ ८ | मूल्य रू. १०

ISSN No. 2822-1702

@abhiyannationaldaily
@aarthik_abhiyan

ग्राहक प्रति

www.abhiyandaily.com

# आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन,
९८४७३४५६६०
९८५१०१९०३८
९८४१९५९२९८
भाइबरमा SMS मात्र गर्नुहोस्
हामी यताबाट कल गर्छौं ।

'सिछुआन–नेपाल व्यापार आदानप्रदान महीना' शुरू २

बर्दिबासमा 'फोटोन माउन्टेन ईभी'को शोरूम ३

निर्यात प्रवर्द्धनमा समानुपातिक प्राथमिकता ४

सुनसरी–मोरङ औद्योगिक कोरिडोरको लोडसेडिङ ६ घण्टा घट्यो ८





तस्वीर : सुनिल शर्मा/ आर्थिक अभियान

काठमाडौंको कोटेश्वरस्थित भाटभटेनी सुपरमार्केटको भवनका क्षतिग्रस्त शिशा फेर्नेलगायत काम गर्दै मजदुर । गत शुक्रवार दिउँसो राजावादीको प्रदर्शनका क्रममा अनियन्त्रित भीडले यस सुपरमार्केटमा गरेको लुटपाट तथा तोडफोडबाट ८० लाख रुपैयाँबराबरको क्षति भएको कम्पनीको दावी छ ।

# सिमेन्ट र डन्डीको मूल्य घट्यो

## लोडशेडिङ घटेकाले मूल्य घटाउन सकेको उद्योगीको भनाइ

अभियान संवाददाता

काठमाडौं

उद्योगीहरूले सिमेन्ट तथा फलामे डन्डीको मूल्य घटाएका छन् । औद्योगिक कोरिडोरमा लोडशेडिङ कम भएर उत्पादन लागत घटेकाले मूल्य घटाइएको उद्योगीहरूले बताएका छन् ।



नेपाल सिमेन्ट उद्योग संघका अध्यक्ष रघुनन्दन मारूले सिमेन्टको मूल्य प्रतिबोरा १५ रुपैयाँसम्म घटाइएको जानकारी दिए । त्यसैगरी, प्रिमियर स्टील उद्योगका सञ्चालक पवन शारडाले छडको मूल्य प्रतिकिलो २ रुपैयाँ घटाइएको बताए ।

उद्योगीहरूले हाल औद्योगिक क्षेत्रमा लोडशेडिङ घटेकाले मूल्य घटाइएको बताए । गत मङ्सिरमा प्रतिबोरा५००रुपैयाँरहेकोसिमेन्टको मूल्य व्यापारीहरूले पटकपटक वृद्धि गर्दा चैत पहिलो सातासम्म आइपुग्दा ८५० रुपैयाँसम्म पुगेको थियो । अहिले १५ रुपैयाँसम्म मूल्य घटेको हो ।

मारूले दैनिक लोडशेडिङ १२ घण्टाबाट घटेर ७ घण्टामा सीमित भएकाले लागत घटेका कारण सिमेन्टको मूल्य पनि घटाइएको बताए ।

चैतको पहिलो हप्तादेखि भारतले रातमा बिजुली नदिएका कारण नेपाल विद्युत् प्राधिकरणले औद्योगिक क्षेत्रमा विद्युत् कटौती गर्दै आएको थियो ।

केही दिन अघिदेखि भारतले रातको समयमा थप ४ घण्टा बिजुली आपूर्ति गर्न थालेपछि प्राधिकरणलाई उद्योगमा विद्युत् आपूर्ति गर्न सहज भएको छ ।

अहिले पूर्वका अधिकांश उद्योगमा लोडशेडिङको समयावधि घटेकाले उद्योगीहरूले मूल्य घटाएको उनको भनाइ छ । सरकारले हस्तक्षेप नगरेपछि उद्योगीहरूले हौसिएर कृत्रिम रूपमा मूल्यवृद्धि गरेको आरोप लागिरहेको थियो ।

स्टील उद्योगले फलामे छडमा फागुन १८ यता भ्याटबाहेक किलोमा १२ देखि १८ रुपैयाँ मूल्यवृद्धि गरेका छन् । चैत पहिलो सातासम्म आइपुग्दा डन्डीको मूल्य प्रतिकिलो १०५ रुपैयाँसम्म पुगेको छ । यो मूल्य फागुन दोस्रो साता ८७ रुपैयाँ मात्रै थियो ।

यसअघि वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले सूचना जारी गर्दै सिमेन्ट र डन्डीको मूल्य नघटाए कारबाही गर्ने बताएको थियो । सोहीअनुरूप अहिले विभागले देशभरिका सिमेन्ट स्टील र फलाम उद्योगहरूलाई पत्राचार गर्दै आफ्नो उत्पादन लागतको विवरण स्पष्ट खुलाएर जानकारी गराउन भनेको छ । विभागका अनुसार केही उद्योगहरूले लागत मूल्यको विवरण विभागमा पठाएका छन् भने अन्यले पनि पठाउने जानकारी गराएका छन् ।

निर्माण व्यवसायी महासंघले भने सिमेन्ट र डन्डीको कृत्रिम मूल्यवृद्धि भएको दाबी गर्दै त्यसको निरन्तर विरोध गर्दै आएको छ । निर्माण सामग्रीको मूल्य अस्वाभाविक बढ्दा पहिले नै ठेक्का सम्झौता गरेको परियोजनाको लागत बढ्ने र समयमा काम सक्न गाह्रो हुने भन्दै महासंघले त्यसको विरोध गर्दै आएको छ ।

# डिजेल र हवाई इन्धन सस्तियो





काठमाडौं (अस) । नेपाल आयल निगमले डिजेल/मट्टीतेल र हवाई इन्धनको मूल्य घटाएको छ ।


सोमवार सम्पन्न निगम सञ्चालक समिति बैठकको निर्णयअनुसार डिजेल र मट्टीतेलको मूल्य प्रतिलिटर २ रुपैयाँ घटाइएको निगमले जनाएको छ । हवाई इन्धन आन्तरिकतर्फको प्रतिलिटर ७ रुपैयाँ र अन्तरराष्ट्रियतर्फको काठमाडौंको लागि प्रतिकिलोलिटर ५१ अमेरिकी डलरले मूल्य घटाइएको निगमको भनाइ छ । पोखरा र भैरहवामा भने हवाई इन्धन लागत मूल्यमै उपलब्ध गराउने निर्णय निगम सञ्चालक समितिले गरेको छ ।

पेट्रोल र खाना पकाउने ग्यासको भाउ यथावत छ । इन्डियन आयल कर्पोरेशनले आगामी १५ दिनका लागि पठाएको मूल्यसूचीमा यी इन्धनको भाउ घटेर आएपछि निगमले पनि मूल्य समायोजन गरेको हो ।


नेप्से परिसूचक




सुन (तोला)




अमेरिकी डलर




# जलविद्युत् आयोजनाको सुरूङ खन्न पहिलोपल्ट टीबीएम प्रयोग गरिँदै

प्रशान्त खड्का

काठमाडौं

२८५ मेगावाट क्षमताको माथिल्लो तमोर जलविद्युत् आयोजनाको सुरुङ खन्न टनेल बोरिङ मेशिन (टीबीएम) प्रयोग गर्न लागिएको छ ।

तमोर इनर्जी प्रालिका अध्यक्ष पुष्पज्योति ढुंगानाले नेपालको जलविद्युत् आयोजनामा पहिलोपटक यस्तो मेशिन प्रयोग गर्न लागिएको बताए । हालसम्म परम्परागत रूपमै सुरुङ खन्ने गरिएको छ ।

तमोर इनर्जी प्रालिका अध्यक्ष पुष्पज्योति ढुंगानाले टीबीएम प्रयोगले सुरुङ खन्ने कार्यको तयारी अन्तिम चरणमा पुगेको बताएका छन् । आर्थिक अभियानसँगको कुराकानीमा उनले यसअघि टीबीएम प्रयोगबाट भेरी बबई डाइभर्सन र सुनकोशी मरिन डाइभर्सनको सुरुङ खनेको कम्पनीलाई नै यसको जिम्मा दिइएको बताए ।

'उक्त कम्पनीसँग हामीले समझदारी (एमओयू) गरिसकेका छौं । अबको करीब १० दिनभित्र सम्झौता गरेर मेशिन मोबिलाइजेशनको कामसमेत शुरू गर्ने तयारी भएको छ,' उनले भने ।

सिँचाइ आयोजनाका लागि यसअघि भेरी बबई बहुउद्देश्यीय सिँचाइ आयोजना र सुनकोशी मरिन डाइभर्सनमा टीबीएम प्रयोग हुँदा तोकिएको अवधिभन्दा छिटो सुरुङ खन्ने काम सकिएको थियो ।

तमोर इनर्जी प्रालिले निर्माण गर्न लागेको यस परियोजनाको कुल लागत शुरूमा ५५ अर्ब १५ करोड रुपैयाँ अनुमान गरिएको भए पनि अहिले ५१ अर्ब रुपैयाँमा निर्माण गर्न सकिने सम्भावना देखिएको समेत अध्यक्ष ढुंगानाले बताएका छन् ।

गत जेठ २४ मा यस परियोजनाले वित्तीय व्यवस्थापन गरेको थियो । त्यसबेला परियोजनामा एभरेष्ट बैंकको नेतृत्वमा ३८ अर्ब ६० करोड रुपैयाँ ऋण लगानी गर्ने सम्झौता भएको थियो ।

## टीबीएम प्रयोग किन ?



सुरुङ खन्ने काममा ड्रिलिङ गरी विस्फोटक पदार्थ प्रयोग गरिँदै आएकोमा किन टनेल बोरिङ मेशिन (टीबीएम) प्रयोग गर्ने भन्ने प्रश्नको जवाफमा स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इप्पान) का अध्यक्ष गणेश कार्की समय बचत हुने भएकाले यसको प्रयोग प्रभावकारी देखिएको बताउँछन् ।

कार्कीका अनुसार टीबीएम प्रयोग गर्दा परम्परागत प्रविधिको तुलनामा दोब्बर लागत लाग्छ । तर, काम चाँडो हुने भएकाले परियोजना चाँडो बनाउन मद्दत पुग्छ ।

निर्माण लागत बढी भए पनि चाँडै निर्माण सकिने भएकाले विद्युत् उत्पादन छिटो गरेर आम्दानी लिन सकिने उनको भनाइ छ । यसअघि राष्ट्रिय गौरवको सूचीमा राखिएको मेलम्ची खानेपानी आयोजनाको २६ किलोमीटर सुरुङ खन्न झन्डै ९ वर्ष लागेकोमा भेरी बबई बहुउद्देश्यीय सिँचाइ आयोजनाको १२ दशमलव २ किलोमीटर सुरुङ खन्न २ वर्षभन्दा कम समय लागेको थियो ।

कम समयमै सुरुङ खन्न सकिने भए पनि नेपाली निजीक्षेत्रका जलविद्युत् आयोजनाहरूले अहिलेसम्म यसको प्रयोग गर्न सकेका छैनन् । यसको लागत महँगो पर्ने र कम क्षमताका आयोजनामा फिजिबल नहुने भएकाले पनि निजीक्षेत्रका परियोजनाहरूमा यसको प्रयोग हुन नसकेको इप्पान अध्यक्ष कार्की बताउँछन् ।

पछिल्लो समय निजीक्षेत्रले पनि १०० मेगावाटभन्दा माथिका जलविद्युत् आयोजना निर्माण गर्न थालेको भन्दै उनले अबका दिनमा अधिकांश परियोजनामा टीबीएम प्रयोग हुने बताए ।

इप्पानकै सदस्य रहेका कतिपय परियोजनाका प्रवर्द्धकहरूले अहिले टीबीएम प्रयोगबारे चासो दिइरहेको उनले सुनाए । कतिपय लगानीकर्ताहरू अहिले चिनियाँ कम्पनीहरूसँग त्यसका लागि छलफलमा रहेको पनि उनले बताए ।

**यसअघि भेरी बबई डाइभर्सन र सुनकोशी मरिन डाइभर्सनको सुरूङ खन्न मेशिन प्रयोग गरिएकोमा अब २८५ मेगावाट क्षमताको माथिल्लो तमोर जलविद्युत् आयोजनाको सुरूङमा पनि प्रयोग हुन लागेको हो ।**

ताप्लेजुङको फक्ताङलुङ गाउँपालिका र फुङ्लिङ नगरपालिकामा बन्न लागेको यो परियोजना अर्धजलाशय प्रकृतिको हो । परियोजनाले हिउँदमा पनि ६ घण्टा पूर्ण क्षमतामा विद्युत् उत्पादन गर्न सक्छ । त्यसले हिउँदको पिक आवरमा भइरहेको लोडशेडिङलाई कटौती गर्न सहयोग पुग्ने विश्वास कम्पनीको छ ।

यस आयोजनाका लागि करीब २५ अर्ब रुपैयाँ लगानी जुटिसकेको र बैंकबाट लिइने २९ अर्ब रुपैयाँ ऋणको प्रक्रिया पनि शुरू भइसकेको ढुंगानाले जानकारी दिए ।

परियोजनामा १२ अर्ब स्वपूँजी जुटाइने, ८ अर्बको शेयर जारी गरिने र स्थानीयलाई पनि शेयर लगानी गर्न दिइने उनले बताए । यसबाहेक सुपरमादी हाइड्रोपावरले समेत ३ अर्ब १५ करोड रुपैयाँ यस परियोजनामा लगानी गर्नेछ ।

# नेपालमा शाखा खोल्न विदेशी पुनर्बीमा ब्रोकरहरूको अटेरी

यादव हुमागाई

काठमाडौं

नेपाल बीमा प्राधिकरणले विदेशी पुनर्बीमा दलाल (ब्रोकर) हरूलाई नेपालमा शाखा तथा सम्पर्क कार्यालय खोल्न दिएको निर्देशन अटेरी गरेको पाइएको छ ।

प्राधिकरणले जेठ पहिलो साता जारी गरेको बीमकको पुनर्बीमा निर्देशिका, २०८० मा विदेशी पुनर्बीमा ब्रोकरहरू प्राधिकरणमा सूचीकृत हुनुपर्ने र सूचीकृत नम्बर प्राप्त भएपछि ६ महीनाभित्र नेपालमा संयुक्त लगानीमा कम्पनी, शाखा वा सम्पर्क कार्यालय स्थापना गर्नुपर्ने व्यवस्था छ । चालू आर्थिक वर्ष (आव) २०८१/०८२ मा ४९ ओटा विदेशी ब्रोकरहरू सूचीकृत भए पनि अधिकांश कम्पनीले कार्यालय स्थापना नगरेको प्राधिकरणले बताएको छ ।




**बीमकको पुनर्बीमा निर्देशिका, २०८० मा विदेशी पुनर्बीमा ब्रोकरहरू प्राधिकरणमा सूचीकृत हुनुपर्ने र सूचीकृत नम्बर प्राप्त भएपछि ६ महीनाभित्र नेपालमा संयुक्त लगानीमा कम्पनी, शाखा वा सम्पर्क कार्यालय स्थापना गर्नुपर्ने व्यवस्था छ ।**

प्राधिकरणको पुनर्बीमा शाखा प्रमुख राजेन्द्र महर्जनका अनुसार हालसम्म ५-६ ओटा कम्पनीले मात्र नेपालमा शाखा कार्यालय खोलेका छन् । अधिकांश कम्पनीले निर्देशिकाअनुसार कार्यालय स्थापना नगरेपछि प्राधिकरणले चैत पहिलो साता निर्देशन जारी गर्दै थप ३ महीना समय दिएको छ । अब विदेशी पुनर्बीमा ब्रोकरहरूले आगामी असारभित्र कार्यालय स्थापना गर्नुपर्नेछ ।

तत्कालीन बीमा समितिले पुनर्बीमा दलाल (ब्रोकर) सम्बन्धी निर्देशिका, २०७८ जारी गर्दै विदेशी पुनर्बीमा ब्रोकरहरूलाई सूचीकरणको व्यवस्था गरेको थियो । यसका लागि २५ हजार रुपैयाँ शुल्क तोकिएको छ । प्राधिकरणबाट पुनर्बीमा दलालको इजाजतपत्र दिने आशयपत्र प्राप्त भएपछि ब्रोकिङ काम गर्नुअघि नेपालको वाणिज्य बैंकमा सेक्युरिटीबापत ५० हजार अमेरिकी डलर जम्मा गर्नुपर्ने प्रावधान छ ।

यसैगरी नेपाली पुनर्बीमा दलालसँग संयुक्त रूपमा पुनर्बीमा दलाल खोल्न विदेशी पुनर्बीमा दलाल कम्पनीले शेयर पूँजीको ५५ प्रतिशत अंश राख्न पाउने बाटो पनि दिएको छ । निर्देशिकाअनुसार पुनर्बीमा ब्रोकरको अधिकृत पूँजी न्यूनतम १० करोड र त्यसको ५० प्रतिशत अर्थात् ५ करोड चुक्ता पूँजी तोकिएको छ । अधिकृत पूँजीको २५ प्रतिशत रकम एअर मार्क गराई वाणिज्य बैंकको मुद्दती खातामा राख्नुपर्ने व्यवस्था छ । तर, हालसम्म त्यस्तो कम्पनी स्थापना भएको छैन । प्राधिकरणले तोकेको मापदण्ड पूरा गरी १० ओटा कम्पनीलाई पुनर्बीमा ब्रोकरको अनुमति दिएको छ । तर, अहिलेसम्म कम्पनीहरूले उल्लेखनीय कारोबार गर्न सकेका छैनन् । पुनर्बीमा ब्रोकरले बीमकले जारी गरेको बीमालेखअन्तर्गत उत्पन्न हुने दायित्व सम्बन्धमा बीमकका तर्फबाट पुनर्बीमक तथा पुनर्बीमकको तर्फबाट अर्को पुनर्बीमकसँग मध्यस्थता गर्ने, पुनर्बीमा विशेषज्ञता सेवा र प्राविधिक परामर्श दिने, बीमा/पुनर्बीमा बजारको तथ्यांक विश्लेषण गरी पुनर्बीमित र पुनर्बीमकलाई उपलब्ध गराउँछन् । यसैगरी पुनर्बीमा दाबी भुक्तानीमा सहजीकरण गर्ने, पुनर्बीमा सम्झौता तयार गर्न सहयोग गर्ने, पुनर्बीमा सम्झौताअनुरूपको लिने/दिने रकमको हिसाब फरफारक गर्न सहयोग गर्नेलगायत कामसमेत पुनर्बीमा ब्रोकरले गर्ने कानूनी प्रावधान छ ।

**सूचीकृत विदेशी पुनर्बीमा ब्रोकरको नामावली**

पृष्ठ ५ मा



तस्वीर : रासस

**पृथ्वी राजमार्गअन्तर्गत तनहुँको म्याग्दे गाउँपालिका–६ र शुक्लागण्डकी नगरपालिका–७ शेराटार जोड्ने कुम्लेखोलामा निर्माण हुँदै गरेको पक्की पुल । मुग्लिन–पोखरा सडक विस्तारअन्तर्गत विभिन्न ठाउँमा पुल निर्माण भइरहेको छ ।**

# रमजानमा जनकपुरधाममा बढ्यो व्यापार व्यवसाय

**मो. इन्तेखाब आलम**

जनकपुरधाम

मुस्लिम धर्मावलम्बीको ठूलो पर्व इद उल फित्र (रमजान) सोमवार नमाज पढेपछि सकिएको छ । रमजान अवधिमा जनकपुरधाममा व्यापार व्यवसाय बढेको स्थानीय व्यापारीहरूले बताएका छन्। यो पर्वमा दूध, सेबई, खजुर, काजु, किसमिस, फलफूल, लगायत उपभोग्य वस्तुको व्यापार बढेको हो । रमजानको महीनामा अघिल्लो महीनाको तुलनामा विक्री बढेको जनकपुरधाम उपमहानगरपालिका–२५ लोहनाका किराना व्यवसायी मो. अहमद हुसैनले बताए । यो अवसरमा आफ्नो पसलबाट २ लाख रुपैयाँ बराबरको इदका सामग्री विक्री भएको उनले सुनाए ।

यस्तै रमजानका बेला खसी, कुखुराको मासु पनि सामान्य बेलाको तुलनामा करीब दोब्बरले बढेको स्थानीय मासु विक्रेता मोहम्मद मजीबुलले बताए । रमजानमा नमाज पढ्न मुस्लिम धर्मावलम्बीहरू नयाँ लत्ता, कपडा लगाएर जाने गर्छन् । यो पर्वमा कुर्ता, पाइजामाको विक्री बढ्ने गरेको जनकपुरधाम मुरलीचोकका कपडा व्यवसायी मो. कलाम शेषले बताए । यस्तै मुस्लिम महिलाले लगाउने, सलवार समीज, साडी, दुपट्टा, लेहेंगा, बुर्का लगायत कपडाको समेत विक्री बढेको जनकचोकका कपडा व्यवसायी प्रमोद साहले बताए । रमजानको बेला घरको रङरोगनका लागि पेन्ट्सको कारोबार समेत अन्य बेलाको भन्दा बढी हुने गरेको छ ।



**अहिले राष्ट्रिय अर्थतन्त्रमा सुस्ती देखिए पनि रमजानले स्थानीय अर्थतन्त्र केही मात्रामा चलायमान बनाएको जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भन्डारीले बताए ।**

अहिले राष्ट्रिय अर्थतन्त्रमा सुस्ती देखिए पनि रमजानले स्थानीय अर्थतन्त्र केही मात्रामा चलायमान बनाएको जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भन्डारीले बताए । जनकपुरधामको व्यापार व्यवसाय चाडपर्वमा मात्र होइन, जुनकुनै बेला चलायमान हुनुपर्नेमा उनले जोड दिए । यस क्षेत्रको व्यापार व्यवसायले गति लिन नसक्नुको मुख्य कारण खुला सीमा नाका र नेपाली जनताले भारतीय बजारमा उपभोग्य वस्तु खरीद गर्नु रहेको उनले बताए ।

## विशेष अदालतको फैसला विरुद्ध सर्वोच्चमा पुनरावेदन



काठमाडौं । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतले गरेको एक फैसला विरुद्ध आइतवार सर्वोच्च अदालतमा पुनरावेदन गरेको छ । पशुपन्छी बजार प्रवर्द्धन निर्देशनालय हरिहरभवन ललितपुरका तत्कालीन कार्यक्रम निर्देशक बलराम थापासहित सात जना विरुद्ध आयोगले दायर गरेको मुद्दामा विशेष अदालतको फैसला चित्त नबुझेपछि आयोगले सर्वोच्चमा पुनरावेदन गरेको हो ।

निर्देशनालयका तत्कालीन निर्देशक थापा, लेखा अधिकृत रामप्रसाद बजगाई, वरिष्ठ पशु चिकित्सक पूजा शर्मा समेतका प्रतिवादी विरुद्ध रू. ४७ लाख ३७ हजार ६ सय २९ बराबरको भ्रष्टाचार भएको आरोपमा विशेषमा मुद्दा दायर गरेको थियो । तेह्रथुमको म्याङलुङ नगरपालिका–५ जिरीखिम्ती माझगाउँमा आम्फुवा पशु हाटबजार निर्माणमा कामभन्दा बढी भुक्तानी गरेकाले उनीहरु विरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार कैद सजाय तथा बिगो बमोजिम जरिवानासमेत माग गरी मुद्दा दायर गरिएको थियो । आयोगले दायर गरेको मुद्दामा विशेषले गत २०८० फागुन १ गते फैसला गर्दै आंशिक सफाइ दिएको थियो । विशेषको उक्त फैसला चित्त नबुझेपछि सर्वोच्चमा पुनरावेदन गरिएको आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलले जानकारी दिए । *रासस*

नेपाल–चीन कूटनीतिक सम्बन्धको ७० वर्ष

## ‘सिछुआन–नेपाल व्यापार आदानप्रदान महीना’ शुरू



काठमाडौं । चीन-नेपाल कूटनीतिक सम्बन्धको ७०औं वार्षिकोत्सवको सन्दर्भमा सिछुआन-नेपाल संस्कृति, पर्यटन, अर्थतन्त्र र व्यापार आदानप्रदान महीनाको सिछुआन शृंखला चीनको चङ्तुमा प्रारम्भ भएको छ ।

सिछुआन प्रान्तीय सरकारको विदेश मामिला कार्यालय र चङ्तुस्थित नेपालको महावाणिज्य दूतावासले संयुक्त रूपमा सिछुआन प्रान्तको राजधानी चङ्तुमा गत शुक्रवारदेखि ‘सिछुआन-नेपाल व्यापार आदानप्रदान महीना’ प्रारम्भ भएको हो ।

त्यस अवसरमा सिछुआन प्रान्तको विदेश मामिला कार्यालयका महानिर्देशक झाङ ताओले नेपाल र सिछुआनबीचको सम्बन्ध प्रगाढ हुँदै गएको, हालै पोखरा महानगरका प्रमुखको नेतृत्वमा गएको प्रतिनिधिमण्डल र पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट सिछुवान एयरलाइन्सले चङ्तुमा सीधा हवाई सेवा थालेपछि पारस्परिक आदानप्रदान बढेको बताए ।

चङ्तुस्थित महावाणिज्य दूतावासका अनुसार एक वर्षयता चीन र नेपालबीचको सामाजिक-सांस्कृतिक आदानप्रदान पनि बढेको छ । चीनका लागि नेपालका राजदूत कृष्णप्रसाद ओलीले दुई देशबीचको ऐतिहासिक सम्बन्धलाई जनस्तरमा हुने व्यापार, पर्यटन र सांस्कृतिक आदानप्रदानले अझ मजबूत तुल्याएको बताए ।

एक महीनासम्म सञ्चालन हुने सो शृंखलामा सिछुआन प्रान्तका विभिन्न शहरमा स्थानीय उत्पादनको प्रदर्शनी र सांस्कृतिक आदानप्रदानका कार्यक्रमले नेपाल र चीनबीचको सुदृढ सांस्कृतिक, व्यापारिक, आर्थिक एवं जनस्तरको सम्बन्ध सुदृढ बनाउने विश्वास महावाणिज्य दूतावासले व्यक्त गरेको छ । *रासस*

## आन्तरिक पर्यटकको रोजाइमा धुमैया जलाधार क्षेत्र

राँझा । बाँकेको राप्ती सोनारी गाउँपालिका-५ बिनौनाको टड्वास्थित धुमैया जलाधार क्षेत्र पछिल्लो समय आन्तरिक पर्यटकको रोजाइमा परेको छ । सिद्धेश्वरी सामुदायिक वन उपभोक्ता समूहको संरक्षणमा रहेको धुमैया जलाधार क्षेत्रमा नेपालगञ्जको प्रचण्ड गर्मी छल्न आउने आन्तरिक पर्यटकहरू झरनामा नुहाउने, तस्वीर खिच्ने, भिडियो छायांकन गर्ने र वनभोज खाएर रमाउने गरेका छन् । गर्मीयाममा नेपालगञ्ज, कोहलपुरलगायतका सहरबाट आन्तरिक पर्यटकको भीड लाग्ने गरेको स्थानीय चन्द्रप्रकाश रिजालले बताए। जलाधार क्षेत्रमा प्रवेश गर्ने आन्तरिक पर्यटकलाई प्रवेश शुल्क रसिद काट्ने काम गर्दै आएका रिजालले गर्मीयाममा दैनिक ३००-४०० जना घुम्न पुग्ने गरेको जानकारी दिए ।

गर्मीयाममा प्राकृतिक रुपमा बगिरहेको झरनामा नुहाउने र पोखरीमा पौडी खेल्न यहाँ आउने गरेको राप्ती सोनारी-३ बैजापुर निवासी टारजन वलीले बताए। पछिल्लो पटक टाढाबाट समेत मानिसहरु जिप, कार र मोटरसाइकलमा आएर दिनभर रमाउने गरेको उनको भनाइ छ ।

सिद्धेश्वरी सामुदायिक वन उपभोक्ता समूहको सक्रियतामा भएको सामान्य पूर्वाधार विकाससँगै खानेपानीको धारा, पौडी खेल्न मिल्ने पोखरी र वनभोज गर्न मिल्ने सामान्य संरचना निर्माण भएपछि आन्तरिक पर्यटकको आकर्षण बढेको स्थानीय जुद्धबहादुर पुनले बताए। जैविक विविधता, प्राकृतिक सौन्दर्य र सुगम भएकाले आन्तरिक पर्यटकका लागि उत्कृष्ट गन्तव्य बन्दै गएको सिद्धेश्वरी सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष सविन पुनले उल्लेख गरे । ‘बजेट अभावमा पूर्वाधार विकास गर्न सकिएको छैन, तर पनि पछिल्लो समय घुम्न आउने पर्यटकको संख्या बढ्दो छ,’ उनले भने, । *रासस*

## पाँच स्थानीय तहमा जग्गा नापजाँच थालियो



नेपालगञ्ज । बाँकेका पाँच स्थानीय तहमा सुकुमबासी समस्या समाधान आयोगले जग्गा नापजाँच थालेको गरेको छ। जग्गा नापजाँचको काम कोहलपुर नगरपालिका, बैजनाथ गाउँपालिका, खजुरा गाउँपालिका, जानकी गाउँपालिका र राप्तीसोनारी गाउँपालिकामा भइरहेको सुकुमबासी समस्या समाधान आयोग, बाँकेका अध्यक्ष घननाथ खनालले जानकारी दिए । उनले कोहलपुर-७, ९ र १३ वडा, बैजनाथ-७, जानकी-५, खजुरा-६ र राप्तीसोनारी-३, ४, ७ वडामा जग्गा नापजाँचको काम भइरहेको बताए ।

अध्यक्ष खनालले नेपालगञ्जमा सोमवारदेखि नै काम शुरू गरिएको भन्दै डुडुवा र नरैनापुर गाउँपालिकामा लगत संकलन कार्य भइरहेको जानकारी दिए। ‘अझै पनि केही स्थानीय तहमा लगत संकलन सकिएको छैन । तर केही स्थानमा नापजाँच सुरु भइसेकेको छ,’ उनले भने। अहिलेसम्म जिल्लाभर ५३ हजार ७३० कित्ता जग्गाको लगत संकलन भएको छ । यसअघि गठन भएको सुकुमबासी समस्या समाधान आयोगमा सबैभन्दा बढी कोहलपुर नगरपालिकामा १७ हजार ६१५, राप्तीसोनारी गाउँपालिकामा १२ हजार ५२३, बैजनाथमा १० हजार ११२, नेपालगञ्जमा तीन हजार ४२, नरैनापुरमा दुई हजार ३४५ र जानकीमा दुई हजार ८१० कित्ता नापजाँचका लागि निवेदन परेको थियो ।

आयोगका अध्यक्ष खनालले दलित भूमिहीनतर्फ तीन हजार ६८१ कित्तामध्ये ८३९ कित्ता वास्तविक कित्ता भएको र त्यसलाई वडा कार्यालयबाट प्रमाणीकरण गरेको उल्लेख गर्दै भूमिहीन सुकुमबासीतर्फका ६ हजार ७९८ कित्ता रहेको बताए । बाँकेमा ४३ हजार २२६ कित्ता जग्गामा अव्यवस्थित बसोबासी छन् । *रासस*

## झापामा २० हजार हेक्टरमा चैते धानखेती



झापा । झापामा २० हजार हेक्टर जमीनमा चैते धानखेती लगाइएको कृषि ज्ञान केन्द्र, झापाले जनाएको छ । त्यसमध्ये आठ पालिकाको ४८ बिघा जमीनमा कृषि ज्ञान केन्द्रले नै आधुनिक प्रविधिको प्रयोग गरेर परीक्षणका लागि चैते धान रोपेको जनाएको छ ।

मेसिनरीको प्रयोगले खेतीको लागत कम हुने र सजिलो समेत हुने जानकारी किसानलाई दिने उद्देश्यले कृषि यान्त्रिकीकरण प्रदर्शन कार्यक्रम गरिएको छ। सोही अनुसार चैते धान रोपाइँ मेसिनबाट गरिएको केन्द्रका प्रमुख सागर विष्टले जानकारी दिए ।

यस वर्ष १२० हेक्टर जमीनमा आधुनिक कृषि यान्त्रिकीकरणको प्रयोग गरेर चैत धान रोपाइँ भएको उनले बताए । उनका अनुसार विगतमा ज्ञान केन्द्रले नमूना परीक्षणका लागि गरिएका सबै कृषि समूह र सहकारीले यस वर्ष पनि निरन्तर कृषि यान्त्रिकीकरणकै प्रयोग गरेर चैते धानखेती गरेका छन् ।

स्थानीय तहको सहयोगमा किसान समूहको छनोट गरी केन्द्रले विगतदेखि नै हर्दिनाथ-१ धान लगाउन प्रोत्साहन गर्दै आएको छ । उनले भने, ‘अन्य धानको तुलनामा राम्रो उत्पादन हुने हुँदा यही धानको बीउ रोप्न सिफारिस गर्ने गरेका छौं ।’ यो धानको बीउ राखेको दिनदेखि १२० दिनमा पाक्ने उनको भनाइ छ ।

यस वर्ष गौरीगञ्ज गाउँपालिका, गौरादह नगरपालिका, शिवसताक्षी नगरपालिका, कमल गाउँपालिका, बुद्धशान्ति गाउँपालिका, अर्जुनधारा नगरपालिका, भद्रपुर नगरपालिका र हल्दिबारी गाउँपालिकामा कृषक समूहअन्तर्गत कृषियन्त्र प्रयोग प्रदर्शन गरिएको छ । छनोटमा परेका कृषि समूहलाई केन्द्रले धानको बीउ, बीउ राख्ने ट्रे र प्राविधिकलगायतमा सहयोग गरेको जनाएको छ । *रासस*

# तीन विधेयक छलफलका लागि संसदीय समितिमा पठाइयो

काठमाडौं । प्रतिनिधिसभाको सोमवारको बैठकले नागरिकता विधेयकसहित तीन विधेयक छलफलका लागि समितिमा पठाउने प्रस्ताव सर्वसम्मतिले स्वीकृत गरेको छ ।

गृहमन्त्री रमेश लेखकले ‘नेपाल नागरिकता (दोस्रो संशोधन) विधेयक, २०८१ लाई दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस्’ भनी प्रस्ताव पेश गरेका थिए । उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको छ ।

संसद्ले उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीको तर्फबाट भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले ‘निकासी पैठारी (नियमन) विधेयक, २०८१ लाई दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस्’ भन्ने प्रस्ताव पेश गरेकोमा सर्वसम्मत स्वीकृत भएको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले पेश गरेको ‘नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी विधेयक, २०८१ लाई दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस्’ भन्ने प्रस्ताव पनि सर्वसम्मत स्वीकृत भएको हो ।

प्रतिनिधिसभाको बैठकमा ‘बैंकिङ कसुर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८०’ का सम्बन्धमा राष्ट्रिय सभाबाट प्राप्त सन्देश सहितको विधेयक टेबुल भएको छ । प्रतिनिधिसभाका सचिव हर्कराज राईले उक्त सन्देश टेबुल गरेका थिए ।

त्यस्तै, पूर्वाधार विकास समितिका सभापति दीपकबहादुर सिंहले ‘जलस्रोत विधेयकसम्बन्धी समितिको प्रतिवेदन, २०८१’ पेश गरेका थिए। उक्त विधेयकमाथि ५० जना सांसदहरूबाट ३६ दफा र दुई अनुसूचीमा १५७ ओटा संशोधन परेको सभापति सिंहले बताए ।



**प्रतिनिधिसभाको बैठकमा ‘बैंकिङ कसुर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८०’ का सम्बन्धमा राष्ट्रिय सभाबाट प्राप्त सन्देश सहितको विधेयक टेबुल भएको छ ।**

विधेयक र संशोधनमाथि औपचारिक एवं अनौपचारिक गरी विभिन्न बैठकमा छलफल भएको र विषयविज्ञसँग पनि छलफल भएको उनको भनाइ छ । त्यस्तै, शिक्षा, स्वास्थ्य तथा सूचनाप्रविधि समितिका सभापति अम्मरबहादुर थापाले ‘शहीद दशरथचन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयकसम्बन्धी समितिको प्रतिवेदन, २०८१’ पेश गरेका थिए ।

बैठकमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर साह सुडीले ‘मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण (पहिलो संशोधन) विधेयक, २०८१’ लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव पेश गरेका थिए । उक्त प्रस्तावमाथि कुनै पनि विरोधको सूचना प्राप्त नभएपछि कानूनमन्त्री चौरसियाले ‘नेपाल कानून व्यवसायी परिषद् (दोस्रो संशोधन) विधेयक, २०८१ माथि विचार गरियोस्’ भन्ने प्रस्ताव प्रस्तुत गरेका थिए। उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको छ। सोमवारको बैठकमा कानून व्यवसायी परिषद् विधेयकको सैद्धान्तिक पक्षमाथि छलफल भएको थियो । उक्त छलफलमा अशोक चौधरी, दामोदर वैरागी, रञ्जुकुमारी झा, दुर्गा राई, ज्ञानु बस्नेत सुवेदी, प्रेम सुवाल, दयालबहादुर शाहीलगायतले आफ्ना धारणा राखेका थिए ।

नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० लाई संशोधन गरी कानून व्यवसायी परिषद्अन्तर्गत कानून व्यवसायी प्रतिष्ठान (लयर्स एकेडेमी)को स्थापना गर्ने तथा परिषद्ले कानूनी शिक्षालाई स्तरीय र व्यावसायिक बनाउन कानून विषयको स्नातक वा सो सरहको उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाले अध्ययन अध्यापन गराउने पाठ्यक्रमको मापदण्ड निर्धारण गर्ने सम्बन्धमा व्यवस्था गर्न आवश्यक रहेको भन्दै सरकारले यो विधेयक ल्याएको कानूनमन्त्री चौरसियाले बताए ।


त्यसैगरी परिषद्ले कानून व्यवसायीलाई निरन्तर कानूनी शिक्षाको प्रबन्ध गर्ने र सोको लागि आवश्यक पाठ्यक्रम, पाठ्यसामग्री, अनुसन्धान र प्रशिक्षणको व्यवस्था गर्ने उनको भनाइ छ । कानून व्यवसायीको पेशागत आचरणलाई नियमन गर्न, कानून व्यवसायीले पक्षसँग लिने शुल्क बैंकिङ च्यानलमार्फत लिने व्यवस्था गरी कानून व्यवसायीले लिने शुल्क पारदर्शी बनाउन तथा नेपालको संविधानले अवलम्बन गरेको संघीय शासन प्रणाली बमोजिम परिषद्को संरचना प्रदेशसम्म विस्तारका लागि पनि यो विधेयक आवश्यक रहेको कानूनमन्त्री चौरसियाले बताए । *रासस*

### राष्ट्रियसभाबाट पाँचओटै प्रतिस्थापन विधेयक पारित

काठमाडौं । राष्ट्रियसभाले पाँचओटा प्रतिस्थापन विधेयक बहुमतले पारित गरेको छ। सोमवारको बैठकमा सभाका अध्यक्ष नारायणप्रसाद दाहालले सबै विधेयक बहुमतले पारित भएको जानकारी गराए ।

‘सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१’, ‘सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१’, ‘आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१’ तथा ‘निजीकरण (पहिलो संशोधन) विधेयक, २०८१’ र ‘आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१’ पारित गरिएको हो ।

राष्ट्रियसभामा संशोधनसहित दफावार छलफलपछि विधेयक पारित गरिएको हो । पारित विधेयकहरू सोमवार नै राष्ट्रपति रामचन्द्र पौडेलले प्रमाणीकरण गर्नुभएको छ । *रासस*



तस्वीर : रासस

**सुनसरीको इनरुवा नगरपालिका-४ स्थित फलफूल गोदाममा गाडीबाट खरबुजा झार्दै व्यापारी । गर्मी शुरू भएसँगै खरबुजाको विक्री बढेको छ ।**

## बर्दिबासमा 'फोटोन माउन्टेन ईभी'को शोरूम

काठमाडौं (अस) । कमर्सियल भेहिकल्स र दिगो मोबिलिटी सोलुसन्स फोटोन मोटरले सिन्धुलीको बर्दिबासमा 'फोटोन माउन्टेन ईभी'को आधिकारिक शोरूम सञ्चालनमा ल्याएको छ । यो इलेक्ट्रिक पिकअप नेपाल जस्तो विविधतायुक्त र चुनौतीपूर्ण भूभागका लागि विशेष रूपमा डिजाइन गरिएको बताइएको छ । यसको आकर्षक मोडेलले फोटोनको एनोभेसन, दिगोपन र नेपालको सडक तथा भौगोलिक अवस्थाका लागि आवश्यक पर्ने हाइपरफर्मेन्स सोलुसन्स प्रदान गर्ने बताइएको छ ।



नेपाल सरकारले विद्युतीय सवारीसाधनको प्रयोगलाई प्राथमिकता दिइरहेको बेला फोटोन माउन्टेन ईभीको शुरुआत हुनु कार्बन उत्सर्जन र इन्धन निर्भरता घटाउने दिशामा एक महत्त्वपूर्ण कदम रहेको बताइएको छ । सुरक्षा, दक्षता र कार्यसम्पादनको उच्चतम विश्वव्यापी मापदण्ड पालना गर्ने अत्याधुनिक ईभी सार्वजनिक गरेर स्वच्छ ऊर्जा समाधानमा नेपाललाई सघाउन फोटोन प्रतिबद्ध रहेको बताइएको छ । फोटोन मोटरका प्रमुख कार्यकारी अधिकृत तुषार गुप्ताले दिगो एनोभेसनप्रति कम्पनीको रणनीतिक दृष्टिकोण र समर्पणमा जोड दिए । उनले भने, 'विकसित हुँदै गरेको नेपालको यातायात क्षेत्रलाई कार्यसम्पादन, दिगोपन र विश्वसनीयतालाई एकीकृत गर्ने सोलुसन्सको आवश्यकता पर्दछ, फोटोन माउन्टेन त्यसका लागि प्रभावकारी छ ।' फोटोनलाई नेपालमा एमएडब्लू वृद्धि कमर्सियलले आपूर्ति गर्दै आएको छ ।

## सामसङ ग्यालेक्सी फाइभजीका एए५६, एए३६ र एए२६ सार्वजनिक

काठमाडौं (अस) । सामसुङ नेपालले ग्यालेक्सी फाइभजीका ए५६, ए३६ र ए२६ सिरिजका फोन सार्वजनिक गरेको छ । पहिलो पटक ग्यालेक्सी ए सिरिजमा एआई (आर्टिफिसियल इन्टेलिजेन्स) प्रविधि समावेश यी स्मार्टफोनमार्फत थप सृजनशीलता परिभाषित हुने बताइएको छ ।

यसका परिस्कृत टिकाउपनका साथै सुरक्षा र गोपनीयता जस्ता थप विशेषताले प्रयोगकर्तालाई सुरक्षित र दीर्घकालीन मोबाइल अनुभव प्रदान गर्ने कम्पनीको भनाइ छ । ग्यालेक्सी ए५६ र ए३६ अहिले नै बजारमा उपलब्ध छन् भने ग्यालेक्सी ए२६ अप्रिलको पहिलो साताबाट बजारमा आउनेछ ।

सामसुङ नेपालका निर्देशक प्रणयरत्न स्थापितले नयाँ ग्यालेक्सी सिरिजका फोनले ग्यालेक्सीको एआई अनुभवलाई अगाडि ल्याएर 'सबैका लागि एआई'को मान्यतामा अगाडि बढेको बताए । १२/२५६ जीबीको ए५६ को मूल्य ७० हजार ९९९ र ८/२५६ को मूल्य ६५ हजार ९९९ रहेको बताइएको छ । त्यस्तै १२/२५६, ८/२५६ र ८/१२८ जीबी क्षमताको ए३६ को मूल्य क्रमश ५९,९९९, ५४,९९९ र ४८,९९९ रुपैयाँ रहेको छ । ए२६ को मूल्य ४५ हजार ९९९ रुपैयाँ कायम गरिएको र यो फोनको स्टोरेज क्षमता ८/५६ जीबीको रहेको बताइएको छ । इच्छुक ग्राकहले सबै फोन मासिक २ हजार ३०० रुपैयाँ किस्ताबन्दीमा किन्न सक्ने कम्पनीले जानकारी दिएको छ ।

## सहकारीमा बचतको सीमा निर्धारणमा जोड

काठमाडौं । राष्ट्रियसभाका सांसदहरूले सहकारी संस्थामा बचत गर्ने रकमको सीमा निर्धारण गर्नुपर्नेमा जोड दिएका छन् । राष्ट्रियसभाको सोमवारको बैठकमा सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथिको दफावार छलफलका क्रममा सांसद तुलप्रसाद विश्वकर्माले रू. १० करोडभन्दा कम कारोबार हुने सहकारी संस्थाको सञ्चालक समितिका पदाधिकारीको कार्यकाल बढीमा दुई पटकसम्म हुने व्यवस्था गर्नु उचित नहुने बताए । 'सहकारी बचतको सीमा निर्धारण गर्नुपर्ने छ । बचत तथा ऋणको सीमा निर्धारण गरिएमा सहकारीबाट ठगिने आत्महत्यासम्मको बाटो अपनाउनुपर्ने अवस्था आउने छैन,' उनले भने ।

सांसद विष्णुबहादुर विश्वकर्माले सहकारी सञ्चालक समितिको अध्यक्ष र सदस्यको पदावधिको औचित्यका आधारमा सिफारिस भएमा मात्रै पुर्ननियुक्ति गर्नुपर्ने प्रावधान राखिनुपर्ने सुझाव दिए । सांसद कृष्णप्रसाद अधिकारीले नियत खराब भएका सहकारीको सम्पत्ति जफत गर्ने गरी ऐनले बाटो खोल्नुपर्ने तथा नियमन र अनुगमन बढाउन कानूनी ढोका खोलिनुपर्नेमा जोड दिए । छलफलमा सांसदहरू राजेन्द्रलक्ष्मी गैरै, मनरुपा शर्मा, घनश्याम रिजाल, गंगाकुमारी बेलबासेले भाग लिएका थिए । बैठकमा उठेका प्रश्नको जवाफ दिँदै भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारणमन्त्री बलराम अधिकारीले कानून आवश्यकताअनुसार बनाउने बताए । *रासस*

## औद्योगिक प्रदर्शनीमा अछामदेखि इलामसम्मको उत्पादन



चितवन (अस) । चितवन उद्योग संघको आयोजनामा 'नवौं अन्तरराष्ट्रिय औद्योगिक प्रदर्शनी' सम्पन्न भएको छ । पाँच दिनसम्म चलेको प्रदर्शनीमा अछामको कृषि उत्पादनदेखि धनकुटाको ढाका, दारको ठेकी, संखुवासभाको सखर, इलामको प्रांगारिक चियासम्मको नेपाली रैथाने उत्पादन राखिएको थियो । चितवनको स्थानीय उत्पादन घरेलु तानबाट बनाइएको गलैंचा, काठबाट बनेका घरायसी प्रयोजनमा आवश्यक सामग्री समेत मेलामा राखिएका थिए । स्वदेशी उत्पादनलाई प्रवर्द्धन गर्नेगरी प्रदर्शनीको आयोजना गरिएको संघले जानकारी दिएको छ ।

संखुवासभाबाट सखर प्रदर्शन गर्न आएका दिलबहादुर मगरले गाउँघरमा कोलमा पेलेको उखुको रसबाट बनाइएको सखर चखाएर यसका फाइदाबारे परामर्श दिएको बताए । बगान अर्ग्यानिक टि कलेक्टिभ हबले इलामको चिया प्रदर्शनमा राखेको थियो । बगानका सञ्चालक राम चौहानले हिमालमा पाइने अपराजिता फूलदेखि लालचन, बेलचन, लालीगुराँसलगायत पहाडी क्षेत्रमा उत्पादन हुने जडीबुटीजन्य चियासमेत प्रदर्शनमा राखेको बताए । 'बजारमा आउने खालका चियाको मूल्य समान छ,' उनी भन्छन्, 'तर, उच्च गुणस्तरको चियाको लागत खर्चअनुसार हामीले ज्यादै कम मूल्य राखेका छौं ।'

अछामकी पशुपति कुँवर महिलाका लागि आवश्यक सेनिटरी प्याडको बजारीकरणका लागि चितवन आएकी थिइन् । महिला दिदीबहिनीले नै उत्पादन गरेको प्याडको प्रयोग गर्दा स्वास्थ्य तथा आर्थिक दृष्टिकोणबाट हुने फाइदाबारे उनले अवलोकनकर्तालाई जानकारी गराउँदै थिइन् । धनकुटाबाट नेपाली कपडाको प्रदर्शन गर्न आएकी रविना लिम्बूले सरकारले स्वदेशी उत्पादनको क्षेत्रमा आवश्यकताअनुसार लगानी गर्न नसकेको बताइन् । 'कानूनी झन्झट त छँदै छ, देशमै स्वरोजगार बन्न चाहनेका लागि राज्यले गर्नुपर्ने सहयोग गरेको पाइँदैन,' उनी भन्छिन्, 'कम्तीमा घरेलु उद्योगमा आवश्यक पर्ने यन्त्र उपकरण तथा बजारीकरणको व्यवस्थापनमा राज्यले ध्यान दिने हो भने कुनै पनि उद्यमीले आफ्नो हातको शीप खेर फाल्नु पर्दैन ।'

## सौन्दर्य ब्रान्ड पन्ड्स अब 'पन्ड्स स्किन इन्स्टिट्युट'

काठमाडौं (अस) । सौन्दर्य ब्रान्ड पन्ड्सले छाला सम्बन्धी समस्याको समाधानका लागि महिलालाई नवीनतम विज्ञानको साथ उत्कृष्ट त्वचा सम्बन्धी चमत्कारी परिणाम दिने उद्देश्यका आफ्नो नाम परिवर्तन गरेको छ ।

विज्ञानमा आधारित फर्मुलाले उपभोक्तामा आशा र त्वचामा वास्तविक परिवर्तन ल्याउने लक्ष्य राखी पन्ड्स ब्रान्डको दृश्य पहिचानलाई परिवर्तन गर्दै पन्ड्स स्किन इन्स्टिट्युटमा नाम परिवर्तन गरेको बताइएको छ, जसले ब्रान्डको आधारभूत विषयवस्तुहरू अनुसन्धान, विज्ञान र विशेषज्ञतालाई उजागर गर्ने अपेक्षा गरिएको छ ।

इन्स्टिट्युटले आफ्ना फर्मुलामा तीन प्रमुख इन्ग्रिडिएन्ट प्रस्तुत गरेको बताएको छ । यसमा समावेश निआसिनामाइड, हायल्यूरोनिक एसिड र एक्टिभेट चारकोल इन्ग्रिडिएन्ट त्वचाको विशेष समस्यामा लक्षित छ । ब्रान्डले नयाँ र नवप्रवर्तनको माध्यमबाट नेपालमा विश्वव्यापी गुणस्तरअनुसार उपभोक्तालाई उत्तम समाधान दिने उद्देश्य राखेको बताइएको छ ।

१७५ वर्षभन्दा लामो समयदेखि स्थापित पन्ड्स ब्रान्ड ६० भन्दा बढी देशहरूमा पुगेको कम्पनीले जानकारी दिएको छ । ७०० वैज्ञानिक तथा अनुसन्धानकर्ता र ५ ग्लोबल अनुसन्धात्मक सेन्टरको मद्दतले स्थापित हुन सहयोग पुगेको कम्पनीको भनाइ छ । युनिलिभर नेपाल लिमिटेडका मुख्य कार्यकारी अधिकृत तथा प्रबन्ध निर्देशक अम्लन मुखर्जीले पन्ड्स स्किन इन्स्टिट्युट उपभोक्तासँग समकालीन र सान्दर्भिक रहन चाहेको बताए । उनले भने, 'उपभोक्ताहरू हाम्रो ब्रान्डको मुटु हुन्, त्यसैले हामी उनीहरूलाई निरन्तर बुझ्दै आवश्यकता पूरा गर्न नयाँ उत्पादन प्रस्तुत गर्न सक्छौं ।'

## आयोजना प्रभावित क्षेत्रमा माथिल्लो त्रिशूली-१ को सहयोग



काठमाडौं (अस) । रसुवामा निर्माणाधीन २१६ मेगावाट जडित क्षमताको माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनाले आयोजना प्रभावित आमाछोदिङमो गाउँपालिकालाई एम्बुलेन्स प्रदान गरेको छ । विपद्, दुर्घटना एवम् गम्भीर प्रकृतिका रोगबाट प्रभावित घाइते, सुत्केरीलगायत आयोजना प्रभावित क्षेत्रका बासिन्दालाई मानवीय सेवा पुऱ्याउने उद्देश्यले गाउँपालिकालाई आधुनिक सुविधा सम्पन्न एम्बुलेन्स प्रदान गरिएको बताइएको छ ।

आयोजनाको सामुदायिक सहयोग कार्यक्रमअन्तर्गत प्रदान गरिएको एम्बुलेन्स आयोजना प्रभावित आमाछोदिङमो गाउँपालिका-१ हाकुस्थित हाकु हेल्थ पोष्टले सञ्चालन गर्नेछ । आयोजना प्रभावित अर्को उत्तरगया गाउँपालिकालाई पनि छिट्टै एम्बुलेन्स प्रदान गरिने बताइएको छ । एम्बुलेन्सबाट आयोजना प्रभावित क्षेत्रका बिरामी तथा घाइतेलाई समयमै अस्पतालसम्म पुऱ्याई जीवन रक्षा गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

आयोजनाको प्रवर्द्धक नेपाल वाटर एण्ड इनर्जी डेभलपमेन्ट कम्पनी प्रालिका प्रमुख कार्यकारी अधिकृत बायोङ सु मिनले सोमवारको एक कार्यक्रमका बीच एम्बुलेन्सको चाबी गाउँपालिकाका अध्यक्ष बुचुङ तामाङलाई हस्तान्तरण गरेका हुन् । आयोजनाले प्रभावित क्षेत्रमा सामुदायिक सहयोग कार्यक्रममार्फत हालसम्म करीब १७ करोड रुपैयाँ खर्च गरेको बताइएको छ । कोरियन कम्पनीहरूको अगुवाइमा प्रत्यक्ष वैदेशिक लगानीमा रसुवाको आमाछोदिङमो गाउँपालिका-१ हाकुमा आयोजनाको बाँधलगायतका संरचना र उत्तरगया गाउँपालिका-१ मा भूमिगत विद्युत्गृह लगायतका संरचना निर्माणाधीन छन् ।

## तीन करोड लागतमा बन्यो लेगुवा खोला पक्की पुल



भोजपुर । पूर्वाधार विकास कार्यालयअन्तर्गत धनकुटाको लेगुवा खोलामा पक्की पुल निर्माण सम्पन्न भएको छ । यहाँ ३ करोड २१ लाख रुपैयाँ लागतमा पक्की पुल निर्माण सम्पन्न भएर सञ्चालनमा आएको हो । लामो समयदेखि खोलामा पुल नहुँदा स्थानीयले समस्या झेल्दै आएका थिए । लेगुवा खोलामा कोशी प्रदेश सरकारको ३ करोड २१ लाख रुपैयाँ लागतमा २२ मिटर लम्बाइ र ११ मिटर चौडाइको पक्की पुल निर्माण गरिएको पूर्वाधार विकास कार्यालयका प्रमुख राजनराज रेड्डीले जानकारी दिए । 'लेगुवा खोला पक्की पुल निर्माण सम्पन्न गरेका छौं,' प्रमुख रेड्डीले भने, 'यहाँका स्थानीयको समस्यालाई ध्यानमा राखेर पुल निर्माण कार्यलाई प्राथमिकताका साथमा अघि बढाएका थियौं, पुल सञ्चालनमा आएपछि स्थानीयलाई आवतजावतमा सहजता बनेको छ ।'

पुल निर्माणले स्थानीयको जनजीवनमा सहजता थपिएको महालक्ष्मी नगरपालिकाका प्रमुख ध्रुवराज रायाले बताए । वडा नं २ र ३ लाई जोड्ने लेगुवा खोलामा पुल बनेपछि नगरपालिका केन्द्रसम्म पुग्ने दूरी छोटिएको प्रमुख रायाको भनाइ छ । 'लामो समयको प्रतीक्षापछि लेगुवा खोला पक्की पुल सञ्चालनमा आएको छ,' प्रमुख रायाले भने, 'यहाँ पुल नहुँदा नागरिकलाई नगरपालिकासम्म आउन नै समस्या थियो, उत्पादित कृषि उपजको बजारीकरणका लागि सहज भएको छ ।' पुल निर्माण सम्पन्न भएपछि सवारी आवतजावत शुरुआत गरिएको छ । धेरै समस्याका बीच पुल तोकिएको मापदण्डअनुसार निर्माण सम्पन्न गरेको निर्माण कम्पनी मार्सेली, युडी जेभीका प्रतिनिधि उत्तम खड्काले बताए ।

खोलामा पक्की पुल नहुँदा संखुवासभा जिल्ला घुम्नुपर्ने बाध्यता रहेकामा अहिले सहजता भएको स्थानीय पुष्प कार्कीले बताए । पुल बनेपछि जोखिम मोलेर खोला पार गर्नुपर्ने अवस्थाको अन्त्य भएको उनको भनाइ छ । 'वर्षातको समयमा यो खोला तर्न सक्ने अवस्था थिएन,' उनले भने, 'खोलामा बाढी आउँदा संखुवासभा जिल्लाको सडक भएर नगरपालिका केन्द्र जानुपर्ने अवस्था थियो, पुल बनेपछि हाम्रो दैनिकी सहज बनेको छ ।' *रासस*

## मुटु रोग उपचारका लागि टोखा नगरवासीलाई ५० हजार



काठमाडौं । काठमाडौंको टोखा नगरपालिकाले मुटु रोग उपचारका लागि नगरवासीलाई उपचारका लागि रू. ५० हजारसम्म उपलब्ध गराउने भएको छ । काठमाडौंको उत्तरी क्षेत्रमा रहेको टोखाले आर्थिक वर्ष २०८१/८२ को हिउँदे नगरसभाबाट संशोधन गरेर रू. १० लाख बजेटबाट नगरवासीलाई मुटु रोग उपचारमा रू. ५० हजारसम्म सहयोग गर्न लागेको हो ।

टोखाले नगरवासीलाई मुटु रोग उपचारका लागि आइतवार शहीद गंगालाल हृदयरोग केन्द्रसँग सम्झौतासमेत गरेको छ । सम्झौतापत्रमा टोखा नगरपालिकाका तर्फबाट नगर प्रमुख प्रकाश अधिकारी र अस्पतालका तर्फबाट कार्यकारी निर्देशक प्राडा रवि मल्लले हस्ताक्षर गरेका छन् ।

कार्यक्रममा नगरपालिकाका प्रमुख प्रकाश अधिकारीले मुटु रोग उपचारका लागि नगरवासीलाई थोरै भए पनि राहत पुग्ने उद्देश्यले उक्त कार्यक्रमलाई अगाडि बढाइएको बताए । 'टोखाले वडाको सिफारिसका आधारमा प्रतिव्यक्ति रू. २५ हजार र गरीब तथा विपन्न वर्गका लागि रू. ५० हजारसम्म सहयोग गर्नेगरी सम्झौता गरेको छ, यसले टोखाका बासिन्दालाई थोरै भए पनि मुटुरोगको उपचारमा सहयोग पुग्नेछ,' नगरप्रमुख अधिकारीले भने ।

उक्त सेवा लिनका लागि नगरवासीले स्थायी बसोबास गरेको देखिने नागरिकताको प्रमाणपत्र, बसाइँसराइको प्रमाणपत्र, अतिविपन्न नागरिक भएको वडा कार्यालयको सिफारिसपत्र आवश्यक पर्नेछ । यस्तै, नगरभित्र स्थायी बसोबास गर्ने जोसुकैले पनि मुटुको उपचार गर्दा रू. २५ हजार सहयोग पाउनेछन् ।

बिरामीको उपचार गरेपश्चात् सम्झौताअनुसारको रकम लिनका लागि अस्पतालले नगरपालिकामा आवश्यक कागजात पेस गरेर मात्र लिन सक्ने व्यवस्था सम्झौतापत्रमा उल्लेख गरिएको छ । अस्पतालका कार्यकारी निर्देशक प्राडा मल्लले नगरपालिकाको सम्झौताअनुसार अस्पतालले सेवा प्रदान गर्ने बताए । कार्यक्रममा टोखाका उपप्रमुख मुरारी तामाङ, प्रमुख प्रशासकीय अधिकृत शेरबहादुर विसीलगायत टोखाभित्रका वडाअध्यक्षहरूको सहभागिता थियो । *रासस*

## नेपाललाई क्षेत्रीय आइटी हब बनाउन सकिन्छ : मन्त्री गुरुङ

काठमाडौं । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले नेपाललाई क्षेत्रीय आइटी हबका रूपमा विकास गर्न सकिने धारणा व्यक्त गरेका छन् । एसिया प्यासिफिक टेलिकम्युनिटी (एपिटी), सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र नेपाल दूरसञ्चार प्राधिकरणद्वारा सोमवार यहाँ आयोजित ३४औं 'मिटिङ अफ द एपिटी वायरलेस ग्रुप'को कार्यक्रममा उनले यसका लागि मन्त्रालय निजी क्षेत्रसँग सहकार्य गर्न तयार रहेको बताए ।

आइटी हबको विकासका लागि आर्टिफिसियल इन्टेलिजेन्स (एआई)सम्बन्धी नीति ल्याउने तयारी गरिरहेको उल्लेख गर्दै उनले प्रमुख शहरमा फाइभजी सेवा विस्तार गर्ने योजना रहेको उल्लेख गरे । 'आगामी आर्थिक वर्षको अन्त्यसम्म सबै स्थानीय तहमा ब्रोडब्याान्ड सेवा विस्तार र मुलुकका प्रमुख शहरमा फाइभजी सेवा विस्तार गर्छौं,' उनले भने ।

नेपाल सरकारका प्रवक्ता समेत रहेका मन्त्री गुरुङले प्रभावकारी सञ्चार आर्थिक वृद्धि, अन्तरआबद्धता र नवीनताका लागि जरुरी भएको बताए । उनले भने, 'वायरलेस प्रविधि नेपाल जस्तो पहाडी र हिमाली देशका लागि वरदान हो । सूचना प्रविधि र डिजिटल अर्थतन्त्रको सम्भावना भएका क्षेत्रलाई एकीकृत गर्ने समय आएको छ ।'

उनले नेपाललाई क्षेत्रीय आइटी केन्द्रका रूपमा विकास गर्न एपिटीसँग सहकार्य जरूरी भएको बताए । उनले नेपाल डिजिटाइजेसनलाई बढावा दिन, स्पेक्ट्रम दक्षता प्रवर्द्धन गर्न र नयाँ पुस्ताको सञ्चार प्रविधि अँगाल्न तयार रहेको समेत बताए ।

त्यस अवसरमा सञ्चार मन्त्रालयका सचिव राधिका अर्यालले नेपालले सूचना प्रविधिको विस्तार तथा विकासमा फड्को मार्दै गइरहेको बताइन् । उनले यसका लागि मन्त्रालयले काम गरिरहेको उल्लेख गरिन् ।

एपिटीका महासचिव मासानोरी कोन्डोले स्पेक्ट्रम हार्मोनाइजेनस, रेडियो कम्युनिकेशन र यसका बहुराष्ट्रिय प्रभावबारे छलफलका लागि यो एक सशक्त समूह रहेको बताए । उनले ती विषयमा १२ ओटा सिफारिस र १८४ ओटा प्रतिवेदन तयार भइसकेको जानकारी दिए । *रासस*


## घरघरै खानेपानी सुविधाले स्थानीयको दिनचर्यामा सहज

बन्दीपुर (तनहुँ) । तनहुँको भानु नगरपालिका-३ खहरेमा घरघरै खानेपानीको धारा आएपछि स्थानीयवासीलाई सहज भएको छ । लामो समयसम्म एक गाग्री खानेपानीका लागि घण्टौं कुर्नुपर्ने समस्या भोगेका स्थानीयवासी घर-घरमा जडान गरिएका धाराबाट पानी आउन थालेपछि हर्षित बनेका हुन् ।

खानेपानीको समस्या झेल्दै आएका खहरे, दोरदोरटार र चिप्लेटीका स्थानीय घरघरै धारा जडानपछि नाम्लो र डोको बोक्नुपर्ने बाध्यता हटेको बताउँछन् । आयोजनाको नेपाली कांग्रेस केन्द्रीय सदस्य गोविन्द भट्टराईले तनहुँको अधिकांश ठाउँमा शुद्ध खानेपानीको पहुँच पुऱ्याउने उद्देश्यले १० वर्षसम्म निरन्तर गाउँलेसँग सहयात्रा गरी विभिन्न निकाय धाउँदै अहिले निर्माण सम्पन्न भएकोमा खुशी लागेको बताए ।

आयोजना सम्पन्न भएपछि खहरेलगायत गाउँका तीन सय ८४ धुरीमा खानेपानीको धारा जडान गरेपछि पानीको समस्या झेल्नु परेको छैन । प्रशस्त पानी आएपछि स्थानीय तरकारीखेती गर्न थालेको चिप्लेटी खहरे खानीपानी आयोजनाका अध्यक्ष टीकाराम श्रेष्ठले बताए ।

यहाँ विगतमा एउटै टोलका २० वटा घरधुरीले एउटै धारामा पानी खाँदै आएकोमा अहिले एक घर, एक धारा निर्माण गरी घर-घरमै खानेपानी पुऱ्याइएको छ । डिभिजन खानेपानी कार्यालय तनहुँको दुई करोड ५० लाखको लगानीमा दोरदोरबाट दुई वटा ट्यांकीमा पानी ल्याइएको खानेपानी उपभोक्ता समितिका अध्यक्ष श्रेष्ठले बताए ।



**लामो समयसम्म एक गाग्री खानेपानीका लागि घण्टौं कुर्नुपर्ने समस्या भोगेका स्थानीयवासी घर-घरमा जडान गरिएका धाराबाट पानी आउन थालेपछि हर्षित बनेका हुन् ।**

भानु नगरपालिका-३ खहरेकी स्थानीयवासी दिलसरा गुरूङले खुशी व्यक्त गर्दै पानी बोक्न टाढा जानुनपर्ने भन्दै घरघरमै पानी आउनाले सजिलो बनाएको बताइन् ।

त्यसैगरी, सोममाया श्रेष्ठले पनि पानी घरमै आउन थालेपछि आफ्नो धेरै पहिलेदेखिको बाध्यता हटेको सुनाउँदै भनिन्, 'पानीको लागि लामो समय पर्खनुपर्दैन, अब सबै कुरा सहज छ । राति नै गएर पानीको लागि लाइन बस्नु पर्दैन, समय बचत भएपछि अहिले किराना व्यवसायतर्फ पनि समय दिन थालेको छु र त्यसबाट केही पैसा आम्दानीसमेत हुन थालेको छ ।'

स्थानीय अप्सरा तामाङलाई पहिले पानी लिन बिहानै उठेर घण्टौं लाइनमा बस्नुपर्थ्यो, तर अब घरमै पानी आएसँगै, उनलाई त्यस्तो समस्याको सामना गर्नुपर्ने छैन । 'पहिले बिहानको समय नै यति धेरै जान्थ्यो, अब छिट्टै पानी पाइन्छ,' उनले भनिन् । अहिले खानेपानी वितरण प्रणालीलाई व्यवस्थित गरेपछि सुख्खायाममा स्रोत सुक्दा खानेपानीको जोहो गर्न मुस्किल हुँदै आएकोमा अब यो समस्याको समाधान भएको भानु नगरपालिका प्रमुख आनन्दराज त्रिपाठीले बताए । गाउँमा खानेपानी आएपछि उपभोग गर्न पाएपछि स्थानीय बासिन्दामा उत्साह थपिएको छ । खानेपानी समितिले संघसंस्था विद्यालय अस्पताल ज्येष्ठ नागरिक भवनलगायतलाई निःशुल्क पानी उपलब्ध गराएको छ । *रासस*

सा‌म्यवाद असफलताको दर्शन, अज्ञानताको विश्वास र डाहको उपदेश हो ।
**- विन्स्टन चर्चिल**

सम्पादकीय

# खैरो सूचीमा फसिरहने आशंका

**देशमा शंकास्पद कारोबार र गतिविधिको रिपोर्टिङ ५ वर्षमा झन्डै सात गुणा बढेको सम्पत्ति शुद्धीकरणसम्बन्धी सूचना संकलन र विश्लेषण गर्दै आएको वित्तीय जानकारी इकाइले बताएको छ । यति धेरै संख्यामा शंकास्पद कारोबार भए पनि त्यसको अनुसन्धान र अभियोजन भने निकै कम छ। यसले एकातिर सम्पत्ति शुद्धीकरणसम्बन्धी कानून कार्यान्वयन संयन्त्रहरू कमजोर छन् भन्ने संकेत गर्छ भने अर्कातिर फाइनान्सियल एक्शन टास्क फोर्स (एफएटीएफ) को जोखिमपूर्ण सूची (खैरो सूची) मा पर्नु स्वाभाविक भएको र अझै यसैको गोलचक्करमा फसिरहने र त्यसबाट उम्कन कठिन हुने आकलनसमेत गर्न थालिएको छ।**

**एफएटीएफले कानून कार्यान्वयन कमजोर रहेको भन्दै नेपाललाई खैरो सूचीमा राखेको छ। यसबाट बाहिर आउन उसले दिएको सुझावअनुसार फटाफट काम गर्नुपर्नेमा उल्टो शंकास्पद कारोबार र गतिविधिको संख्या बढेको देखिनु चिन्ताको विषय हो । एफएटीएफ सम्पत्ति शुद्धीकरण तथा आतंकवादी लगानी नियन्त्रण सम्बन्धमा अन्तरराष्ट्रिय मापदण्ड बनाउने अन्तरराष्ट्रिय अन्तरसरकारी निकाय हो । यसले नेपालको सम्पत्ति शुद्धीकरण निवारणका प्रक्रियाको मूल्यांकन गरेर सुधारमा चित्त नबुझाई खैरो सूचीमा राखेको हो। तर, सरकारी अधिकारीहरू सहजै यो सूचीबाट हट्ने दाबी गरिरहेका छन्। एफएटीएफले सम्पत्ति शुद्धीकरण रोक्न नेपालले लिएको नीति, बनाएका कानून, कानून कार्यान्वयनको अवस्था इत्यादि विश्लेषण गर्छ। यसका लागि उसले मूल्यांकनका विभिन्न मापदण्ड बनाएको छ। त्यही मापदण्ड पूरा गर्न नसक्दा नै नेपाल खैरो सूचीमा परेको हो।**

**वित्तीय जानकारी इकाइले आइतवार सार्वजनिक गरेको वार्षिक प्रतिवेदन २०८०/८१ अनुसार सूचक संस्थाहरूले आर्थिक वर्ष (आव) २०७६/७७ मा १ हजार ९० ओटा यस्तो कारोबारको रिपोर्टिङ गरेकोमा गत आव २०८०/८१ मा त्यस्तो संख्या ७ हजार ३३८ पुगेको छ । गत आवमा शंकास्पद कारोबार र गतिविधिको रिपोर्टिङ २४ प्रतिशतले वृद्धि भएको छ। बैंक तथा वित्तीय संस्था,**

- **शंकास्पद कारोबार र गतिविधिको संख्या बढेको देखिनु चिन्ताको विषय हो।**
- **संख्या बढ्नु तर अनुसन्धान र अभियोजन कम हुनुले सम्पत्ति शद्धीकरण रोक्ने कानून कार्यान्वयनमा नेपाल चुकेको प्रमाणित हुन सक्छ।**

**बीमा कम्पनी, सहकारी, विप्रेषण कम्पनी, क्यासिनो, सुनचाँदी व्यवसाय, शेयरबजार आदिबाट शंकास्पद कारोबारको सूचना वित्तीय जानकारी इकाइलाई दिनुपर्ने कानूनी व्यवस्था छ। अहिले बढेको यस्तो संख्यामा सबै क्षेत्रको सूचक परेका छैनन् किनभने तिनले यस्तो कारोबारको सूचना इकाइलाई दिएका छैनन्। नेपालमा घरजग्गा र सहकारी र सुनको कारोबारबाट सम्पत्ति शुद्धीकरण भएको आशंका छ जसबारे इकाइमा जानकारी गराइएको छैन।**

**सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले ज्यादै कम मात्रै सम्पत्ति शुद्धीकरणको अभियोजन दर्ता गराएको पाइन्छ। १३ वर्षका अवधिमा जम्मा १०१ मुद्दा दायर गरेको र त्यसमा अत्यधिक अभियोग पुष्टि भएको देखिन्छ। संख्या बढ्नु तर अनुसन्धान र अभियोजन कम हुनुले सम्पत्ति शद्धीकरण रोक्ने कानून कार्यान्वयनमा नेपाल चुकेको प्रमाणित हुन सक्छ। त्यसैले विभाग निकै चुस्त हुन आवश्यक छ।**

**विभिन्न सूचक संस्थाबाट प्राप्त सूचनाको प्रारम्भिक अध्ययनपछि इकाइले थप कारबाहीका लागि सम्बद्ध निकायमा पठाउँछ । गत आवमा आएका शंकास्पद कारोबारका सूचनामध्ये इकाइले ८८९ ओटा अनुसन्धानका लागि विभिन्न निकायमा पठाएको थियो। तीमध्ये सबैभन्दा बढी नेपाल प्रहरीमा ६१५ ओटा सूचना पठाएको छ। त्यसैगरी राजस्व अनुसन्धान विभागमा १९७, सम्पत्ति शुद्धीकरण विभागमा ६०, आन्तरिक राजस्व विभागमा ३८, राष्ट्र बैंकमा ३७, अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा १९, नेपाल धितोपत्र बोर्डमा ३, समाज कल्याण परिषद्मा २ र नेपाल बीमा प्राधिकरणमा एउटा सूचना आवश्यक कारबाहीका लागि सिफारिश गरिएको इकाइले बताएको छ । सम्पत्ति शुद्धीकरण प्राथमिक अपराध होइन। अन्य क्षेत्रमा अपराध नगरी सम्पत्ति शुद्धीकरण हुँदैन । तस्करी, हत्या, जुवा, भ्रष्टाचार, किर्तेजस्ता अपराधबाट गैरकानूनी आर्जन भएपछि मात्रै त्यसको शुद्धीकरण हुने हो । त्यसैले सम्पत्ति शुद्धीकरण निवारणमा ३० भन्दा बढी निकाय प्रत्यक्ष रूपमा संलग्न छन् । यी सबै संयन्त्र सक्रिय भएमा मात्रै सम्पत्ति शुद्धीकरण कम गर्न सकिन्छ । एफएटीएफले खैरो सूचीबाट हट्न नेपालको ७ बुँदे एक्सन प्लान स्वीकृत गरेको छ। त्यसैले कानून कार्यान्वयन संयन्त्रहरूले यसमा सक्रिय हुन आवश्यक छ।**

# निर्यात प्रवर्द्धनमा समानुपातिक प्राथमिकता

## उत्पादनको प्रचारमा नवीन सोच आवश्यक



**नेपालमा पनि केही सृजनशील उद्यमीहरूले आफ्ना वस्तुको प्रचारप्रसारमा स्टोरी सेलिङको अवधारणालाई व्यवहारमा उतार्न थालेका छन्। तेस्रो ध्रुव भनी चिनिने नेपालको हिमाली र उच्च लेकाली भेगका उत्पादनलाई यस विधिबाट राष्ट्रिय र अन्तरराष्ट्रिय बजारमा स्थापित गर्न सकिन्छ।**

**कृष्णराज बजगाईं**

निर्यातमा कुनकुन वस्तुले किन प्राथमिकता पाउँछन् कुन वस्तुले किन प्राथमिकता पाउँदैनन् भन्ने विषयमा आम गुनासो रहेको छ । देशमा जुन वस्तु जुन आयतनमा निर्यात भइरहेको छ सोहीअनुरूप प्रवर्द्धनात्मक क्रियाकलापमा सरकारको यथोचित सहयोग हुनुपर्छ भन्ने सम्बद्ध क्षेत्रका व्यवसायीहरूको माग छ । यसरी कुनै वस्तुले अधिक र नियमित सहयोग पाइरहने तर कुनै वस्तु सरकारको प्राथमिकतामा कहिल्यै पनि नपर्ने अवस्थाबाट मुक्ति पाउन देहायका दुईओटा क्षेत्रमा विशेष ध्यान जानु आवश्यक छ ।

### सबै वस्तुका लागि समानुपातिक प्राथमिकताका आधारमा प्रवर्द्धन

'बोल्नेको पीठो बिक्छ नबोल्नेको चामल पनि बिक्दैन' भन्ने उखान नेपालको निर्यात क्षेत्रमा पनि जस्ताको त्यस्तै लागू हुन्छ । नेपालमा निर्यात क्षेत्रका विषयमा विचार विमर्श, चर्चा र प्राथमकिता (नीतिनिर्धारण, सबलीकरण र बजेट आबटन) हरूमा पनि विगत लामो समयदेखि बोल्ने र प्रचार गर्न सक्ने वर्गको हालीमुहाली हुने गरेको छ । निर्यातको प्राथमिकता निर्धारणमा उपत्यकाभित्र र उपत्यकाबाहिरका उत्पादनहरूमा पनि बोल्नेको पीठो बिक्छ नबोल्नेको चामल पनि बिक्दैन भन्ने मान्यताले जरो गाडेर बसेको छ । माथि उल्लेख गरिएको मान्यताबाट ग्रस्त नेपालको निर्यात क्षेत्रको प्राथमिकीकरणमा नपरेका प्रतिनिधिमूलक ३९ ओटा वस्तु (घ्यू, बिरुवा, फूल, काउली, बन्दा, च्याउ, दालचिनी, बेसार, बाँस र बाँसका उत्पादन, कत्था, रूद्राक्ष, अग्रेलीको बोक्रा, रिट्ठा, अम्रिसो, चाउचाउ, चिउरा, दालमोठ, पापड, भुजिया, बियर, रम, ढुटो, पिना, छुर्पी, जनावरको आहारा, सुर्तीजन्य उत्पादन, धूप, खोटो, प्लास्टिकका उत्पादन, काठका उत्पादन, बास्केटहरू, कागजको पल्प, नकली कपाल, सेरामिक्सका उत्पादन, काँचका सामान, ट्रान्सफर्मर, चिकित्सीय लेन्स, चश्मा, संगीतका सामान, फर्निचर, चटाई, क्रिसमसका सामग्री, झाडु, ब्रस, फस्नर, बटन, डड्पेन) को यहाँ संक्षिप्त चर्चा गरिएको छ ।

सारमा भन्दा नेपालको निर्यातयोग्य वस्तुलाई नीति निर्माण तहमा पहुँच भएका र पहुँच नभएका गरी दुई भागमा वर्गीकृत गर्न सकिन्छ । उपत्यकाबाहिरका एवम् नीति निर्माण तहमा पहुँच नभएका निर्यातयोग्य उद्योगका उत्पादनहरूलाई मूलधारमा ल्याउने सोच, विधि र संयन्त्रको विकास हुन सकेको छैन । सीमित र प्रारम्भिक चरणका भौतिक संरचनाहरू, सेवामा कमजोर पहुँच, सीमित आर्थिक अवसर, मानव संसाधनको कमी, कठिन जीवनयापन, शासकीय चुनौतीका कारण यसै पनि पछि परेका यी निर्यातयोग्या उद्योगहरू सरकारको नीति प्राथमिकतामा नपर्दा प्रतिस्पर्धामा पछाडि परेको यथार्थ हाम्रासामु छ ।

### निर्यातयोग्य वस्तुहरूको प्राथमिकता परीक्षण (प्रायोरिटी अडिटिङ) :

उपर्युक्त पक्षलाई दृष्टिगत गर्दै विभिन्न खालका क्षेत्रगत परीक्षण जस्तै निर्यात क्षेत्रमा प्राथमिकता प्राप्त गर्ने क्षेत्रमा पनि यसको लेखापरीक्षण हुन आवश्यक छ । यस परीक्षण अधिक प्राथमिकता प्राप्त क्षेत्र, न्यून प्राथमिकता प्राप्त क्षेत्र, प्राथमिकता अप्राप्त क्षेत्र र सीमान्तीकृत क्षेत्रका बारेमा समयश्रेणी तथ्यांकका आधारमा एउटा निचोड निकाल्नुपर्छ । निर्यातमा उल्लेख्य योगदान पुऱ्याए तापनि प्राथमिकतामा वा भनूँ सरकारको आँखामा पर्न नसक्नु अज्ञानतावश हो या नियतवश हो भन्ने विषयलाई पनि यस परीक्षणको क्षेत्राधिकारभित्र पारिनुपर्छ। ठूलो अंकमा निर्यात भइरहेका, निर्यातमा वृद्धिदर उत्साहजनक भएका र निर्यातमा पाइला टेकेका वस्तुहरूलाई किन प्राथमिकतामा राखिएन भन्ने विषयमा गरिने परीक्षणलाई अझ विश्वसनीय बनाउन तेस्रो पक्ष (तटस्थ) लाई संलग्न गराउनु अझ व्यावहारिक हुने देखिन्छ ।

प्राथमिकताको यस खालको परीक्षणले सर्वप्रथम नेपाल व्यापार एकीकृत रणनीति र बजेटमा कुन कुन निर्यातयोग्य वस्तुहरूले केका आधारमा प्राथमिकताको वर्गमा परे र अरू वस्तु किन परेनन् भन्ने मिहीन विश्लेषणयुक्त निचोड प्राप्त हुन्छ । दोस्रो निर्यात भइरहेका र निर्यात सम्भावना भएका तर सरकारको प्राथमिकतामा नपरेका वस्तुलाई प्राथमिकतामा पार्न एक खालको सैद्धान्तिक आधार पनि तयार हुन्छ । यो आधार भनेको उपत्यकामा अवस्थित निर्यातयोग्य उद्योग होस् या मोफसलमा अवस्थित निर्यातयोग्य उद्योग होस् सबैले वर्तमान निर्यात अवस्था र सम्भावना हेरी समानुपातिक वितरणको मान्यतामा रही प्राथमिकता प्राप्त गर्नु नै हो । यो समानुपातिक वितरणको मान्यता सम्बद्ध वस्तुहरूको प्राथमिकता (नीति, साधनस्रोत, वातावरण, व्यवस्थापन, संस्थागत सुदृढीकरण, सम्मान, सहयोग, संरक्षण, सहजीकरण, उद्धार, प्रोत्साहन, उत्प्रेरणा, भरोसा) मा लागू गर्नुपर्छ ताकि कुनै निर्यातयोग्य उद्योगहरू अतिपोषण र कुनै निर्यातयोग्य क्षेत्र कुपोषणको पीडामा नपरोस् ।

**प्रवर्द्धनको प्राथमिकतामा नपरेका केही निर्यातित उत्पादन** ( मूल्य रू अर्बमा)

| उत्पादनहरू | २०१९/२० | २०२०/२१ | २०२१/२२ | २०२२/२३ | २०२३/२४ |
|---|---|---|---|---|---|
| प्लाइउड | ०.०१ | ०.०१ | ०.३५ | ४.७१ | ७.४२ |
| पीना | १.५७ | २.३३ | ३.५४ | २.३० | २.९६ |
| जुटको झोला र बोरा | २.१७ | २.४१ | १.४५ | २.४७ | २.१५ |
| खयर कत्था | ०.८९ | ०.९१ | १.२८ | १.६३ | २.१२ |
| पास्ता | १.१० | १.८० | १.८३ | २.३० | १.९७ |
| रोजिन, रेजिन टर्पेन्टाइन | १.०० | १.३४ | २.१६ | १.९९ | १.८४ |
| अम्रिसो | ०.५६ | ०.६६ | ०.७० | १.०१ | १.३३ |
| प्लास्टिकको उत्पादन | ०.७२ | ०.९७ | १.२५ | १.४१ | १.३१ |
| संगीतका साधन | ०.३९ | ०.८१ | ०.९९ | ०.९८ | ०.९४ |
| मेकअपका सामान | ०.९३ | १.०३ | ०.९५ | ०.६३ | ०.९३ |
| कपडाका कार्पेट | ०.३१ | ०.३९ | ०.५३ | ०.७५ | ०.९१ |
| आयुर्वेदिक औषधि | ०.६३ | १.२५ | ०.८४ | ०.६५ | ०.८९ |
| ग्लासको उत्पादन | ०.५९ | १.०३ | १.४७ | १.१८ | ०.८७ |
| सेनिटरी प्याड | ०.०१ | ०.०७ | ०.१२ | ०.३७ | ०.७२ |
| मोलासिस | ०.०८ | ०.०० | ०.०६ | ०.०९ | ०.५५ |
| कागज | ०.१८ | ०.२७ | १.२९ | ०.५७ | ०.४७ |
| क्रिसमसका उत्पादन | ०.०५ | ०.०७ | ०.०४ | ०.०९ | ०.४२ |
| ढुटो | ०.२० | ०.४६ | ०.६१ | १.०२ | ०.४१ |
| छालाका उत्पादन, झोला आदि | ०.१४ | ०.१८ | ०.२९ | ०.३५ | ०.४० |
| गहुँको पीठो | ०.०६ | ०.०३ | ०.०२ | ०.४५ | ०.३३ |
| कपासको बोरा र झोला | ०.३४ | ०.५० | ०.५७ | ०.४० | ०.३२ |
| प्राकृतिक टयानिड | ०.०० | ०.०६ | ०.१७ | ०.१७ | ०.३१ |
| अन्नका फ्लेक्स | ०.०१ | ०.१० | ०.२१ | ०.२१ | ०.३१ |
| कम्बल | ०.१० | ०.०७ | ०.२२ | ०.२२ | ०.२६ |
| नक्कली गहना | ०.०९ | ०.१४ | ०.२० | ०.२४ | ०.२२ |
| बियर | ०.०४ | ०.०४ | ०.०९ | ०.१८ | ०.१८ |
| बन्दा काउली | ०.०७ | ०.०७ | ०.१२ | ०.१४ | ०.१६ |
| अचार | – | ०.०० | ०.०४ | ०.११ | ०.१५ |
| सुर्ती उत्पादन | ०.१२ | ०.११ | ०.१० | ०.१२ | ०.१५ |
| रिठा | ०.०४ | ०.१७ | ०.०९ | ०.१३ | ०.१३ |
| कच्छ | ०.०३ | ०.०६ | ०.०८ | ०.०९ | ०.१२ |
| दालमोठ पापड | ०.०४ | ०.०४ | ०.०४ | ०.०५ | ०.११ |
| मदिरा | ०.०३ | ०.०४ | ०.०६ | ०.१० | ०.१० |
| दुग्ध उत्पादन | ०.०३ | ०.०९ | ०.०७ | ०.१५ | ०.१० |
| ससेज | ०.०६ | ०.०९ | ०.०६ | ०.०७ | ०.१० |
| नक्कली कपाल | ०.१० | ०.०९ | ०.१६ | ०.१२ | ०.०८ |
| रुद्राक्ष | ०.०५ | ०.०४ | ०.०३ | ०.०५ | ०.०८ |
| एन्ट्राओकुलर लेन्स | ०.०० | ०.०० | ०.०० | ०.०१ | ०.०२ |

### दुर्गम क्षेत्रका उत्पादनको मूलप्रवाहीकरण

चीन, भारत, रूस, संयुक्त राज्य अमेरिका, क्यानडा, अस्ट्रेलिया, ब्राजिलजस्ता ठूलो भूगोल भएका देशले भित्री भूमि र तटवर्ती भूमिको विकासका लागि विशेष फरक तर विशेष व्यवस्था गरेका छन् । पिछडिएको क्षेत्र र वर्गमा लुकेर रहेका सम्भावनालाई अवसरका रूपमा परिणत गर्न पनि विशेष व्यवस्था गरेको पाइन्छ । छिमेकी भारतमा संसारसँग विभिन्न दृष्टिले पछि परेको उत्तरपूर्वी भारतको अर्थतन्त्रलाई विश्व अर्थतन्त्रसँग एकाकार गर्न विभिन्न रणनीति अंगीकार गरेको पाइन्छ। चाहे ती बंगलादेशमार्फत समुद्रसँग जोडिने प्रयास हुन् या लुक इस्ट नीतिअन्तर्गत दक्षिणपूर्वी एशियासँग जोड्ने प्रयत्न नै किन नहुन् । उता छिमेकी मुलुक चीनले पनि चीनको पिछडिएका भित्री भूभाग र दक्षिणी र पश्चिमी प्रान्तलाई शेष विश्वसँग आर्थिक रूपमा जोड्न रेशममार्गको अवधारणाअन्तर्गत विभिन्न प्रयास जारी राखेको छ। दक्षिण एशियासँग रेलमार्गमार्फत जोडिने प्रयास र मध्यएशिया र यूरोपसँग जोडिने प्रयत्न पनि भित्री भूभागहरूलाई शेष विश्वसँग जोडी आर्थिक समृद्धि प्राप्त गर्ने लक्ष्यतर्फ उन्मुख गतिविधिहरू नै हुन् ।

नेपालमा पनि दुर्गम क्षेत्रलाई मुलुकको अर्थतन्त्रको मूलधारमा समाहित गर्न दुर्गम क्षेत्र विकास समितिको गठनबाट शुरू भएको हो । विकास क्षेत्र, स्थानीय स्वायत्त शासन, स्थानीय तह, प्रादेशिक संरचनाहरूको मूल उद्देश्य पनि समानुपातिक विकासको अवधारणालाई मूर्तरूप दिनु हो जसको एउटा पक्षमा उत्पादन र व्यापारमा पिछडिएको क्षेत्रको विशेष विकास पनि हो ।

दुर्गम क्षेत्रको विकासमा सबैभन्दा उपयुक्त मोडेलमा त्यहाँको अर्थतन्त्रलाई विकसित क्षेत्रको अर्थतन्त्रसँग जोड्नुलाई मानिन्छ । दुर्गम क्षेत्रका उत्पादनको पहिचान, उद्योगको विकास, उत्पादनहरूलाई मूलधारमा पहुँच स्थापना गर्ने ओसारपसारमा विशेष सुविधाहरू तथा मूलप्रवाहीकरण गरेर यस्ता क्षेत्रका बासिन्दाहरूको आयस्तर वृद्धि र रोजगारी सृजना गर्ने गरिन्छ। नेपालमा पनि कर्णाली क्षेत्रहरूलाई बजारसम्म उत्पादनको सहज पहुँच कायम गर्न हवाई ढुवानीमा विशेष छूट दिने रणनीति अंगीकार गरिएको थियो । हालसालै मात्र कर्णाली क्षेत्रका विशेष उत्पादनहरू खरिद गरी राजधानी उपत्यकालगायत क्षेत्रमा बिक्रीवितरण गर्ने काम सरकारी संस्थानहरूबाट सञ्चालित हुँदै आएको सन्दर्भमा ती उत्पादनको राष्ट्रियस्तरमा पहिचान स्थापित गर्न सहज भएको छ ।

भौगोलिक संकेतहरूमार्फत यस्ता क्षेत्रका उत्पादनलाई विशेष संरक्षण र पहिचान दिने कार्य विश्वभरि नै आम प्रचलनमा रहेको छ ।

उपर्युक्त पक्षलाई दृष्टिगत गर्दै नेपालमा पनि दुर्गम क्षेत्रका उत्पादनलाई राष्ट्रिय मूलप्रवाहमा ल्याई निर्यात व्यापारको अंश बढाउने गरी नीतिगत तर्जुमा गर्न आवश्यक देखिन्छ । यसका लागि सर्वप्रथम दुर्गम क्षेत्रका उत्पादनको व्यवस्थित सर्वे हुन आवश्यक छ । ती सर्वेका आधारमा त्यस्ता उत्पादन (वस्तु तथा सेवा) हरूलाई राष्ट्रिय र अन्तरराष्ट्रिय मूलधारमा ल्याउन आवश्यक पर्ने नीतिगत व्यवस्था हुन जरुरी छ । यस्ता नीतिका आधारमा दुर्गम क्षेत्रका उत्पादनलाई राष्ट्रिय मूलधारमा ल्याउन आवश्यक रणनीति, कार्यनीति र कार्यक्रमहरूको तर्जुमा हुन पनि आवश्यक छ ।

दुर्गम क्षेत्रका उत्पादनहरूलाई राष्ट्रिय र अन्तरराष्ट्रिय मूलधारमा ल्याउन ती वस्तुको उपभोक्तासम्म परिचय स्थापना सर्वोपरि महत्त्वको विषयका रूपमा रहेको छ। भौगोलिक संकेत, बौद्धिक सम्पत्तिसम्बन्धी अधिकार र ख्यातिप्राप्त व्यक्तिहरूबाट उपभोग गर्ने विधिहरूबाट यस्ता वस्तुलाई राष्ट्रिय र अन्तरराष्ट्रिय बजारमा परिचित गराउन सकिन्छ। यस अतिरिक्त ती क्षेत्रका उत्पादनकर्ता र ग्राहकबीच दोहोरो सञ्चार सम्पर्क स्थापना हुन पनि जरुरी छ। भौगोलिक सूचना प्रणालीमा दुर्गम क्षेत्रका उत्पादनहरूलाई जोड्न सक्दा यस्ता उत्पादनहरूमा ग्राहकको साझो सम्पर्क स्थापित हुन जाने देखिन्छ। भौगोलिक सूचना प्रणालीले सूचना र भूगोल र प्रयोगकर्ताबीच जुन सम्बन्ध स्थापित गर्ने गर्छ त्यसले स्थान विशेषका विशेषताहरू, सूचनाहरू, तथ्यांकहरू प्रयोगकर्ताका लागि पनि उपलब्ध गराउँछ। तपाईं हुम्लाको सिमकोट जानुपूर्व आफ्नो मोबाइल एपमा एउटा क्लिकमा त्यहाँ फलानो ठाउँमा रहेको फलानो पसलमा ओखर यत्ति मूल्यमा पाइन्छ, फलानो ठाउँको फलानो पसलमा रातो सिमी पाइन्छ, फलानो पसलमा चुक पाइन्छ, फलानो पसलमा स्थानीय भेडाको ऊनबाट बनेका राडीपाखी काम्ला लिऊ, फेऱ्या, दन लगायत उत्पादन पाइन्छन् भन्ने सूचना अग्रिम रूपमा पाएको खण्डमा तपाईं घरका सदस्यहरूसँग नै अग्रिम सल्लाहमा यो मालवस्तु यत्ति मात्रामा ल्याउने भनेर त्यसअनुसार पैसाको जोहो गरेर जानुहुन्छ । यसरी स्थानीय क्रेता र बाहिरका बिक्रेताहरूलाई जोड्ने, स्थानीय उत्पादनहरूलाई सूचना प्रविधिको वैश्विक सञ्जालमा जोड्दै मूलप्रवाहीकरण गर्ने यो कार्य गर्ने उपयुक्त माध्यम भौगोलिक सूचना प्रणाली नै हो। दुर्गम क्षेत्रका उत्पादनहरूको प्रवर्द्धनमा यो नै सबैभन्दा उपयुक्त माध्यम हो ।

यसै गरी दुर्गम क्षेत्रका उत्पादनलाई राष्ट्रिय/अन्तरराष्ट्रिय व्यापार मेलामा सहभागिता गराउन प्राथमिकताका साथ विशेष सुविधायुक्त कोटाको सहुलियत प्रदान गर्नु पनि आवश्यक छ ।

दुर्गम क्षेत्रका उद्योगहरूको स्तरोन्नति तथा वस्तुहरूको लेबलिङ, प्याकेजिङलगायत गुणस्तरका प्रावधान अनुकूल बनाउन नियमित रूपमा बजेट विनियोजन गर्नु पनि आवश्यक देखिन्छ ।

दुर्गम क्षेत्रका उत्पादनहरूको प्रवर्द्धनमा सम्बद्ध वस्तुको कथा प्रस्तुतिले पनि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । उदाहरणका लागि सगरमाथाको फेदीमा बसेर शेर्पा समुदायकी महिलाले स्थानीय प्रविधि, स्थानीय भेडाको ऊनबाट बुनेको ऊनी गलैंचालाई सुन्दर चित्रसहित सरल भाषामा वस्तुको परिचय दिने खालका टयागहरूको व्यवस्था गर्ने हो भने ग्राहकमा उक्त वस्तुप्रति अलग्गै खालको आकर्षण सृजना गर्न सकिन्छ । स्वीट्जरल्यान्डले आफ्ना दुग्ध उत्पादन विशेष गरी चीजको ब्रान्डिङ यही आधारमा गर्ने गर्छ। नेपालमा पनि केही सृजनशील उद्यमीहरूले आफ्ना वस्तुको प्रचारप्रसारमा स्टोरी सेलिङको अवधारणालाई व्यवहारमा उतार्न थालेका छन् । तेस्रो ध्रुव भनी चिनिने नेपालको हिमाली र उच्च लेकाली भेगका उत्पादनहरूलाई यस विधिबाट राष्ट्रिय र अन्तरराष्ट्रिय बजारमा स्थापित गर्न सकिन्छ ।

यसरी उपर्युक्त विधिबाट दुर्गम क्षेत्रका उत्पादनहरू (वस्तु तथा सेवा) लाई राष्ट्रिय र अन्तरराष्ट्रिय बजारमा पहिचान स्थापित गर्ने हो भने नेपालका दूरदराजका उत्पादनहरूको निर्यातमा उल्लेख्य अंश हुन आउने देखिन्छ। विशेष गरी दुर्गम क्षेत्रमा परम्परागत रूपमा उत्पादन भइरहेका रेशाका उत्पादनहरू, दुग्ध पदार्थ, हिमाली उचाइमा उत्पादन हुने खाद्यान्न, दलहन, गेडागुडी, जडीबुटीजस्ता वस्तुहरूको निर्यातमा वृद्धि हुने देखिन्छ । सेवा व्यापारमा पनि आम्ची सेवा, पर्वतारोहण तालीम सेवा, बोन धर्ममा आधारित तन्त्र साधना, उच्चभेगमा योगाभ्यास, ध्यान तथा तप सेवाको निर्यात गर्न सकिने सम्भावना पनि उच्च रहेको छ । यी गतिविधिले नेपालको दुर्गम क्षेत्रमा आर्थिक गतिविधिहरूको नयाँ लहर सृजना हुने र यसले देशको समग्र अर्थतन्त्रमा थप योगदान दिने निश्चित छ ।

यसरी निर्यातयोग्य सबै वस्तुको यथोचित प्राथमिकतासहित प्रवर्द्धनात्मक कार्यक्रमको अंगीकार एवम् दुर्गम क्षेत्रका उत्पादनहरूको मूलप्रवाहीकरणका माध्यमबाट देशका सबै वस्तुको समानुपातिक विकासको अवधारणा अवलम्बन गर्नु आवश्यक देखिन्छ ।

*लेखक व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका वरिष्ठ अधिकृत हुन् ।*

आर्थिक अभियान

१० वर्षअघिको आर्थिक अभियानबाट

## विमानस्थल बनाउने निर्णयको स्वागत

पोखरामा क्षेत्रीय अन्तरराष्ट्रिय विमानस्थल निर्माणको थालनी गर्ने मन्त्रिपरिषद्को निर्णयको पोखरा उद्योग वाणिज्य सङ्घले स्वागत गरेको छ। ढिलै भए पनि पश्चिमाञ्चलवासीको मागको सम्बोधन भएको सङ्घले बताएको छ । सङ्घले सरकारको निर्णय सकारात्मक भएको बताउँदै विमानस्थल निर्माणको निर्णय तत्काल कार्यान्वयन गर्न सरोकारवाला निकायसँग आग्रह गरेको छ। छिनेडाँडामा ३ हजार १ सय ६ रोपनी जग्गा अधिग्रहण गरिएको भए पनि अहिलेसम्म विमानस्थल निर्माण हुन सकेको छैन । नेपाल सरकारको मन्त्रिपरिषद्को ४ गतेको बैठकले पोखरामा क्षेत्रीयस्तरको विमानस्थल निर्माण गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरेको थियो । यसैबीच सरकारको निर्णयको पश्चिमाञ्चल क्षेत्रीय होटल सङ्घ पोखरा र नाट्टा पोखराले समेत स्वागत गरेका छन् ।

**वर्ष ८, अंक १५२, सोमवार, ७ फागुन, २०६९**

पाठक पत्र

# आक्रोशको अराजकता रोकौं

राजतन्त्रको पक्षमा गरिएको प्रदर्शन हिंसात्मक अवस्थामा पुगेर दुई जनाको ज्यान गयो भने दर्जनौं भवनमा आगलागी र तोडफोड भएको छ । दर्जनौं सवारीसाधन खरानी बनाइएका छन् । माओवादी सशस्त्र आन्दोलन थामिएपछि यस्तो हिंसात्मक प्रदर्शन कम हुँदै आएकामा अहिले फेरि तोडफोडको राजनीति शुरू हुन थालेको संकेत मिलेको छ। यस्तो तोडफोड र अराजकतालाई कसैले पनि प्रश्रय दिनु हुँदैन ।

अहिले राजावादीले सरकारलाई, सरकारले राजावादीलाई र गणतन्त्रवादी हौं भन्ने तर सरकारमा नभएकाले सरकारलाई र राजावादीलाई आरोपप्रत्यारोप लगाइरहेका छन् । घूसपैठ भएको, प्रहरी दमन भएको र राज्य कमजोर भएको जस्ता विश्लेषण आआफ्नो ढंगले भइरहेका छन् । सबैको विश्लेषण सुन्दा कोही पनि वास्तविक तथ्य सुन्न तयार देखिँदैनन् । आआफ्नै कुरामात्रै सही हो भन्नेहरू मात्रै देखिएका छन् । यसरी सोच्नु भनेको तर्कविहीनता हो, तथ्य स्वीकार्न नसक्ने अवस्था हो । यसले विवाद र मुठभेडमात्रै निम्त्याउँछ ।

विचारमा विविधता हुन्छ। मुलुक गणतन्त्रमा गए पनि राजतन्त्रको पक्षमा बोल्न, लेख्न र प्रदर्शन गर्न पाइन्छ। तर, लोकतन्त्रमा विरोधको अधिकार छ भन्दै जे पायो त्यही गर्ने छूट भने कसैलाई पनि छैन । अर्को एउटा सत्य के हो भने सत्तामा नबसेका पक्षहरू उत्तेजक हुन सक्छन्, कहिलेकाहीँ नियम तोड्न सक्छन्। तिनलाई उत्तेजनामा आउन नदिनु र सकेसम्म स्थितिलाई नियन्त्रणमा ल्याउनु सरकारको दायित्व हो। सरकार जिम्मेवार हुनुपर्छ । उसले हदैको लचकता अपनाउनुपर्छ। विरोधीको आवाजलाई कामले जवाफ दिनुपर्छ। तर, नेपालमा काम गर्न कसैको पनि चासो छैन। एकले अर्कालाई आरोप लगाउनचाहिँ सबै पहिलो नम्बरमा छन् । राप्रपादेखि रास्वपासम्म, कांग्रेसदेखि एमालेसम्म कुनचाहिँ दल सरकारमा गएका छैनन् । तर, आफू सत्तामा बस्दा सिन्को नभाँच्ने अनि सत्ताबाट हटे पनि यसो भएन, उसो भएन भनी सरकारको आलोचना गरेर जनतालाई उचाल्नेहरू ज्यादै खराब शक्ति हुन् । दुर्भाग्य यस्तै खराब शक्तिलाई च्यापेर जनता पक्ष र विपक्षमा उत्रिन्छन्। ताली पड्काउँछन् र यही खराबहरूलाई नै बलियो बनाउनेतिर लाग्छन्। त्यसैले दोष नेताहरूको मात्रै होइन, जनताको पनि उत्तिकै देखिन्छ । सरकारको विरोध गर्न पाएपछि बुरुक्क उफ्रिहाल्ने र जो सरकारमा छ उसको विरोध गर्ने प्रवृत्ति पनि उपयुक्त होइन। सरकारले सबै काम खराब गर्दैन र सबै काम राम्रो पनि गर्दैन । राम्रो गरेकाका ठीक छ भन्न सक्नुपर्छ। तर, चर्को विरोध गरेर आक्रोशको बीउ रोप्नेलाई नै जनताले क्या तगडा भनेर भन्ने गरेका छन्। यसले समस्यालाई बढाउँछ, घटाउँदैन । त्यसैले नेतालाई गाली गर्नुपर्छ, सचेत पार्नुपर्छ खबरदारी गर्नुपर्छ तर तिनको भड्काउमा आउनु हुँदैन । तिनले उचाल्दैमा उचालिनु हुँदैन । आखिर मर्ने भनेका साधारण जनताका छोराछोरी नै हुन्। अहिले हेर्ने हो उच्च पदस्थ सरकारी कर्मचारी, सेवा, नेता सबैका छोराछोरी विदेशमा छन्। आफ्नो छोरोछारीलाई विदेशमा बसोवास मिलाएर यहाँ चर्का कुरा गर्ने सबै गलत हुन्। यस्ता गलत नेतृत्वको कुरा सुन्नु हुँदैन। तिनले आफ्नो स्वार्थ पूरा गर्ने हुन्। मौका परे यहीँ मोज गर्छन् केही नलागे विदेश भाग्छन् । त्यसैले यस्तो राजनीतिमा लाग्नु हुँदैन ।

*सन्तोष यादव*
*खरिबोट, वनस्थली, काठमाडौं ।*



तस्वीर : रासस

**पाल्पाको रामपुर नगरपालिका–५ स्थित सुन्दरटोल क्षेत्रका किसान थ्रेसर मेसिन प्रयोग गरी गहुँ झार्दै । थ्रेसर मेसिनको प्रयोगसँगै बाली भित्र्याउन किसानलाई सजिलो भएको छ ।**

# विक्री हुन थाल्यो चुत्रो र गुर्जो

## किसानलाई संकलन गर्न भ्याइनभ्याई

पर्वत । महत्त्व नबुझ्रेर अहिलेसम्म वनजंगलमा खेर गइरहेको चुत्रो र गुर्जोले बजार पाउन थालेको छ । चुत्रो र गुर्जो प्रशोधन गरेर औषधि निर्माण गर्ने उद्योग स्थापना भएपछि अहिलेसम्म वनजंगलमा खेर गइरहेका यी चिज संकलन गर्न किसानलाई भ्याइनभ्याई भएको हो । कुश्मा नगरपालिका-५ स्थित कालीगण्डकी किनारमा सञ्चालनमा आएको चिनियाँ कम्पनी छिफु बायोटेक्नोलोजी प्रालिले चुत्रोको जरा, डाँठ र गुर्जो प्रशोधन गर्न थालेको हो । ८ करोड रुपैयाँ लगानीमा साढे ४२ रोपनी जमिन भाडामा लिएर कम्पनी सञ्चालन गरिएको छ । यस कम्पनीमा ३ चिनियाँ र ३१ नेपाली कार्यरत छन् । कम्पनीले गुर्जो र चुत्रो संकलन गरेर ल्याउने संकलकलाई चुत्रोका डाँठको प्रतिकिलो २५ र जरालाई प्रतिकिलो ४० तथा गुर्जोलाई प्रतिकिलो २० रुपैयाँ दिन थालेको छ । खेतबारी तथा वनजंगलमा सदियौंदेखि उपयोगविहीन बनेको चुत्रो र गुर्जो विक्री हुन थालेपछि अहिले गाउँगाउँका किसानलाई संकलन गर्न भ्याइनभ्याई छ । कम मेहनत र लगानीमा पर्याप्त आम्दानी गर्न सकिने भएपछि दैनिकजसो जंगलमा गएर चुत्रो संकलन गर्नेको संख्या ह्वात्तै बढेको मोदी गाउँपालिका-४ क्याङका टीका पुनले जानकारी दिए ।

वार्षिक ७३० मेट्रिक टन चुत्रो र गुर्जो संकलन गर्ने लक्ष्य राखेको उद्योगले ४ महीनामा २० टनभन्दा बढीको काम हुन नसकेको जनाएको छ । उद्योग विभागमा दर्ता भएको यो कम्पनीले चुत्रो र गुर्जो प्रशोधन गरी धुलो बनाएर चीन पठाउने गरेको छ ।

जिल्लाको जलजला गाउँपालिका वडा नं ६ शालिजाका युवा शेरबहादुर पुनले २ सातामै १ हजार ५०० किलो चुत्रो र गुर्जो विक्री गरेर ५५ हजार रुपैयाँ आम्दानी गरेको जानकारी दिए । घरमाथि रहको तारे सामुदायिक वनबाट उक्त मात्रामा संकलन गरिएको हो ।

फलेवास नगरपालिका-७, लिमीठानाका जगन्नाथ शर्माले विक्री हुन थालेपछि चुत्रो र गुर्जो खोजी गर्न वनजंगल जानेको संख्या बढेको बताए । उनले चुत्रो सहजै संकलन गर्न सकिने भए पनि गुर्जो खोजी गर्न भने समय लाग्ने बताए । शर्माले यसको उपयोगसँगै खेतीसमेत विस्तार गर्नतर्फ ध्यान दिन सुझाए ।

औषधिजन्य वनस्पति चुत्रो र गुर्जो संकलन तथा विक्री भए पनि यसको दीर्घकालीन उपयोग र खेती विस्तारमा ध्यान नदिइएको भन्दै सरोकारवालाले विरोध जनाएका छन् । नागरिकको विरोध बढेपछि डिभिजन वन कार्यालय, जिल्ला प्रशासन कार्यालय र जिल्ला समन्वय समितिको संयुक्त टोलीले उद्योगको स्थलगत अनुगमन गरेको थियो । वन कार्यालयले अनुगमनपछि कम्पनीले आवश्यक कानूनी प्रक्रिया नपुर्‍याएको भन्दै पत्राचार गरेर तत्काल संकलन कार्य रोक्न आदेश दिए पनि कम्पनीले अटेर गर्दै धमाधम प्रशोधन गरिहेको स्थानीयले बताएका छन् । डिभिजन वन अधिकृत झ्यामनारायण सापकोटाका अनुसार विदेशी कम्पनीले प्रारम्भिक वातावरणीय परीक्षण नगरिकनै परियोजना सञ्चालन गरिरहेको बताए ।

**कुश्मा नगरपालिका–५ स्थित कालीगण्डकी किनारमा सञ्चालनमा आएको चिनियाँ कम्पनी छिफु बायोटेक्नोलोजी प्रालिले चुत्रोको जरा, डाँठ र गुर्जो प्रशोधन गर्न थालेको हो ।**

डिभिजन वन कार्यालयले पत्राचार गरेर यो विषयमा आफ्नो सरोकार देखाएजस्तो गरे पनि व्यक्तिको दर्ता श्रेस्ता कायम भएका नम्बरी आवादीमा रहेका वनबाट जडीबुटी संकलन तथा ओसारपसारका लागि अनुमति दिन परिपत्र जारी गरिरहेको छ । कार्यालयले गण्डकी प्रदेश वन नियमावली, २०८१ को अनुसूची १६ मा कायम गुर्जो र चुत्रो संकलन तथा ओसारपसार गर्नलाई अनुमति प्रदान गरिएको सापकोटाले बताए ।

डिभिजन वन अधिकृत सापकोटाले व्यक्तिगत वनबाट ल्याउने कुरालाई आफूहरूले रोक्न नमिल्ने बताए । कार्यालयका अनुसार पर्वतबाट यही पुसदेखि गुर्जोगानो १० हजार ५०० किलो र चुत्रो ३ हजार किलो मात्र संकलन गरिएको छ ।

छिफु बायोटेक्नोलोजी प्रालिका व्यवस्थापक हरिकुमार श्रेष्ठले भने प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत नभइसकेको तर अन्तिम प्रक्रियामा रहेको बताए । उद्योग परीक्षणकै क्रममा किसानले ठूलो परिमाणमा चुत्रो र गुर्जो संकलन गरेर ल्याएपछि वन कार्यालयले रोकेको उनले दाबी गरे । पैयुँ गाउँपालिकाले गत फागुन २७ मा चुत्रो र गुर्जोगानो संकलन कार्य रोक्न सूचना नै जारी गरेको थियो । प्रमुख प्रशासकीय अधिकृत जीवन गैरेले गाउँपालिकाले अहिले पूर्ण रूपमा संकलन कार्यमा रोक लगाएको बताए । डिभिजन वन कार्यालयले गैरकाष्ठ वन पैदावारअन्तर्गत पर्ने चुत्रो र गुर्जो पहाडी भेगमा सबैजसो ठाउँमा पाइने जनाएको छ । कम्पनीले पर्वत, म्याग्दी, बागलुङ, कास्की, लमजुङ, अर्घाखाँची, गुल्मी स्याङ्जालगायत जिल्लालाई केन्द्रित गरेर प्रशोधन उद्योग सञ्चालन गरेको बताएको छ । *रासस*

# तटीय क्षेत्रका बस्ती संरक्षण गर्न १३ स्थानमा तटबन्ध

ढोरपाटन (बागलुङ) । बस्ती संरक्षणका लागि बागलुङका १३ स्थानमा तटबन्ध गर्न थालिएको छ । चालू आर्थिक वर्षमा गण्डकी प्रदेश सरकारले विनियोजन गरेको बजेटबाट तटबन्ध गर्न थालिएको हो ।

जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय बागलुङमार्फत जिल्लाको गलकोट, बागलुङ, ढोरपाटन, बडिगाड र बरेङसहितका पालिकाका विभिन्न स्थानमा तटबन्धको काम भइरहेको छ । तीमध्ये हालसम्म सात योजना सकिएको जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयका प्रमुख सुरेन्द्र पौडेलले जानकारी दिए ।

हालसम्म गलकोट नगरपालिका-५ स्थित खहरेखोला, वडा नं ९ स्थित दरमखोला, वडा नं ३ स्थित गौदीखोला, हटिया, वडा नं १ स्थित दुधिलाभाटी र बागलुङ नगरपालिका-३ स्थित ढोण पिपलबाटोमा काम सम्पन्न भएको उनको भनाइ छ ।

उनका अनुसार बडिगाडखोला, नरेठाँटी दोभान, खाल बजार, दोगाडी, पाँचमुरे र काठेखोलामा काम शुरू भएको छ । सबै योजना असार मसान्तभित्रै सक्ने गरी काम भइरहेको प्रमुख पौडेलले जानकारी दिए । यस वर्ष जिल्लाभर १ करोड ६० लाख रुपैयाँमा तटबन्ध तथा बस्ती संरक्षणको काम भइरहेको उनले बताए ।

**हिउँदको समयमा खोलामा पानीको सहत घट्छ, जब बर्खा लाग्छ, तब सानो खोला पनि उर्लिएर माथि आउँछ, यसले गर्दा खोला नजिकका बस्ती जोखिममा छन् ।**

प्रमुख पौडेलले भने, 'यस वर्ष प्रदेश सरकारबाट नीति तथा कार्यक्रममा समावेश भएका योजना कार्यान्वयनको चरणमा छन् । अधिकांश योजना सम्पन्न भइसकेका छन्, केही सकिने अवस्थामा छन् । केही साना योजना सम्झौता गरेर काम शुरू हुने चरणमा छन् । हामीले समयमै सबै योजना सक्ने गरी कामको गतिलाई तीव्र बनाएका छौं ।'

गलकोट-३ का स्थानीय कुलबहादुर खत्रीले दरमखोलामा तटबन्ध भएपछि बर्खामा खोला बस्तीमा पस्ने जोखिम कम भएको बताए । खोला किनारमा बाक्लो बस्ती रहेको तर अहिलेसम्म तटबन्ध नहुँदा दरमखोला तटका स्थानीय त्रासमा बस्नु परेको भन्दै अब बाढी पस्ने सम्भावना कम भएको उनले सुनाए । दरमखोलाको धेरै क्षेत्रमा अझै तटबन्ध गर्न आवश्यक रहेको खत्रीको भनाइ छ ।

'हिउँदको समयमा खोलामा पानीको सहत घट्छ, जब बर्खा लाग्छ, तब सानो खोला पनि उर्लिएर माथि आउँछ, यसले गर्दा खोला नजिकका बस्ती जोखिममा छन्,' उनले भने, 'अहिले केही ठाउँमा भए पनि तटबन्ध भयो, सरकारले आगामी वर्षमा अन्य ठाउँमा पनि तटबन्ध गर्न बजेट विनियोजन गर्‍यो भने बस्ती संरक्षण गर्न सजिलो हुने थियो ।' *रासस*

# आठ महीनामा १५ हजार मेट्रिक टन रासायनिक मल विक्री

झापा । कृषि सामग्री कम्पनी विर्तामोडले चालू आर्थिक वर्ष २०८१/८२ को ८ महीनामा १५ हजार २९९ मेट्रिक टन रासायनिक मल किसानलाई विक्री गरेको छ ।

झापामा कृषियोग्य जमिन धेरै भएको र एकै याममा विभिन्न प्रकारको बाली लगाउने गरिएको कारण रासायनिक मलको खपत धेरै हुने गरेको कम्पनीका शाखा प्रमुख दीपककुमार राजवंशीले बताए । उनका अनुसार चालू वर्षका लागि कम्पनीले झापालाई १७ हजार ५०० मेट्रिक टन रासायनिक मल पठाएको थियो । अब शाखामा २ हजार २०१ मेट्रिक टन मौज्दात छ ।

जिल्लाका किसानलाई फागुन मसान्तसम्ममा ९ हजार ८०० मेट्रिक टन युरिया, ५ हजार १४ मेट्रिक टन डीएपी र ५८५ मेट्रिक टन पोटास मल विक्री गरिसकेको कम्पनीले जनाएको छ । जिल्लामा चालू आर्थिक वर्षका लागि ११ हजार मेट्रिक टन युरिया, ६ हजार मेट्रिक टन डीएपी र ५०० मेट्रिक टन पोटास मल आएको थियो ।

किसानको माग बढिरहेको र शाखामा मौज्दात कम भएका कारण वैशाखदेखि रासायनिक मलको अभाव हुन सक्ने शाखा प्रमुख राजवंशीले बताए । 'माग धान्ने गरी हामीसँग रासायनिक मल छैन,' प्रमुख राजवंशीले भने, 'स्टक राखिएको मल पनि सकिन लाग्यो, वैशाखसम्म धान्न सक्छ ।' थप रासायनिक मल वैशाखमा मात्र आउने बताइएको छ ।

चालू आर्थिक वर्षमा कार्यालयमा लक्ष्यभन्दा बढी विक्री भइरहेको देखिएको उनले बताए । उनले अब ४ हजार मेट्रिक टन मल आउने भए पनि पर्याप्त नहुने जानकारी दिए । उनले जिल्लामा अन्य मलको तुलनामा युरिया मलको माग ह्वात्तै बढेको बताए । यतिबेला झापामा चैते धान, मकै र चियामा मल लगाउन किसानहरूले छिमेकी मुलुक भारतका सीमावर्ती बजारबाट लुकीछिपी ल्याउने गरेका छन् । *रासस*

# महिलाहरूलाई संगीत शीप सिकाउन मादल बजाउने तालिम

म्याग्दी (बेनी) । म्याग्दीको रघुगंगा गाउँपालिका-२, साझापानीमा महिलाहरूलाई संगीत शीप सिकाउन मादल बजाउने तालिम प्रदान गरिएको छ । मौवाफाँट सामुदायिक सिकाइ केन्द्रले वडा नम्बर २ भगवतीमा रहेको आयआर्जन समूहका महिलाका लागि सातदिने मादल बजाउने तालिम प्रदान गरेको हो ।

भगवतीका विभिन्न टोलका ३३ महिलाले सहभागिता जनाएको तालिममा संगीत प्रशिक्षक गणेश सुवेदीले व्यावहारिक रूपमा मादल बजाउने शीप सिकाएको केन्द्रका परिचालक दुर्गादेवी भण्डारीले जानकारी दिइन् । उनका अनुसार मौवाफाँट आयआर्जन समूहका २६ महिलालाई समेत मादल बजाउने तालिम प्रदान गरिएको थियो । केन्द्रले नयाँ आयआर्जन समूहलाई मादल समेत उपलब्ध गराउने जनाइएको छ । तालिम समापन समारोहमा बोल्दै गाउँपालिका अध्यक्ष भवबहादुर भण्डारीले गाउँघरमा हुने पूजाआजा, भजनकीर्तन, रत्यौलीलगायत सांस्कृतिक कार्यक्रमहरूमा संगीत शीप अनिवार्य भएको अवस्थामा महिलाले सिकेको मादल बनाउने शीप उपलब्धिमूलक हुने बताए । उनले मौवाफाँटमा सामुदायिक सिकाइ केन्द्रको भवन निर्माण गरेर महिलाहरूको आयआर्जनसँग सम्बन्धित गतिविधिलाई व्यवस्थित गराउने तयारी गरिएको जानकारी दिए । कार्यक्रममा रघुगंगा गाउँपालिका-२ का वडाध्यक्ष अमृत भण्डारीले महिलालाई संगीत शीप तालिमले गाउँघरमा हुने संगीतसँग सम्बन्धित कार्यक्रममा सहज हुने बताउँदै आयआर्जनमूलक कार्यक्रममार्फत महिलालाई आत्मनिर्भर बनाउनुपर्नेमा जोड दिए । मौवाफाँट सामुदायिक सिकाइ केन्द्रले यसअघि वडा नम्बर १ बेग र वडा नम्बर ४ दग्नाममा समेत मुडा बुन्ने तालिम प्रदान गरेको थियो ।

गाउँपालिकाको वडा नम्बर १ देखि ४ सम्म कार्यक्षेत्र रहेको केन्द्रले हरेक वर्ष महिलाहरूको शीप र आयआर्जनसँग सम्बन्धित कार्यक्रमलाई सञ्चालन गर्दै आएको मौवाफाँट सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन समितिका अध्यक्ष मुक्तिनाथ शर्माले बताए । उनका अनुसार, गाउँपालिकाले चालू आर्थिक वर्षमा आयआर्जन र सीपमूलक तालिमका लागि केन्द्रलाई १ लाख ७० हजार रुपैयाँ बजेट उपलब्ध गराएको छ ।

महिलाको क्षमता विकास र आयआर्जन सुधारसँगै शीप विकासका लागि आगामी वर्षमा सामुदायिक सिकाइ केन्द्रलाई थप व्यवस्थित बनाउने तयारी गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चेतनारायण भण्डारीले जानकारी दिए । *रासस*

# शुरू भयो चियाको पहिलो टिपाइ

मंगलबारे (झापा) । इलाममा चियाको पहिलो टिपाइ शुरू भएको छ । जिल्लाको तल्लो क्षेत्रमा चियाको टिपाइ शुरू भएको छ भने माथिल्लो क्षेत्रमा भने अझै शुरू भएको छैन ।

गत कात्तिकदेखि बन्द भएको चिया टिपाइ चैत लागेपछि शुरू भएको किसान दीपक खतिवडाले बताए । चियाको पहिलो टिपाइलाई 'फस्ट प्लग' भनिन्छ । पहिलो टिपाइबाट तयार हुने चिया उच्च गुणस्तरको हुने भएकाले महँगो मूल्यमा विक्री हुन्छ । यस याममा चियामा पानीको मात्रा कम हुने भएकाले यसलाई राम्रो चियाका रूपमा लिने गरिन्छ ।

जिल्लाका तल्लो क्षेत्र माई नगरपालिकाको दानाबारी, रोङ गाउँपालिकाको विभिन्न क्षेत्रमा चियाको टिपाइ चैतदेखि शुरू हुन्छ । तर, केही माथिल्लो स्थान तथा इलाम बजार क्षेत्रमा भने भर्खरै चिया पलाउन शुरू भएको छ । सन्दकपुर गाउँपालिकाको सुलुबुङ, माइजोगमाई गाउँ माथिल्लो क्षेत्रमा पनि चियाको बोटमा मुना पलाउन थालेका छन् । इलामलगायत पूर्वी क्षेत्रमा ११ हजार ५६९ हेक्टरमा चियाखेती भइरहेको छ । जसमा १४ हजार ८९८ साना किसान चियाखेतीमा संलग्न छन् । तथ्यांकअनुसार हाल यहाँ १ करोड ८२ लाख केजी सीटीसी तथा ४९ लाख किलो अर्थोडक्स चिया उत्पादन हुने गरेको छ । *रासस*

बाँकी पृष्ठ १ बाट ...

## सूचीकृत विदेशी पुनर्बीमा ब्रोकर

- एक्सपेरिटस इन्स्योरेन्स ब्रोकर, भारत
- श्रीधर इन्स्योरेन्स ब्रोकर, भारत
- पायनियर इन्स्योरन्स एन्ड रिइन्स्योरेन्स ब्रोकर, भारत
- महिन्द्रा इन्स्योरेन्स ब्रोकर, भारत
- अलर्ट इन्स्योरेन्स ब्रोकर, भारत
- विलिस इन्स्योरेन्स ब्रोकर, चीन
- इन्टरलिङ्क इन्स्योरन्स एन्ड रिइन्स्योरेन्स ब्रोकर, भारत
- केएम दस्तुर एन्ड कम्पनी, मलेशिया
- इन्डोनेशिया रिइन्सुरेन्स ब्रोकर, इन्डोनेशिया
- मनोज रिइन्सुरेन्स ब्रोकर, यूएई
- लकटन कम्पनीज (चीन) बीमा ब्रोकर लिमिटेड, चीन
- केएम दस्तुर रिइन्सुरेन्स ब्रोकर, भारत
- प्रोटेक्सन इन्स्योरेन्स सर्भिसेज, भारत
- रिक्स केयर इन्स्युरेन्स ब्रोकिङ सर्भिसेज, भारत
- सालासर सर्भिसेस इन्स्योरेन्स ब्रोकर, भारत
- प्रुडेन्ट इन्स्योरेन्स ब्रोकर, भारत
- युनिलाइट रिइन्स्योरेन्स ब्रोकर भारत
- विलिस टावर्स वाट्सन भारत इन्स्योरेन्स ब्रोकर, भारत
- बिकन इन्स्योरेन्स ब्रोकर, भारत
- इन्फिना रिइन्स्योरेन्स ब्रोकिङ, भारत
- फुक्रम ग्लोबल रिइन्स्योरेन्स ब्रोकर्स, मौरिसस
- एस इन्स्योरेन्स ब्रोकर, भारत
- यूआईबी एशिया रिइन्स्योरेन्स ब्रोकर, सिंगापुर
- फर्स्ट पोलिसी इन्स्योरेन्स ब्रोकर, भारत
- सिनर्जी री (लाबुआन) लिमिटेड, लाबुआन
- जेबी बोडा एन्ड कम्पनी (एस), सिंगापुर
- जेबी बोडा एन्ड कम्पनी (यूके), संयुक्त अधिराज्य
- हेरिटेज इन्स्योरेन्स ब्रोकर्स, भारत
- सिम्बो ब्रोकर्स, सिंगापुर
- भारत रिइन्स्योरेन्स ब्रोकर्स, भारत
- झोङहुई इन्टरनेशनल इन्स्योरेन्स ब्रोकर्स, चीन
- युनिसन अनप्यारेल्ड इन्स्योरेन्स सोलुसन्स, भारत
- एलायन्स ब्रोकर्स, भारत
- जियाङ ताई इन्स्योरेन्स ब्रोकर्स, चीन
- जेके इन्स्योरेन्स ब्रोकर्स, भारत
- इन्डिया इस्योर्ड रिक्स म्यानेजमेस्ट एन्ड र इन्स्योरेन्स ब्रोकिङ, भारत
- चेडिड यूरोप इन्स्योरेन्स एन्ड रिइन्स्योरेन्स ब्रोकेज, साइप्रस
- हाउडेन इन्स्योरेन्स ब्रोकर्स इन्डिया, भारत
- लोजोङ इन्स्योरेन्स ब्रोकर्स, थिम्पु
- कन्टिनेन्टल इन्स्योरेन्स ब्रोकर्स, चीन
- एस्पायर इन्स्योरेन्स ब्रोकर्स, भारत
- विलिस लिमिटेड, लन्डन
- जिनिसिस रिक्स म्यानेजर्स, मौरिसस
- सिनो इन्स्योरेन्स ब्रोकर, हङकङ
- काया इन्टरनेशनल एएमईए लिमिटेड, यूएई
- विलिस टावर्स वाट्सन ब्रोकर (सिंगापुर), सिंगापुर
- चार्टर गिलम्यान इन्स्योरेन्स ब्रोकर, हङकङ
- टोङचाङ इन्स्योरेन्स ब्रोकर, चीन
- टायसर्स इन्स्योरेन्स ब्रोकर, संयुक्त अधिराज्य

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
**Alternative Energy Promotion Centre**
Tahachal, Kathmandu, Nepal
Tel: +977-1-5498013/5498014
Email: info@aepc.gov.np Website: www.aepc.gov.np

**Re-Invitation for Electronic Bids**

**Contract Identification Number: AEPC/CCS/G/NCB/2024/25-01**
**First Date of Notice Publication: 5 December 2024**
**Date of Re-Notice Publication: 1 April 2025**

1. AEPC is implementing "Mitigating GHG emission through modern, efficient and climate-friendly clean cooking solutions (CCS) project" through financial support from GCF.
2. **Alternative Energy Promotion Centre (AEPC), CCS project** Re-invites **Electronic Bids** for the procurement of Goods **Supply and delivery of Electric Cookstoves in Partnership with Local Levels** under National competitive bidding - Single Stage Two Envelope procedures
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate Bids, one containing (i) the Technical Bid and the other (ii) the Price Bid as per the provision of ITB 23 of the Bidding Document.
4. Interested Eligible Bidders may obtain further information and inspect the Bidding Document in English at the office of AEPC, Tahachal, Kathmandu, Nepal or may visit e-GP system of PPMO: **www.bolpatra.gov.np/egp.**
5. Complete set of Bidding Documents for the task in English is available online and may be downloaded for e-submission from the e-GP system of PPMO: **www.bolpatra.gov.np/egp.** Bidders, submitting their bid electronically, should deposit the cost of Bidding Document (non-refundable fee) **NRs. 5,000.00** in the Rajaswa (Revenue) Bank Account as specified below and submit/upload the receipt of the deposited amount of cash along with the Electronic Bid:
   **Name of the Bank: Rastriya Banijya Bank, Baneshwar Branch**
   **Name of Office: Alternative Energy Promotion Centre**
   **Office Code No.: 308003502, Rajaswa (Revenue) Shirshak No.: 14229**
   **Bank Account No.: 1000200010000**
6. Pre-Bid Meeting shall be held at **AEPC, Tahachal, Kathmandu at 11:00 AM onwards on 4 April 2025.**
7. Interested Bidders are required to submit the Electronic Bids through e-GP system of PPMO: **www.bolpatra.gov.np/egp** to the office of **AEPC on or before 12:00 Noon on 16 April 2025.**
8. Submitted eBids will be opened in presence of Bidders' representatives who choose to attend in **12:30 P.M. on 16 April 2025** at the office of **AEPC, Tahachal, Kathmandu, Nepal.**
9. Bids must be valid for a period of 90 days counting from the date of bid opening and must be accompanied by scanned copy of the bid security in pdf format, amounting to a minimum amount **NRs. 950,000.00** which shall be valid for minimum 30 days beyond the bid validity period (i.e., Valid up to minimum **13 August 2025**).
10. If bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in Office Code: **3080002** and Account Name: **DTCO, Kathmandu,** Bank Account No.: **1201200001002524** at **Nepal Rastra Bank, Thapathali** and submit/upload the receipt of the deposited amount of cash along with the Electronic Bid.
11. Other details are provided in the uploaded bidding document available in the eGP system of PPMO: **www.bolpatra.gov.np/egp.**

## आगामी साधारणसभा

| क्र.सं. | कम्पनीको नाम | आर्थिक वर्ष | स्थान | मिति | समय | प्रस्तावित लाभांश (%) | | अन्य प्रस्ताव | बुक क्लोज |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | बोनस | नगद | | |
| १ | नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड | २०८०/८१ | नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौं | चैत १९ | ११:०० | १५ | ०.७९ | वार्षिक प्रतिवेदन पारित गर्ने | चैत ७ |
| २ | चिरख्वा हाइड्रोपावर लिमिटेड | २०८०/८१ | कुण्डलिनी रोयल्स, जोरपाटी, काठमाडौं | चैत २० | ९:०० | | | सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | चैत १२ |
| ३ | सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेड | २०८०/८१ | अमृतभोग, कालिकास्थान, काठमाडौं | चैत २१ | ११:०० | ७.५ | ०.३९४७ | १७ प्रतिशत हकप्रद शेयर जारी गर्ने, वार्षिक प्रतिवेदनहरू पारित गर्ने | चैत ८ |
| ४ | अपर हेवाखोला हाइड्रोपावर कम्पनी लिमिटेड | विशेष | युनियन हाउस, अनामनगर, काठमाडौं | चैत २२ | ११:०० | | | शतप्रतिशत हकप्रद शेयर जारी गर्ने | चैत १४ |
| ५ | युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड | २०८०/८१ | कालिमाटी ब्याङ्क्वेट हल, कालिमाटी, काठमाडौं | चैत २७ | ११:०० | | | ६५ प्रतिशत हकप्रद शेयर जारी गर्ने, वार्षिक प्रतिवेदनहरू पारित गर्ने | चैत ८ |
| ६ | ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड | २०८०/८१ | होटल पिस प्यालेस, बागलुङ | चैत २७ | ११:०० | ५.७५ | ०.३०२७ | ११०.७१ प्रतिशत हकप्रद शेयर जारी गर्ने, सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | चैत १५ |
| ७ | मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | होटल अमुप्रस्थ ब्याङ्क्वेट एण्ड इभेन्ट्स, बुढानिलकण्ठ, काठमाडौं | वैशाख २ | ११:०० | | | एफपीओ निष्कासन गर्ने, सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | चैत २२ |
| ८ | सम्पदा लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | मर्स्याङ्दी रिभर भ्यू रिसोर्ट, बन्दिपुर, तनहुँ | वैशाख ६ | ११:०० | | | सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | चैत २६ |

## नेपाल धितोपत्र बोर्डमा पाइपलाईनमा रहेका ऋणपत्र

| क्र.सं. | ऋणपत्रको नाम | ब्याज (प्रतिशत) | अवधि (वर्ष) | निष्कासन हुने कित्ता | सर्वसाधारणमा निष्कासन (कित्ता) | प्राइभेट प्लेसमेन्ट (कित्ता) | विक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|---|---|---|
| १ | ८% प्राइम डिबेन्चर २०९१ | ८.०० | १० | ३,०००,००० | १,२००,००० | १,८००,००० | सानिमा क्यापिटल लिमिटेड | २०८१ साउन २ |
| २ | ६% निफ्रा उर्जा डिबेन्चर २०८८/८९ | ६.०० | ७ | ५,०००,००० | २,०००,००० | ३,०००,००० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ कात्तिक १४ |
| ३ | ७.२५% एसबिएल डिबेन्चर २०९१ | ७.२५ | १० | २,५००,००० | १,०००,००० | १,५००,००० | एनएमबि क्यापिटल लिमिटेड | २०८१ फागुन ११ |
| ४ | ९% गुहेश्वरी डिबेन्चर २०८९ | ९.०० | ८ | २६०,००० | १०४,००० | १५६,००० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ चैत ३ |
| ५ | ८.५% सिटिजन्स बैंक डिबेन्चर २०९० | ८.५० | १० | ३,०००,००० | १,२००,००० | १,८००,००० | हिमालयन क्यापिटल लिमिटेड | २०८० माघ १२ |
| ६ | ७% नेपाल एसबिआई बैंक डिबेन्चर २०९० | ७.०० | १० | ३,०००,००० | १,२००,००० | १,८००,००० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८१ जेठ ०२ |
| ७ | ७% नबिल डिबेन्चर २०८९ | ७.०० | ८ | ३,०००,००० | १,२००,००० | १,८००,००० | नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लि. | २०८१ असार १४ |
| ८ | ८% शाइन रेसुङ्गा डिबेन्चर | ८.०० | १० | १,०००,००० | ४००,००० | ६००,००० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ असोज १४ |

# भिजन इनर्जी र नागरिक लगानी कोषबीच अण्डरराइटिङ सम्झौता



काठमाडौं (अस)। भिजन इनर्जी एण्ड पावर लिमिटेडको आईपीओ प्रत्याभूत गर्ने जिम्मेवारी नागरिक लगानी कोषले गर्ने भएको छ। कम्पनीको आईपीओ सार्वजनिक निष्कासनपश्चात् सम्पूर्ण कित्ता विक्री नभएमा त्यसलाई नागरिक लगानी कोषले सकार्ने भएको हो। यसका लागि कम्पनी र नागरिक लगानी कोषबीच अण्डरराइटिङ सम्झौता सम्पन्न भएको छ।

सम्झौतामा भिजन इनर्जीको तर्फबाट अध्यक्ष टीएन आचार्य र कोषको तर्फबाट कार्यकारी निर्देशक पर्वत कुमार कार्कीले हस्ताक्षर गरेका हुन्।

कम्पनीले एक सय रुपैयाँ अंकित मूल्यका ६५ करोड रुपैयाँ बराबरको कुल ६५ लाख कित्ता आईपीओ निष्कासनको तयारी गरेको छ। यसको लागि कम्पनीले एनआइएमबि एस क्यापिटल लिमिटेडलाई विक्री प्रबन्धकमा नियुक्त समेत गरिसकेको छ। कम्पनीले रामेछाप जिल्लामा ५७ दशमलव ५ मेगावाट क्षमताको नुप्चे लिखु जलविद्युत् आयोजना निर्माण गरिरहेको छ। यो आयोजनामा सरकारी स्वामित्वको संस्था हाइड्रोईलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनीको समेत लगानी रहेको छ।

# गोरक्ष हाइड्रोपावरले बोलायो विशेष साधारणसभा

काठमाडौं (अस)। गोरक्ष हाइड्रोपावर लिमिटेडले सर्वसाधारणका लागि आईपीओ निष्कासन प्रस्तावसहित विशेष साधारणसभा बोलाएको छ। चैत १६ गते बसेको कम्पनीको सञ्चालक समितिको बैठकले २०८२ साल वैशाख ५ गते विशेष साधारणसभा गर्ने निर्णय गरेको हो। सभाले कम्पनीको जारी पूँजीमध्ये संस्थापक समूहलाई ७५ प्रतिशत दरको शेयर संरचना बढाई ८० प्रतिशत कायम गर्ने र सर्वसाधारणतर्फको २५ प्रतिशतको स्वामित्व घटाई २० प्रतिशत कायम गर्ने प्रस्ताव छ। सर्वसाधारणमा विभाजन गरिएको शेयरमध्ये जारी पूँजीको १० प्रतिशतले हुन आउने शेयर आयोजना प्रभावित स्थानीयका लागि र १० प्रतिशत सर्वसाधारणमा आईपीओ जारी गर्ने प्रस्ताव सभाका लागि तय गरिएको छ। यसका लागि आवश्यक सम्पूर्ण जिम्मेवारी कम्पनीले सञ्चालक समितिलाई दिने बताइएको छ।

कम्पनीले जारी पूँजी १ अर्ब ३० करोड रुपैयाँलाई बढाएर १ अर्ब ५० करोड रुपैयाँ कायम गर्ने प्रस्ताव पनि गरेको छ।

## विकास बैंकहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत १७)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेड | १७८६.४१ | २८४२.३ | ४०५ |
| २ | नारायणी डेभलपमेन्ट बैंक लि. | १७४१.६७ | २०६० | ४०० |
| ३ | ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड | १३३५.९१ | २००१.४ | ३५८ |
| ४ | सिन्धु विकास बैंक लिमिटेड | ११२६.२२ | १४८२ | ३३६ |
| ५ | सप्तकोशी डेभलपमेन्ट बैंक लि. | १०९७.१३ | १६२२.७ | २८५ |
| ६ | एक्सेल डेभलपमेन्ट बैंक लिमिटेड | ६४६.७९ | ८३८.२ | ३४३.५ |
| ७ | मितेरी डेभलपमेन्ट बैंक लिमिटेड | ६४६.२९ | ८४३.५ | ४१२.६ |
| ८ | कामना सेवा विकास बैंक लिमिटेड | ४४०.२७ | ५६४.८ | ३४१ |
| ९ | लुम्बिनी विकास बैंक लिमिटेड | ४२८.९५ | ५६० | ३६१ |
| १० | शाइन रेसुङ्गा डेभलपमेन्ट बैंक लि. | ४१७.६३ | ६२५ | ३५४ |
| ११ | सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड | ४१२.३५ | ४९७ | २८७.३ |
| १२ | महालक्ष्मी विकास बैंक लिमिटेड | ४०५.२८ | ४९८ | ३११.७ |
| १३ | गरिमा विकास बैंक लिमिटेड | ३९६.०४ | ५३१.४ | ३५०.१ |
| १४ | मुक्तिनाथ विकास बैंक लिमिटेड | ३६७.६६ | ४८२ | ३३२.४ |
| १५ | ज्योति विकास बैंक लिमिटेड | ३४४.६ | ४४५ | २७५ |


**अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना**

यस PRATIBUDDHA ENTERPRISES PVT. LTD. ले China बाट पैठारी गरेको देहायको मालवस्तुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

| SN | CATEGORY | MODEL | BRAND | ORIGIN | CAPACITY | UNIT | MRP |
|---|---|---|---|---|---|---|---|
| 1 | Washing Machine | GEN-WM-FL08BLPR | GENEX | China | 8 KG | 1 | 62000 |

* Note : Price are subject to change without prior notice.

Importer Name: PRATIBUDDHA ENTERPRISES PVT. LTD.
Address: Janabahal, Kathmandu, Nepal  PAN No: 609638479


## लघुवित्त कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत १७)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेड | ५०६५ | ६७३५ | १८९४ |
| २ | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड | ३४१६.१५ | ६६०० | १२०० |
| ३ | गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड | ३१२७.१५ | ३४८६ | १३१७ |
| ४ | विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | ३०७८.२९ | ४२७१ | १११६ |
| ५ | समाज लघुवित्त वित्तीय संस्था लिमिटेड | २६०७.३९ | ४१८१ | १७८० |
| ६ | सपोर्ट लघुवित्त वित्तीय संस्था लिमिटेड | २५५६.०४ | ४०२६.२ | ११५७ |
| ७ | युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | २३०४.५ | ३२२३ | १५१९ |
| ८ | श्रृजनशील लघुवित्त वित्तीय संस्था लिमिटेड | २२७०.६५ | २९०७ | ९२६.२ |
| ९ | महिला लघुवित्त वित्तीय संस्था लिमिटेड | २२६८.६ | २६४८.७ | १६४७ |
| १० | सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड | २०३९.०४ | ३०४७ | ८०४ |
| ११ | स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेड | १९२०.११ | २४२६.४ | १०३८ |
| १२ | नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लिमिटेड | १८५४ | २६४१ | १६४१ |
| १३ | मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड | १८३८.४६ | २५३० | ८६३ |
| १४ | उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेड | १६८०.३२ | २३६३.३ | १३२० |
| १५ | गणपति लघुवित्त वित्तीय संस्था लिमिटेड | १६७५.२ | २३२७ | ९७१ |
| १६ | सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | १६३२.०९ | १९५८ | १२८२.२ |
| १७ | धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड | १५९६.६४ | २२५० | १०९१ |
| १८ | मिथिला लघुवित्त वित्तीय संस्था लिमिटेड | १५७०.१८ | २०१९ | ८८७ |
| १९ | जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड | १५१२.२ | १८६०.४ | ९७३ |
| २० | जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | १३५६.५१ | १९२० | १२६९.१ |
| २१ | महुली लघुवित्त वित्तीय संस्था लिमिटेड | १३०१.६२ | १८५१ | ९४८.७ |
| २२ | ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेड | १२७५.५ | १८१५ | ९१८ |
| २३ | नेशनल लघुवित्त वित्तीय संस्था लिमिटेड | १२३८.५२ | १७२७ | १०८५.१ |
| २४ | मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेड | १२३०.५२ | १७१६ | ८२० |
| २५ | फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि. | १२०१ | १७३९ | १०४८.६ |
| २६ | आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लिमिटेड | ११०५ | १४९१ | ६९०.९ |
| २७ | अभियान लघुवित्त वित्तीय संस्था लिमिटेड | १०८९.८ | १३०६.८ | ६२८.१ |
| २८ | लक्ष्मी लघुवित्त वित्तीय संस्था लिमिटेड | १०८२ | १४२८ | ८१६ |
| २९ | कालिका लघुवित्त वित्तीय संस्था लिमिटेड | १०७४.५ | १२८५ | ७२०.१ |
| ३० | हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेड | ९८७ | १४४७ | ६७६ |
| ३१ | स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड | ९८५.०३ | १२५० | ६३३ |
| ३२ | सम्पदा लघुवित्त वित्तीय संस्था लिमिटेड | ९५६.४५ | १४७०.८ | ६६६ |
| ३३ | इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेड | ९३९.२१ | १४९२ | ८६५.२ |
| ३४ | नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेड | ८९७.६ | ११९० | ६२९.५ |
| ३५ | विजय लघुवित्त वित्तीय संस्था लिमिटेड | ८६४.९१ | ११७४ | ६५३.७ |
| ३६ | आशा लघुवित्त वित्तीय संस्था लिमिटेड | ८५३.६२ | ११७७ | ६९४.२ |
| ३७ | छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड | ८५३.४३ | ११५५ | ८०० |
| ३८ | ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | ८३९.५२ | ९८७ | ६०० |
| ३९ | स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेड | ८३३.५१ | १२३२ | ७११.५ |
| ४० | समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड | ८३१.९७ | १२७१ | ६४५ |
| ४१ | साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | ७९८.२९ | ११०५ | ७८१ |
| ४२ | डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड | ७८५.५२ | १०९९ | ६७० |
| ४३ | फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७८.८५ | १००४ | ५९३.२ |
| ४४ | एनएमबि लघुवित्त वित्तीय संस्था लिमिटेड | ७४८.७५ | ९१८ | ५६०.१ |
| ४५ | सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड | ७४५.०७ | १२१४.८ | ७०४.१ |
| ४६ | मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड | ७३१.१४ | ९८० | ५९३ |
| ४७ | आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेड | ७१७.०४ | ८९० | ५७२ |
| ४८ | निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | ६९१.८४ | ९३०.२ | ६१३ |
| ४९ | नेरूडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड | ६७०.२८ | ९८८ | ५९५ |
| ५० | एनआईसी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेड | ६६१.८३ | ९०७ | ५८५ |

## जीवन बीमा कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत १७)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लि. | २३४५.३ | २४१० | ३०१ |
| २ | लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि. | १०२८.७ | २४७५ | ९७५ |
| ३ | नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि. | ७९०.२६ | १०६० | ५६६ |
| ४ | एशियन लाइफ इन्स्योरेन्स कम्पनी लि. | ७६९.६ | ८३१ | ५२३ |
| ५ | सन नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड | ६५४.२२ | ७४४.५ | ४४७.२ |
| ६ | नेशनल लाइफ इन्स्योरेन्स कम्पनी लि. | ६४९.४१ | ७७६.१ | ५२१.३ |
| ७ | प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लि. | ५७२.१७ | ७३२.२ | ४७३ |
| ८ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लि. | ५५२.२२ | ६००.१ | ४१२ |
| ९ | सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लि. | ५१६.५५ | ७७४.९ | ४३० |
| १० | आईएमई लाइफ इन्स्योरेन्स कम्पनी लि. | ४७२.३ | ६०६ | ४१२.५ |
| ११ | सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लि. | ४४७.२१ | ६४४ | ३९५.१ |
| १२ | हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड | ४२९.६३ | ६०७ | ३६४.१ |
| १३ | सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लि. | ४२१.८४ | ६५४ | ४०३.१ |

## फाइनान्स कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत १७)


| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | नेपाल फाइनान्स लिमिटेड | ७१०.२१ | २६१४.९ | ३६६.४ |
| २ | गुडविल फाइनान्स लिमिटेड | ६७४.९ | १३५३ | ४३८ |
| ३ | मल्टीपर्पस फाइनान्स लिमिटेड | ६४३.६८ | ९३६.९ | ३५६.१ |
| ४ | आइसिएफसि फाइनान्स लिमिटेड | ६२०.४४ | ९१० | ४८८ |
| ५ | मञ्जुश्री फाइनान्स लिमिटेड | ६१७.५४ | ९१७ | ४८०.२ |
| ६ | गोर्खाज फाइनान्स लिमिटेड | ५९८.८४ | १०४१ | ५४८ |
| ७ | सेन्ट्रल फाइनान्स लिमिटेड | ५६७.४३ | ८२० | ३३८ |
| ८ | बेष्ट फाइनान्स कम्पनी लिमिटेड | ५६७.२२ | ९५१.६ | ३३० |
| ९ | समृद्धि फाइनान्स कम्पनी लिमिटेड | ५६१.०१ | १११७.९ | ३०५.१ |
| १० | प्रोग्रेशिभ फाइनान्स लिमिटेड | ५५८.७१ | ८६५ | ३०९ |
| ११ | रिलायन्स फाइनान्स लिमिटेड | ५४६.८९ | ८३८ | ३४९.४ |
| १२ | श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कम्पनी लिमिटेड | ५४१.७ | ७९५ | ३५२.८ |
| १३ | जानकी फाइनान्स कम्पनी लि. | ५१९.८५ | १०८३.३ | ३८० |
| १४ | गुहेश्वरी मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लिमिटेड | ५१६.४१ | ७५९ | ३४८ |
| १५ | पोखरा फाइनान्स लिमिटेड | ४४०.३२ | ७९५ | ३३९.९ |

## जलविद्युत् कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत १७)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | कुथेली बुखरी स्मल हाइड्रोपावर लिमिटेड | २३८७.४४ | ३३०० | ९९० |
| २ | सिक्लेस हाइड्रोपावर लिमिटेड | ११७५.१७ | १४७५ | ४७०.४ |
| ३ | भगवति हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड | १०३४.९५ | १३६१.७ | ५७९.१ |
| ४ | बाराही हाइड्रोपावर पब्लिक लिमिटेड | १०३३.२७ | १२७५ | ४४९ |
| ५ | सुपरमाई हाइड्रोपावर लिमिटेड | ९३५.६७ | १२८३ | ६४० |
| ६ | मिड सोलु हाइड्रोपावर लिमिटेड | ९१९.१ | ११८० | ५९४ |
| ७ | सुपर मादी हाइड्रोपावर लिमिटेड | ८८५.७९ | १६५७ | ४२१.५ |
| ८ | शुभम पावर लिमिटेड | ८८५ | ११०९.६ | ६२३.५ |
| ९ | माण्डु हाइड्रोपावर लिमिटेड | ८८४.८२ | १४९३.१ | ६६६.१ |
| १० | रावा इनर्जि डेभलपमेन्ट लिमिटेड | ८७१.२९ | ९९० | ४५२.२ |
| ११ | नेपाल हाइड्रो डेभलोपर लिमिटेड | ८१५ | १००२.६ | ४०८ |
| १२ | थ्रीस्टार हाइड्रोपावर लिमिटेड | ८०५.१३ | १२३१ | ४७५.४ |
| १३ | भूगोल इनर्जी डेभलपमेन्ट कम्पनी लिमिटेड | ८००.७ | १०८० | ३३७.२ |
| १४ | सयपत्री हाइड्रोपावर लिमिटेड | ७६७.६६ | ९२२ | ४४३ |
| १५ | अपर हेवाखोला हाइड्रोपावर कम्पनी लिमिटेड | ७६५.३७ | ९९३.४ | ३४९.९ |
| १६ | अप्पर स्याङ्गे हाइड्रोपावर लिमिटेड | ७४६.६३ | ९६१ | ४५० |
| १७ | रू रू जलविद्युत् परियोजना लिमिटेड | ७३९.९१ | ९२६.८ | ४८४.९ |
| १८ | एशियन हाइड्रोपावर लिमिटेड | ७३८.१ | ९०४ | ४२६.१ |
| १९ | चिरख्वा हाइड्रोपावर लिमिटेड | ७३०.१ | ९१० | ४८०.५ |
| २० | मकर जितुमाया सुरी हाइड्रोपावर लिमिटेड | ७२५.९८ | ८६० | ३४२ |
| २१ | मन्दाकिनी हाइड्रोपावर लिमिटेड | ७२४.४१ | ११०१ | ३८४ |
| २२ | रिभर फल्स पावर लिमिटेड | ७०७.२३ | १४८४ | ३२२.९ |
| २३ | इष्टर्न हाइड्रोपावर लिमिटेड | ७०० | ९९७ | ४२३.९ |
| २४ | माईखोला हाइड्रोपावर लिमिटेड | ६९६.१८ | ७६५ | ३७६ |
| २५ | माथिल्लो मैलुङ खोला जलविद्युत् लिमिटेड | ६९२.४५ | ८९०.४ | ३९५ |
| २६ | दोल्ती पावर कम्पनी लिमिटेड | ६९१.८४ | १०१७ | ३९०.१ |
| २७ | ईङवा हाइड्रोपावर लिमिटेड | ६९१.२ | ८३८ | ३५९.१ |
| २८ | भिजन लुम्बिनी उर्जा कम्पनी लिमिटेड | ६८७.१५ | ८१६ | ४४५.१ |
| २९ | युनाइटेड इदी मर्दी एण्ड आर.बि. हाइड्रोपावर लि. | ६२०.११ | ७९० | ३२५ |
| ३० | अप्पर सोलु हाइड्रो इलेक्ट्रिक कम्पनी लिमिटेड | ६१२.२६ | ७५२ | ३५६.१ |
| ३१ | बिन्ध्यबासिनी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लि. | ६०१.६८ | ८२९.७ | ४५२ |
| ३२ | हिमालयन पावर पार्टनर लिमिटेड | ६०१.१६ | ६६५ | २४४ |
| ३३ | मेन्छियाम हाइड्रोपावर लिमिटेड | ५९८.०४ | ७१४ | ३४९.१ |
| ३४ | न्यादी हाइड्रोपावर लिमिटेड | ५९६.४ | ८८० | २७६ |
| ३५ | सगरमाथा जलविद्युत् कम्पनी लिमिटेड | ५९२.५४ | ८०० | ३४३.६ |
| ३६ | माउन्टेन इनर्जी नेपाल लिमिटेड | ५८५.५ | ८०९.५ | ४९८.१ |
| ३७ | पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेड | ५८०.७३ | ७४५.६ | २७५.१ |
| ३८ | मनकामना इन्जिनियरिङ्ग हाइड्रोपावर लिमिटेड | ५५९.६६ | ६९६ | २९४ |
| ३९ | सामलिङ्ग पावर कम्पनी लिमिटेड | ५५४.४२ | ७२२ | ४६४ |
| ४० | राप्ती हाइड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेड | ५५०.४१ | ७०८ | ३०४.१ |
| ४१ | तेह्रथुम पावर कम्पनी लिमिटेड | ५४४.८७ | ६७१.६ | ४१० |
| ४२ | पिपुल्स पावर लिमिटेड | ५४३.६५ | ६८३.४ | ४२८ |
| ४३ | मैलुङ खोला जलविद्युत् कम्पनी लिमिटेड | ५४०.६१ | ७३५ | ४०२ |
| ४४ | श्वेत-गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन लिमिटेड | ५४०.२१ | ६४९.५ | ३०२.१ |
| ४५ | त्रिशुली जलविद्युत् कम्पनी लिमिटेड | ५३७.९७ | ६९७ | ४३१ |
| ४६ | माया खोला हाइड्रोपावर कम्पनी लिमिटेड | ५३२.८ | ६२७ | २९८ |
| ४७ | अप्पर लोहोरे खोला हाइड्रोपावर कम्पनी लिमिटेड | ५३०.८३ | ६९३ | ३१७ |
| ४८ | मोलुङ्ग हाइड्रोपावर कम्पनी लिमिटेड | ५२८.८१ | ६५५ | ३५५ |
| ४९ | कालिका पावर कम्पनी लिमिटेड | ५२८.३४ | ६५२.४ | ३८०.२ |
| ५० | सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेड | ५२२.४१ | ६३७ | ३४८ |
| ५१ | बरुण हाइड्रोपावर कम्पनी लिमिटेड | ५१७.५ | ५५० | २११ |
| ५२ | बुद्धभुमी नेपाल हाइड्रोपावर कम्पनी लिमिटेड | ५१६.७४ | ७४२ | ४२२ |
| ५३ | छ्याङ्दी हाइड्रोपावर लिमिटेड | ५११.८८ | ५९९.७ | २९० |
| ५४ | हिमालयन हाइड्रोपावर लिमिटेड | ५०९.३९ | ६३५ | ३३०.५ |
| ५५ | साहस उर्जा लिमिटेड | ५०२.६५ | ७२५ | ४०९.५ |
| ५६ | चिलिमे जलविद्युत् कम्पनी लिमिटेड | ४९०.३१ | ६९७ | ४२६.३ |
| ५७ | सानिमा माई हाइड्रोपावर लिमिटेड | ४७९.९ | ६८० | ३१६ |
| ५८ | ग्रीन भेन्चर्स लिमिटेड | ४७१.७४ | ६९९.९ | ४०२.४ |
| ५९ | युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड | ४३७.९३ | ४७४ | २२३.१ |
| ६० | दिव्यश्वरी हाइड्रोपावर लिमिटेड | ४०१.०४ | ४२७.२ | १८५.३ |
| ६१ | बुटवल पावर कम्पनी लिमिटेड | ४००.१४ | ५३६.५ | २८४.४ |
| ६२ | दोर्दी खोला जलविद्युत् कम्पनी लिमिटेड | ३९४.५१ | ६९६ | ३५६.४ |
| ६३ | जोशी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड | ३९३.२६ | ५२१.६ | २६५ |
| ६४ | राधी विद्युत् कम्पनी लिमिटेड | ३९०.४९ | ४७७ | २२३.२ |
| ६५ | रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड | ३८७.१३ | ५२७ | २६०.३ |
| ६६ | खानीखोला हाइड्रोपावर कम्पनी लिमिटेड | ३५४.५६ | ४७५ | २०९ |
| ६७ | वलेफी हाइड्रोपावर लिमिटेड | ३३९.०८ | ५२० | ३१२.७ |
| ६८ | मोदी ईनर्जी लिमिटेड | ३३१.३६ | ३९३ | २१३.६ |
| ६९ | सान्जेन जलविद्युत् कम्पनी लिमिटेड | ३२८.४६ | ४४२ | २५६ |
| ७० | मध्य भोटेकोशी जलविद्युत् कम्पनी लिमिटेड | ३२७.४२ | ४३३ | २७९.३ |
| ७१ | सिनर्जी पावर डेभलपमेन्ट लिमिटेड | ३२५.४३ | ३८९ | २२०.२ |
| ७२ | युनियन हाइड्रोपावर लिमिटेड | ३१७.४ | ३७१ | २१२.६ |
| ७३ | पाँचथर पावर कम्पनी लिमिटेड | ३१७ | ३६७.२ | २२० |
| ७४ | पञ्चकन्या माई हाइड्रोपावर लिमिटेड | २९८.९३ | ३४८.८ | २१४.२ |
| ७५ | यूनिभर्सल पावर कम्पनी लिमिटेड | २९२.१ | ३४५ | १८३ |
| ७६ | घलेम्दी हाइड्रो लिमिटेड | २८६.६४ | ३१८ | १४१ |
| ७७ | अपि पावर कम्पनी लिमिटेड | २७५.०१ | ३९० | १६२ |
| ७८ | डादी ग्रुप पावर लिमिटेड | २७४.५५ | ५७१ | २५० |
| ७९ | माउन्टेन हाइड्रो नेपाल लिमिटेड | २७१.३४ | ३७९ | २१५.७ |
| ८० | अरुण भ्याली हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लि. | २५८.०५ | ३४९ | १४९ |
| ८१ | सिंगटी हाइड्रो इनर्जी लिमिटेड | २५७.५८ | ३३४.४ | १४३.१ |
| ८२ | ग्रीनलाईफ हाइड्रोपावर लिमिटेड | २४७.३२ | ३३६ | १९६ |
| ८३ | हिमालय उर्जा विकास कम्पनी लिमिटेड | २४५.३२ | ३३३.९ | १८३.६ |
| ८४ | शिव श्री हाइड्रोपावर लिमिटेड | २३३.७९ | २८१.१ | १५४ |
| ८५ | अरुण काबेली पावर लिमिटेड | २३२.९८ | ३२६ | १५७.२ |
| ८६ | रिडी पावर कम्पनी लिमिटेड | २२६.१६ | ३११ | १५४.५ |
| ८७ | लिवर्टी इनर्जी कम्पनी लिमिटेड | २१४.५६ | ३४४ | १७५.१ |
| ८८ | नेशनल हाइड्रोपावर कम्पनी लिमिटेड | २१२.५९ | २९० | १३६ |
| ८९ | आँखुखोला जलविद्युत् कम्पनी लिमिटेड | २०७.०३ | २७४.९ | १५०.९ |
| ९० | अपर तामाकोशी हाइड्रोपावर लिमिटेड | २०२.५२ | २९५ | १५२.१ |
| ९१ | हिमाल दोलखा हाइड्रोपावर कम्पनी लिमिटेड | २०१.९२ | २७३ | १२३.३ |

## 'अन्य' कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत १७)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | मुक्तिनाथ कृषि कम्पनी लि. | १६१३.७६ | १९२६ | ७८५ |
| २ | नेपाल पुनर्बीमा कम्पनी लि. | १३४२.५२ | १३८९.९ | ६३०.१ |
| ३ | हिमालयन रिइन्स्योरेन्स लि. | १०४०.६८ | ११५६ | ५१२ |
| ४ | नेपाल वेयरहाउजिङ्ग कम्पनी लि. | ९७८.६५ | १२६४ | ६७८ |
| ५ | नेपाल दूरसञ्चार कम्पनी लि. | ९०४.२९ | १२१४ | ८०० |
| ६ | नेपाल रिपब्लिक मिडिया लि. | ५०७.६३ | ६४५ | ३३८.१ |



तस्वीर : रासस

लमजुङको सुन्दरबजार नगरपालिका-५ को खहरे खोलादेखि किरिन्जे खोलासम्म कालोपत्र गरिएको सडक । मध्यपहाडी लोकमार्गअन्तर्गतको यो सडक खण्ड थप दुई हजार ३५० मिटर कालोपत्र गरिएको हो ।

# चैत २८ गतेदेखि पियोर इनर्जीले सर्वसाधारणमा आईपीओ निष्कासन गर्ने

काठमाडौं (अस) । पहिलो चरणमा आयोजना प्रभावित स्थानीय र वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि आईपीओ निष्कासन तथा बाँडफाँट गरिसकेको पियोर इनर्जी लिमिटेडले चैत २८ गतेदेखि सर्वसाधारणका लागि आईपीओ निष्कासन गर्ने भएको छ । आम सर्वसाधारणका लागि कम्पनीले ११ लाख ९५ हजार २०० कित्ता शेयर सार्वजनिक निष्कासनमा ल्याउन लागेको हो । कम्पनीले पहिलो चरणको आईपीओ फागुन २० गतेदेखि चैत ५ गतेसम्म निष्कासन गरी चैत १५ गते बाँडफाँट गरेको थियो ।

कम्पनीले आफ्नो जारी पूँजी ८० करोड रुपैयाँको २ प्रतिशत अर्थात् १ करोड ६० लाख रुपैयाँ बराबरको १ लाख ६० हजार कित्ता शेयर आयोजना प्रभावित क्षेत्र बाँके जिल्लाका स्थानीय बासिन्दाहरूका लागि र १८ प्रतिशत अर्थात् १४ लाख ४० हजार कित्ता साधारण शेयरको १० प्रतिशत अर्थात् १ लाख ४४ हजार कित्ता वैदेशिक रोजगारीमा रहेका नेपालीहरूका लागि बाँडफाँट गरेको हो । यी बाहेक पनि कम्पनीले कर्मचारीहरूका लागि २८ हजार ८०० कित्ता र सामूहिक लगानी कोषका लागि ७२ हजार कित्ता आईपीओ समेत बाँडफाँट गरिसकेको छ । प्रतिकित्ता १०० रुपैयाँ अंकित मूल्यमा निष्कासनमा आउने कम्पनीको आईपीओ खरीदका लागि न्यूनतम १० कित्तादेखि अधिकतममा १ लाख कित्तासम्म माग गर्न सकिने व्यवस्था छ ।

सार्वजनिक निष्कासन २०८२ वैशाख २ गतेसम्म रहने र सो अवधिसम्म माग बमोजिम आवेदन नपरेमा भने वैशाख ११ गतेसम्म निष्कासनमा रहने जानकारी कम्पनीले दिएको छ । कम्पनीको आईपीओ निष्कासन तथा विक्री प्रबन्धकमा नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड रहेको छ । लगानीकर्ताहरूले विक्री प्रबन्धकसँगै नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण सि-आस्बा सदस्य बैंक तथा वित्तीय संस्था र तिनका तोकिएका शाखा कार्यालयहरूबाट आवेदन दिन सक्नेछन् । साथै मेरो शेयर अनलाइन समेत आवेदनका लागि प्रयोग गर्न सक्नेछन् ।

आईपीओ निष्कासनको लागि गराइएको रेटिङमा केयर रेटिङ नेपालले कम्पनीलाई वित्तीय दायित्व बहन गर्ने क्षमतामा औषत जोखिम रहेको संकेत गर्ने केयर एनपी डबल बी प्लस इस्यूअर रेटिङ प्रदान गरेको छ ।

८० करोड रुपैयाँ अधिकृत पूँजी रहेको कम्पनीको जारी पूँजी पनि ८० करोड रुपैयाँ नै रहेको छ । हाल कम्पनीको चुक्तापूँजी ६४ करोड रुपैयाँ रहेको छ । आईपीओ निष्कासन तथा बाँडफाँडपछि कम्पनीको चुक्तापूँजी ८० करोड रुपैयाँ कायम हुनेछ । सोपश्चात् कम्पनीमा संस्थापकतर्फ ८० प्रतिशत र सर्वसाधारणतर्फ २० प्रतिशत शेयर स्वामित्व कायम हुनेछ ।

**नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका जलविद्युत् समूहका कम्पनीहरू**

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | विक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | सानिमा हाइड्रोपावर लिमिटेड | १,४७०,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८० जेठ २६ |
| २ | हिमस्टार उर्जा कम्पनी लिमिटेड | १,११९,००० | १०० | एन आई सी एशिया क्यापिटल लिमिटेड | २०८० जेठ ३१ |
| ३ | दरम खोला हाइड्रो इनर्जी लिमिटेड | ३,९५०,००० | १०० | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड | २०८० भदौ ५ |
| ४ | भुजुङ्ग हाइड्रोपावर लिमिटेड | १,४५५,००० | १०० | कुमारी क्यापिटल लिमिटेड | २०८० भदौ १३ |
| ५ | रिचेत जलविद्युत् कम्पनी लिमिटेड | १,१७६,४५० | १०० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८० भदौ २९ |
| ६ | बेनी हाइड्रोपावर प्रोजेक्ट लिमिटेड | २,०८०,००० | १०० | एनएमबि क्यापिटल लिमिटेड | २०८० असोज ५ |
| ७ | याम्बालिङ्ग हाइड्रोपावर लिमिटेड | २,८००,००० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८० असोज १० |
| ८ | माबिलुङ्ग इनर्जी लिमिटेड | १,८९०,५३० | १०० | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड | २०८० असोज १४ |
| ९ | सोलु हाइड्रोपावर लिमिटेड | २०,०००,००० | १०० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८० असोज २३ |
| १० | टक्सार पिखुवाखोला हाइड्रोपावर लिमिटेड | ४,२३०,६६८ | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८० असोज २६ |
| ११ | विकास हाइड्रोपावर कम्पनी लिमिटेड | ४,४५४,५९६ | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८० मङ्सिर १९ |
| १२ | रिज लाईन इनर्जी लिमिटेड | ५,८०४,२०१ | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८० मङ्सिर २५ |
| १३ | लाफिङ्ग बुद्ध पावर नेपाल लिमिटेड | ६,५७७,००० | १०० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८० पुस २ |
| १४ | कालिन्चोक हाइड्रोपावर लिमिटेड | ७५०,००० | १०० | आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड | २०८० माघ २२ |
| १५ | हिम रिभर पावर लिमिटेड | १,३३०,००० | १०० | सिद्धार्थ क्यापिटल लिमिटेड | २०८० माघ २८ |
| १६ | लोअर इर्खुवा हाइड्रोपावर कम्पनी लिमिटेड | २,८०५,७५० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८० फागुन ११ |
| १७ | बुंगल हाइड्रो लिमिटेड | २,९०५,००० | १०० | हिमालयन क्यापिटल लिमिटेड | २०८० चैत ६ |
| १८ | कलंगा हाइड्रो लिमिटेड | ४,९००,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८० चैत ६ |
| १९ | सानीगाड हाइड्रो लिमिटेड | ८,५५०,००० | १०० | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड | २०८० चैत ६ |
| २० | एपेक्स मकालु हाइड्रोपावर लिमिटेड | २,४००,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८० चैत १८ |
| २१ | अपोलो हाइड्रोपावर लिमिटेड | १,४१०,००० | १०० | हिमालयन क्यापिटल लिमिटेड | २०८० चैत २० |
| २२ | गौरीशंकर पावर डेभलपमेन्ट लिमिटेड | २,४००,००० | १०० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८० चैत २१ |
| २३ | शिखर पावर डेभलपमेन्ट लिमिटेड | २,१६०,००० | १०० | ग्लोबल आइएमई क्यापिटल लिमिटेड | २०८० चैत ३० |
| २४ | सिउरी न्यादी पावर लिमिटेड | ३०,३६०,७८४ | १०० | एनएमबि क्यापिटल लिमिटेड | २०८१ वैशाख १८ |
| २५ | सुपर खुदी हाइड्रोपावर लिमिटेड | ७,५९५,००० | १०० | ग्लोबल आइएमई क्यापिटल लिमिटेड | २०८१ वैशाख ३० |
| २६ | माउण्ट एभरेष्ट पावर डेभलपमेन्ट लिमिटेड | २,५८०,००० | १०० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ जेठ ६ |
| २७ | यूनिक हाईडेल कम्पनी लिमिटेड | २,२००,००० | १०० | ग्लोबल आइएमई क्यापिटल लिमिटेड | २०८१ जेठ १६ |
| २८ | आशुतोष इनर्जी लिमिटेड | १,२००,००० | १०० | एनएमबि क्यापिटल लिमिटेड | २०८१ जेठ २१ |
| २९ | हिलटन हाइड्रो इनर्जी लिमिटेड | १,३७५,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८१ जेठ २४ |
| ३० | स्नो रिभर्स लिमिटेड | १,६२५,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८१ जेठ २४ |
| ३१ | सूर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेड | १,३७९,३५० | १०० | कुमारी क्यापिटल लिमिटेड | २०८१ असार ४ |
| ३२ | पुवा खोला-वान हाइड्रोपावर लिमिटेड | १,९४६,६६० | १०० | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड | २०८१ असार ५ |
| ३३ | मादमे खोला हाइड्रोपावर लिमिटेड | ३,२५०,००० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८१ साउन १३ |
| ३४ | निलगिरी खोला हाइड्रोपावर कम्पनी लिमिटेड | ४,३२०,००० | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८१ साउन २२ |
| ३५ | पिपुल्स इनर्जी लिमिटेड | ६,६००,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८१ साउन २३ |
| ३६ | चम्पावती हाइड्रोपावर लिमिटेड | १,६००,००० | १०० | आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड | २०८१ कात्तिक ४ |
| ३७ | हीम पर्वत हाइड्रोपावर लिमिटेड | ५,९१५,००० | १०० | सिटिजन्स क्यापिटल लिमिटेड | २०८१ मङ्सिर ५ |
| ३८ | सेन्चुरी इनर्जी लिमिटेड | ३००,००० | २७५.११ | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ मङ्सिर १४ |
| ३९ | ह्याविटयाट पावर कम्पनी लिमिटेड | १,१००,००० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८१ मङ्सिर २१ |
| ४० | नुम्बुर हिमालय हाइड्रोपावर लिमिटेड | ३,००६,२०२ | २१८ | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड | २०८१ पुस ७ |
| ४१ | युनाइटेड मेवा खोला हाइड्रोपावर लिमिटेड | १२,३००,००० | १०० | सिटिजन्स क्यापिटल लिमिटेड | २०८१ पुस ११ |
| ४२ | आरती पावर कम्पनी लिमिटेड | ३,६००,००० | १०० | ग्लोबल आइएमई क्यापिटल लिमिटेड | २०८१ फागुन ९ |
| ४३ | मेवा डेभलपर्स लिमिटेड | ११,२००,००० | १०० | हिमालयन क्यापिटल लिमिटेड | २०८१ फागुन ९ |

**नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका उत्पादन तथा प्रशोधन समूहका कम्पनीहरू**

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | विक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | एक्कर्ड फर्मास्यूटिकल्स लिमिटेड | ७०६,९०९ | १०० | ग्लोबल आइएमई क्यापिटल लिमिटेड | २०७९ पुस ४ |
| २ | जगदम्बा स्टिल्स लिमिटेड | २०,०७०,००० | ३०० | सिद्धार्थ क्यापिटल लिमिटेड | २०८० असोज १७ |
| ३ | एसवाई प्यानल नेपाल लिमिटेड | ५,२३२,५४८ | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८० असोज १९ |
| ४ | शौर्य सिमेन्ट इण्डष्ट्रिज लिमिटेड | १५,९८१,५०० | २६४.५१ | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८० पुस १२ |
| ५ | मारूती सिमेन्ट्स लिमिटेड | ११,६००,००० | ३७७ | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८० पुस २६ |
| ६ | स्मार्ट डोर्स लिमिटेड | ३०६,००० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८१ वैशाख ३ |
| ७ | पाल्पा सिमेन्ट इण्डष्ट्रिज लिमिटेड | ७,५००,००० | १०० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८१ वैशाख २३ |
| ८ | लक्ष्मी टेक्नो प्लाष्ट लिमिटेड | १,०००,००० | १०० | नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लिमिटेड | २०८१ जेठ २१ |
| ९ | श्री डिष्टिलरी लिमिटेड | ९६०,००० | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८१ असार १ |
| १० | सोपन फर्मास्यूटिकल्स लिमिटेड | १,१००,००० | १०० | एनएमबि क्यापिटल लिमिटेड | २०८१ असार ३० |
| ११ | भुगर्भ सिमेन्ट लिमिटेड | १,२६२,५०० | १०० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८१ भदौ १३ |
| १२ | रिद्धिसिद्धि सिमेन्ट लिमिटेड | १२,१७१,५०० | २१४.१० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ असोज १८ |
| १३ | सागर डिष्टिलरी लिमिटेड | ७९२,००० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८१ असोज २१ |
| १४ | अम्बे स्टिल्स लिमिटेड | ११,१९२,७२७ | ३०३ | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८१ कात्तिक ७ |
| १५ | एभरेष्ट कलर लिमिटेड | ७८०,००० | ५० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८१ मङ्सिर २८ |
| १६ | महाशक्ति सिमेन्ट लिमिटेड | १७,८५०,८५७ | १०० | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड | २०८१ फागुन २६ |

**नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका 'अन्य' समूहका कम्पनीहरू**

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | विक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | ट्रेड टावर लिमिटेड | १,१५८,९८० | १०० | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड | २०७९ असार १४ |
| २ | कान्तिपुर टेलिभिजन नेटवर्क लिमिटेड | ७५०,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८० जेठ २८ |
| ३ | डिस मिडिया नेटवर्क लिमिटेड | १३,५८४,९५५ | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८० असार १२ |
| ४ | आइएमई लिमिटेड | १,०००,००० | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८० असार २९ |
| ५ | हस्पिटल फर एडभान्स्ड मेडिसिन एण्ड सर्जरी लि. | १,१२५,००० | २८८ | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८० पुस ६ |
| ६ | नेपाल ब्रोडकास्टीङ्ग च्यानल लिमिटेड | १,०००,००० | ५० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ जेठ २१ |
| ७ | कैलाश हेलिकप्टर सर्भिसेस लिमिटेड | ३५०,००० | ३२७ | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८१ जेठ २९ |
| ८ | झापा इनर्जी लिमिटेड | ९५०,४७५ | १०० | हिमालयन क्यापिटल लिमिटेड | २०८१ जेठ ३० |
| ९ | छाया देबी कम्प्लेक्स लिमिटेड | १,४३७,५०० | ४०० | प्रभु क्यापिटल लिमिटेड | २०८१ भदौ २ |
| १० | बिजनेस ईन्टरेष्ट ग्रुप अफ इण्डष्ट्रिज लिमिटेड | ४,५००,००० | १०० | कुमारी क्यापिटल लिमिटेड | २०८१ असार २ |
| ११ | जि. आई. सोलार लिमिटेड | १,३६३,३६० | १०० | आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड | २०८१ पुस २८ |

## नेपाल वेयरहाउजिङ्गको नोक्सानी घट्यो

काठमाडौं (अस) । नेपाल वेयरहाउजिङ्ग कम्पनी लिमिटेडले चालू आर्थिक वर्षको दोस्रो त्रैमाससम्मको वित्तीय विवरण सार्वजनिक गरेको छ । कम्पनीले सोमवार सार्वजनिक गरेको दोस्रो त्रैमाससम्मको अपरिस्कृत वित्तीय विवरणअनुसार गत वर्षको तुलनामा यस वर्ष नोक्सानी घटेको छ । गत वर्ष दोस्रो त्रैमाससम्म ९ करोड २१ लाख रुपैयाँभन्दा बढी खुद नोक्सानीमा रहेको कम्पनीले यस वर्ष करीब ५ करोडले नोक्सानी घटाएर ४ करोड ४९ लाख रुपैयाँमा झारेको छ ।

गत वर्षभन्दा यस वर्ष कम्पनीको आम्दानी बढेको र खर्च घटेकाले नोक्सानी घटेको देखिन्छ । गत वर्ष ६६ लाख १७ हजार रुपैयाँ जम्मा आम्दानी गरेको कम्पनीले ९ करोड ८७ लाख रुपैयाँभन्दा बढी जम्मा खर्च गरेको थियो । यस वर्षको सोही अवधिसम्म कम्पनीले १ करोड ८७ लाख रुपैयाँभन्दा बढी आम्दानी गरेको छ भने ६ करोड ३७ लाख रुपैयाँभन्दा बढी मात्र खर्च गरेको छ ।

हाल कम्पनीको चुक्तापूँजी ६८ करोड ७५ लाख रुपैयाँ छ । दोस्रो त्रैमाससम्म अन्य इक्विटी १६ करोड ९० लाख रुपैयाँभन्दा बढी ऋणात्मक देखिएको छ । कम्पनीले गत वर्ष ९३ करोड १० लाख रुपैयाँभन्दा बढी कर्जा सापटी लिएकोमा यस वर्ष कर्जा रकम १ अर्ब ३ करोड रुपैयाँभन्दा बढी पुऱ्याएको छ । प्रतिशेयर ६ रुपैयाँ ५३ पैसा प्रतिशेयर नोक्सानीमा रहेको कम्पनीको प्रतिशेयर नेटवर्थ भने ७५ रुपैयाँ ४१ पैसा छ ।

## गुहेश्वरी मर्चेण्टले ऋणपत्र निष्कासन गर्ने

काठमाडौं (अस) । गुहेश्वरी मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लिमिटेडले ऋणपत्र निष्कासन गर्नका लागि नियामक निकाय नेपाल धितोपत्र बोर्ड (सेबोन)मा निवेदन दिएको छ ।

कम्पनीले २ लाख ६० हजार कित्ता ऋणपत्र निष्कासन गर्नका लागि सेबोनमा निवेदन दिएको हो । विक्री प्रबन्धक एनआइएमबि एस क्यापिटल लिमिटेड रहेको छ । कम्पनीले आगामी ८ वर्ष सम्मका लागि वार्षिक ९ प्रतिशत ब्याजदरमा ऋणपत्र निष्कासन गर्न सेबोनमा निवेदन दिएको हो ।

सेबोनबाट स्वीकृति पाएपछि कुल कित्तामध्ये १ लाख ४ हजार कित्ता सर्वसाधारणको लागि निष्कासन गर्नेछ भने बाँकी १ लाख ५६ हजार कित्ता ऋणपत्र व्यक्तिगत तवरबाट विक्री गर्नेछ ।

## सुपरमाई हाइड्रोपावरको बोनस शेयर वितरण

काठमाडौं (अस) । सुपरमाई हाइड्रोपावर लिमिटेडले यस वर्षको ७ प्रतिशत बोनस शेयर वितरण गरेको छ । कम्पनीले गत मङ्सिर २८ गते सम्पन्न १०औं वार्षिक साधारणसभाबाट पारित गरेको उक्त बोनस शेयर धितोपत्र दोस्रो बजारमा कारोबारयोग्य गराई सम्बन्धित शेयरधनीहरूको हितग्राही खातामा जम्मा गरेको हो । मङ्सिर १७ गतेसम्म कायम शेयरधनीहरूले मात्र कम्पनीको बोनस शेयर प्राप्त गरेका छन् ।

मङ्सिर १७ गतेसम्म आफ्नो शेयर बन्धक राखी कर्जा उपयोग गरेका सदस्यहरूको हकमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाको नाममा रोक्का जनाई हितग्राही खातामा बोनस शेयर जम्मा गरिएकाले यदि राफसाफ भइसकेको भए फुकुवा गर्न समेत कम्पनीले भनेको छ । कम्पनीको शेयर रजिष्ट्रारमा आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड रहेको छ ।

**नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका होटल तथा पर्यटन समूहका कम्पनीहरू**

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | विक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | एपेक्स हस्पिटालिटी लिमिटेड | २,४००,००० | १०० | हिमालयन क्यापिटल लिमिटेड | २०८० असोज १२ |
| २ | होटल फरेष्ट इन लिमिटेड | ९,८००,००० | १०० | एन आई सी एशिया क्यापिटल लिमिटेड | २०८० कात्तिक १५ |
| ३ | अर्किड होल्डिङ्ग्स लिमिटेड | ११,५००,००० | १०० | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड | २०८० मङ्सिर १३ |
| ४ | अन्नपूर्ण केबल कार लिमिटेड | ३,१००,००० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८० पुस १६ |
| ५ | बन्दीपुर केबलकार एण्ड टुरिजम लि. | ३,०६०,००० | १०० | नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लिमिटेड | २०८१ जेठ २२ |
| ६ | अकामा होटल लिमिटेड | ४,५००,००० | ५० | सानिमा क्यापिटल लिमिटेड | २०८१ असार २६ |
| ७ | ठमेल प्लाजा होटल एण्ड सुइट्स लि. | १,०००,००० | १०० | नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लिमिटेड | २०८१ कात्तिक २१ |

**नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका लगानी समूहका कम्पनीहरू**

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | विक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | बरूण इन्भेष्टमेण्ट लिमिटेड | २,४७५,००० | १०० | ग्लोबल आइएमई क्यापिटल लिमिटेड | २०८० पुस २५ |
| २ | सिड इनर्जी लिमिटेड | १,५९८,५०० | १०० | एनएमबि क्यापिटल लिमिटेड | २०८० चैत ४ |
| ३ | शिवम होल्डिङ्ग्स लिमिटेड | ११,६००,००० | २१० | सिद्धार्थ क्यापिटल लिमिटेड | २०८१ जेठ २९ |

**नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका लघुबीमा समूहका कम्पनीहरू**

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | विक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लिमिटेड | २,२५०,००० | १०० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ असोज २० |
| २ | स्टार माइक्रो इन्स्योरेन्स लिमिटेड | २,२५०,००० | १०० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ मङ्सिर ९ |
| ३ | लिबर्टी माइक्रो लाइफ इन्स्योरेन्स लि. | २,२५०,००० | १०० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ मङ्सिर २० |

**नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका लघुवित्त समूहका कम्पनीहरू**

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | विक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | स्वस्तिक लघुवित्त वित्तीय संस्था लि. | ८०,००० | १०० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लि. | २०८० माघ २४ |

**उत्पादन तथा प्रशोधन कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत १७)**

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | युनिलिभर नेपाल लिमिटेड | ४६००३ | ५६८०५.८ | ३८४०० |
| २ | बोटलर्स नेपाल (बालाजु) लि. | १९५३३.१ | २२५०० | १४९०० |
| ३ | बोटलर्स नेपाल (तराई) लि. | १३१८७.५ | १८१०० | १२२०८.१ |
| ४ | हिमालयन डिष्टिलरी लिमिटेड | १२१२.१२ | १७४९ | ११३६ |
| ५ | सर्वोत्तम सिमेन्ट लिमिटेड | ८१०.३२ | १०६१.१ | ६९६.८ |
| ६ | घोराही सिमेन्ट इण्डष्ट्री लि. | ५६२.७२ | ६६८ | ४६० |
| ७ | शिवम् सिमेन्ट्स लिमिटेड | ५४०.८१ | ७७९.९ | ४७०.५ |
| ८ | सोनापुर मिनरल्स् एण्ड आयल लिमिटेड | ४७९.६३ | ६२४ | ४२२.१ |

**लगानी कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत १७)**

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | सिईडिबि होल्डिङ्ग्स लिमिटेड | २३३२.३५ | २४७७.४ | ६२७ |
| २ | नागरिक लगानी कोष | १९८७.२२ | २७०० | १८८७ |
| ३ | एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेड | १५५६.६१ | १६५१.३ | ४७८.३ |
| ४ | हाथवे इन्भेष्टमेण्ट नेपाल लि. | १३२३.११ | १८१६ | ८०८.५ |
| ५ | इमर्जिङ्ग नेपाल लिमिटेड | ११७७.३६ | १४५३.५ | ७३३.३ |
| ६ | नेपाल इन्फ्रास्ट्रक्चर बैंक लि. | २७७.७३ | ३६६.६ | १८८.१ |
| ७ | हाइड्रोईलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लि. | २७६.९१ | ३६० | १५८.१ |

**निर्जीवन बीमा कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत १७)**

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | राष्ट्रिय बीमा कम्पनी लिमिटेड | १४८१७.५ | २२४९३.९ | १२८०० |
| २ | प्रभु इन्स्योरेन्स लिमिटेड | ९३३.५२ | १११३ | ७४० |
| ३ | एनएलजी इन्स्योरेन्स क. लि. | ८७३.५३ | १३८२ | ७३२ |
| ४ | नेपाल इन्स्योरेन्स कम्पनी लि. | ८३४.१६ | ११६२ | ७९६ |
| ५ | सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लि. | ८२६.३३ | १०७६ | ७११.५ |
| ६ | शिखर इन्स्योरेन्स कम्पनी लि. | ७८४.५३ | ११२० | ६६९.४ |
| ७ | नेको इन्सुरेन्स लिमिटेड | ७५६.९४ | १०५० | ७४० |
| ८ | सगरमाथा लुम्बिनी इन्स्योरेन्स क. लि. | ७१८.०९ | ९२६ | ६०२ |
| ९ | यूनाइटेड अजोड इन्स्योरेन्स लि. | ६४३.८३ | ८३७.३ | ५१५.५ |
| १० | हिमालयन एभरेष्ट इन्स्योरेन्स लि. | ६१४.१३ | ८१० | ५५३.३ |
| ११ | सानिमा जिआईसी इन्स्योरेन्स लि. | ५९९.४५ | ८१७.१ | ५०८.१ |
| १२ | आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेड | ५८४.२३ | ७६० | ५०८ |

**होटल तथा पर्यटन कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत १७)**

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | कालिञ्चोक दर्शन लिमिटेड | ११४४.७९ | १३८१ | ७५२.१ |
| २ | तारागाउँ रिजेन्सी होटल्स लि. | १०६९.१३ | १५३८ | ६९५.१ |
| ३ | ओरियण्टल होटल्स लिमिटेड | ८९९.४५ | १२०५ | ७०४ |
| ४ | चन्द्रागिरि हिल्स लिमिटेड | ८७९.९२ | १३६० | ७६० |
| ५ | सिटि होटल लिमिटेड | ८७४.५७ | ११६८.५ | ५६२ |
| ६ | सोल्टी होटल लिमिटेड | ४८६.४८ | ६३६.५ | ४१६.५ |

जि.प्र.का.काठ.द.नं. ७/०६२/६३, म.क्षे.हु.द.नं. २६/०६९/७०
मंगलवार, १९ चैत २०८१ | Tuesday, 1 April 2025
आर्थिक अभियान



तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान

मनाङको डिस्याङ गाउँपालिका-५ स्थित अन्नपूर्ण हिमशृंखलाको फेदीमा रहेको 'क्लिन लेक' र अन्नपूर्ण दोस्रो हिमशृङ्खला ।

सुनसरी-मोरङ औद्योगिक कोरिडोरको लोडसेडिङ ६ घण्टा घट्यो

# उद्योगले ३० प्रतिशतसम्म बढाए उत्पादन

**वेदराज पौडेल**
विराटनगर



भारतले इन्डियन इनर्जी एक्सचेञ्जमार्फत थप ६०० मेगावाट विद्युत् आपूर्ति दिन थालेपछि पूर्वी नेपालको सुनसरी-मोरङ औद्योगिक कोरिडोरमा लोडसेडिङ ६ घण्टाले घटेको छ । लोडसेडिङ कम भएपछि उद्योगहरूले उत्पादन क्षमता बढाउन थालेका छन् । त्यसैगरी काम नपाएर बिदामा रहेका श्रमिकहरूलाई पुनः काममा फिर्ता बोलाउन थालिएको छ ।

गत चैतमा भारतले प्रोजेक्ट स्टियरिङ कमिटीको निर्णयअनुसार नेपाललाई ३५० मेगावाट विद्युत् आपूर्ति रोक्दा यस क्षेत्रका उद्योग प्रतिष्ठानमा राति १२ घण्टासम्म लोडसेडिङ हुने गरेको थियो । लोडसेडिङकै कारण उद्योगले उत्पादन ७० प्रतिशतसम्म घटाएका थिए । यसबाट धेरै श्रमिक अस्थायी रूपमा बिदा लिन बाध्य भएका थिए ।

विद्युत् आपूर्तिमा आएको सुधारले औद्योगिक क्षेत्रमा सकारात्मक प्रभाव पारेको नेपाल उद्योग परिसंघ कोशीका अध्यक्ष पवनकुमार सारडाले बताए । उनका अनुसार लोडसेडिङ १२ घण्टाबाट ६ घण्टामा झरेपछि उद्योगहरूले ३० प्रतिशतसम्म उत्पादन बढाएका छन् । विद्युत् आपूर्ति नियमित भइरहे थप क्षमतामा उद्योग चल्ने उनको भनाइ छ ।

शनिवारदेखि औद्योगिक कोरिडोरमा विद्युत् आपूर्ति बढेपछि लोडसेडिङ समेत घटेको हो । मोरङ व्यापार संघका अध्यक्ष अनुपम राठीका अनुसार लोडसेडिङ अहिले दैनिक ५ घण्टाभन्दा बढी घटेको छ । एक सातासम्मको विद्युत् आपूर्तिको अवस्था हेरेर मात्र यकिन रूपमा लोडसेडिङ घट्ने समय निर्धारण गर्न सकिने उनले बताए ।

उद्योग संगठन मोरङका अध्यक्ष राकेश सुरानाका अनुसार पछिल्लो समय कोरिडोरमा विद्युत् आपूर्ति बढेपछि लोडसेडिङ दैनिक ५-६ घण्टामा सीमित भएको छ । उनका अनुसार लोडसेडिङ घटेपछि उद्योगहरूको उत्पादनमा वृद्धि हुने र श्रमिकले पूरा समय कामको अवसर पाउने उनले बताए । विद्युत् आपूर्ति नियमित हुन सके डिजेलबाट उत्पादन गर्नुपर्ने अवस्थाको अन्त्य भई उत्पादन लागतसमेत कम हुने उनको भनाइ छ ।

रिलायन्स स्पिनिङ उद्योग जस्ता ठूला उद्योगमा पनि लोडसेडिङ घटेर उत्पादनमा सुधार आएको छ । यस उद्योगमा शनिवार साँझ ६ बजेदेखि ११ बजेसम्म मात्र विद्युत् कटौती भएको थियो । जब कि यसअघि १२ घण्टा विद्युत् कटौती हुने गर्थ्यो । उद्योगका प्रशासन प्रमुख महेश पोखरेलका अनुसार बिदामा रहेका १ हजार ५०० श्रमिक लोडसेडिङ घटेपछि आइतवारदेखि काममा फर्किएका छन् ।

# हिमालय एअरलाइन्स्ले शुरू गऱ्यो ल्हासा-पोखरा सेड्युल उडान



काठमाडौं (अस) । हिमालय एअरलाइन्स्ले चिनियाँ ऐतिहासिक शहर ल्हासाबाट पोखरामा सेड्युल उडान शुरू गरेको छ । नेपाल र चीनको संयुक्त लगानी रहेको यस कम्पनीले सोमवारदेखि ल्हासा-पोखरा-ल्हासा सेड्युल उडान सेवा शुरू गरेको हो । ल्हासाबाट नेपालको पर्यटकीय राजधानी पोखरासम्मको सेड्युल उडान सेवाले नेपाल र चीनबीचको हवाई सम्पर्क सुदृढ बनाउने कम्पनीले बताएको छ । नेपाल-चीन हवाई सेवा विस्तारमा यो महत्त्वपूर्ण कोसेढुंगा भएको कम्पनीको भनाइ छ ।

'नेपालको पर्यटन उद्योग प्रवर्द्धन र अन्तरराष्ट्रिय हवाई यात्रामा टेवा पुऱ्याउन प्रतिबद्ध हिमालय एअरलाइन्सले निर्बाध र सुविधाजनक यात्रा विकल्प प्रदान गर्न आफ्नो उडान सञ्जालको विस्तार जारी राखेको छ,' कम्पनीद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'ल्हासा-पोखरा-ल्हासा उडानले नेपाललाई विश्वसँग जोड्ने, सांस्कृतिक आदानप्रदानलाई सहज बनाउने र दुवै गन्तव्यहरूको पर्यटन वृद्धिमा सघाउने कम्पनीको प्रतिबद्धता सार्थक बनाएको छ ।'

उडान थप्ने योजनासहित हाल हप्तामा एउटा उडान सञ्चालन हुने कम्पनीले जानकारी दिएको छ । आगामी दिनमा मागका आधारमा काठमाडौं-ल्हासा-पोखरा-ल्हासा-काठमाडौं सेक्टरमा उडान गरिने बताइएको छ । ल्हासा-पोखरा-ल्हासा उडानले यात्रुलाई नेपालको पर्यटन राजधानी पोखरा र चीनको ऐतिहासिक तथा मनोरम शहर ल्हासाबीच सीधा र सहज हवाई सेवा दिने हिमालय एअरलाइन्स्ले बताएको छ । यो रूटमा उडान शुरू भएसँगै सुस्त ग्रीष्मकालीन सिजनमा समेत पर्यटक आवागमन बढ्ने अपेक्षा गरिएको छ ।

हिमालय एअरलाइन्स्का अध्यक्ष झोउ एनयोङले पोखरा अन्तरराष्ट्रिय विमानस्थल र ल्हासा बीच सीधा उडान समग्र पर्यटन प्रवर्द्धनका लागि महत्त्वपूर्ण शुरुआत भएको बताए । 'यो ऐतिहासिक उपलब्धि हिमालय एअरलाइन्स् र नेपालको उड्डयन उद्योगका लागि एक ठूलो सफलता हो, जसले पोखरालाई प्रमुख अन्तरराष्ट्रिय प्रवेशद्वारको रूपमा स्थापित गर्दै क्षेत्रीय हवाई सम्पर्क सुदृढ बनाउनेछ,' उनले भने, 'यो केवल नयाँ हवाई रूट मात्र नभई नेपाल-चीन सम्बन्ध थप बलियो बनाउने, पर्यटन प्रवर्द्धन गर्ने तथा व्यापार र सांस्कृतिक आदानप्रदानका नयाँ अवसर सृजना गर्ने महत्त्वपूर्ण पहल पनि हो ।' हिमालय एअरलाइन्स्का उपाध्यक्ष एवम् प्रवक्ता विजय श्रेष्ठले कम्पनीको मुख्य उद्देश्य चीनका विभिन्न १० पर्यटकीय क्षेत्रमा उडान सञ्चालन गर्ने र वार्षिक १० लाख चिनियाँ पर्यटकलाई नेपालमा भित्र्याउने रहेको बताए ।

# 'प्रतिपक्षको विरोधले संसद्का महत्वपूर्ण काम अवरुद्ध'

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई हटाउने सरकारको निर्णयबारे प्रतिपक्ष दलहरूले गरिरहेको विरोधका कारण संसद्का महत्त्वपूर्ण काम अवरुद्ध भएको बताउनुभएको छ । अहिले संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र त्यसको सफल कार्यान्वयनको समय रहेको तथा संसद्मा महत्त्वपूर्ण कानून पारित गर्नैपर्ने अवस्थामा कुनै एक कर्मचारीको विषयलाई लिएर संसद् अवरुद्ध गर्न नहुने प्रधानमन्त्री ओलीको भनाइ छ ।

प्रतिनिधिसभा र राष्ट्रियसभाका दुवै सदनलाई सोमवार सम्बोधन गर्नुहुँदै प्रधानमन्त्री ओलीले कर्मचारीलाई हटाउने वा राख्ने विषय उसको गुण र दोषका आधारमा निर्धारण हुने र त्यसको अधिकार विभागीय मन्त्रीलाई हुने बताउनुभयो ।

राष्ट्रसेवक कर्मचारीको गुण र दोष टिप्पणी गर्ने स्थल संसद् नरहेको प्रधानमन्त्री ओलीले उल्लेख गर्नुभयो । राम्रो काम गर्नेलाई पुरस्कृत गर्ने र दोषीलाई कारबाही गर्ने विधि सदनले निर्धारण गरेको र उक्त विधिअनुसार नै सरकारले काम गर्ने उहाँले बताउनुभयो ।

कुलमान घिसिङलाई हटाउने सरकारको निर्णयको विषयमा प्रतिपक्षले सदन अवरोध गर्न नहुने उहाँको भनाइ छ । विद्यमान शासन व्यवस्थाको रक्षाका लागि सिंगो सदन एक हुनुपर्ने आवश्यकता रहेकोमा उहाँले जोड दिनुभयो । संसद् संविधान र लोकतन्त्रको विरोध गर्ने थलो नरहेको ओलीले बताउनुभयो ।

यसैगरी प्रधानमन्त्री ओली तीनकुने घटनाका दोषी कसैले पनि उन्मुक्ति नपाउने बताउनुभएको छ । गत शुक्रवार काठमाडौंमा दुईओटा विरोधसभा आयोजना भएकोमा समाजवादी मोर्चाको विरोध लोकतान्त्रिक र विधिसम्मत भए पनि पूर्वराजाको समर्थनमा भएको विरोध संविधान विरोधी रहेको उहाँको भनाइ छ ।

पूर्वराजा ज्ञानेन्द्र शाह पनि तीनकुने घटनाका लागि जिम्मेवार रहेको उल्लेख गर्नुहुँदै प्रधानमन्त्री ओलीले घटनामा संलग्न दोषी सबैलाई कारबाही गरिने हुने दृढता व्यक्त गर्नुभयो । तीनकुने घटनाबारे सरकार गम्भीर रहे पनि संसद्मै रहेका दल आन्दोलनमा सहभागी रहेकाले सम्भावित हिंसात्मक घटनाको कल्पना नगरिएको उहाँले बताउनुभयो । *रासस*

# न्यून भिजिबिलिटीले आधा दर्जन विमान डाइभर्ट

काठमाडौं । प्रतिकूल मौसमका कारण हवाई उडान प्रभावित भएको छ । त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलका अनुसार मौसममा आएको खराबीले 'भिजिबिलिटी' कमजोर हुँदा सोमवार अन्तरराष्ट्रिय उडानतर्फका कम्तीमा आधा दर्जन विमान डाइभर्ट भएका छन् । बाक्लो तुँवालोका कारण न्यून भिजिबिलिटी हुँदा विभिन्न एयरलाइन्सका कम्तीमा आधा दर्जन विमान डाइभर्ट भएको विमानस्थलका प्रवक्ता रिञ्जी शेर्पाले जानकारी दिए । जजिरा एयर, एयर इन्डिया र फ्लाई दुबईका विमान डाइभर्ट भएको उनले बताए ।

जजिरा एयरवेज र एयर इन्डियाका दुई विमान भारतको बनारस डाइभर्ट भए भने फ्लाई दुबईको विमान भैरहवास्थित गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलमा डाइभर्ट भएर अवतरण भएको प्रवक्ता शेर्पाले बताए । अन्य उडान भने केही बेरको होल्डपछि अवतरण भएको जनाइएको छ ।

'सोमवार बिहान एक हजार ६०० मिटर भिजिबिलिटी थियो, एयरलाइन्सको आवश्यक मापदण्ड अनुरूप अवतरणका लागि भिजिबिलिटी नपुगेकाले विमान डाइभर्ट भएका थिए,' उनले भने, 'दिउँसो भिजिबिलिटी बढेर तीन हजार मिटर पुग्यो, धूलो र तुँवालोका कारण विमान अवतरणमा समस्या भएको हो ।' हाल देशमा पश्चिमी वायुको आंशिक प्रभाव रहेको र सो मौसमी प्रणालीको प्रभावले कोशी प्रदेश र गण्डकी प्रदेशको पहाडी भू-भागको एक-दुई स्थानमा मेघगर्जन र चट्याङसहित हल्का वर्षा तथा उच्च पहाडी र हिमाली भू-भागका एक-दुई स्थानमा हल्का हिमपातको सम्भावना रहेको जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

यसबाट दैनिक जनजीवन, कृषि, स्वास्थ्य, सडक तथा हवाई यातायातमा आंशिक प्रभाव पर्न सक्ने हुँदा त्यसबाट हुन सक्ने असरबाट बच्न आवश्यक उपाय र सतर्कता अपनाउन महाशाखाले अनुरोध गरेको छ । *रासस*

## तथ्यांकोवाच

# चीनमा जौको आयात माग १ करोड १३ लाख टन

वर्तमान युगको अत्यावश्यक खाद्य र बियरलगायतको कच्चापदार्थका रूपमा परिचत जौको सन् २०२३ मा विश्व आयात १३ अर्ब १९ करोड अमेरिकी डलर बराबर रहेको छ । जौको आयात माग चीनमा मात्रै १ करोड १३ लाख टन छ ।

विश्व बजारमा अत्यधिक माग रहेको जौ उत्पादन तथा निर्यात बजारमा नेपालले पनि आफ्नो क्षमताले भ्याउने क्षेत्रमा उपस्थिति जनाउन सक्ने रणनीति तर्जुमा हुन आवश्यक छ ।

| आयातकर्ता मुलुकहरू | हजार अमेरिकी डलर | सन्तुलन | विश्व परिमाण टन | विश्व आयातमा हिस्सा (प्रतिशत) | औसत भन्सार दर (प्रतिशत) |
|---|---|---|---|---|---|
| विश्व | १३,१८९,३५३ | -२,१७०,४१० | ० | १०० | |
| चीन | ३,७७०,४४३ | -३,७७०,४१६ | ११,३२२,५५३ | २८.६ | १५.१ |
| इरान, इस्लामिक गणतन्त्र | १,०८८,१७१ | -१,०८८,१७१ | २,८६४,७२२ | ८.३ | ५ |
| स्पेन | ८९५,७८० | -८६६,८९४ | ० | ६.८ | ११.२ |
| साउदी अरेबिया | ७०२,९८२ | -७०२,९८२ | ० | ५.३ | ० |
| नेदरल्याण्ड्स | ६९०,८१३ | -६५४,०६९ | २,४२४,२२३ | ५.२ | ११.२ |
| बेल्जियम | ५५२,७९१ | -५२५,८०० | १,६४७,०७३ | ४.२ | ११.२ |
| ट्युनिसिया | ५००,२२३ | -५००,२२३ | १,४३०,३६८ | ३.८ | २३.२ |
| जर्मनी | ४८१,७३८ | ४४४,७९० | १,६२६,४०३ | ३.७ | ११.२ |
| टर्की | ४३३,४६४ | -४११,०८९ | १,४५७,३६२ | ३.३ | ६४.५ |
| जापान | ३९२,५४४ | -३९२,४७८ | १,२३३,९८९ | ३ | ३३.५ |
| जोर्डन | ३३१,३६३ | -३३१,३६३ | १,०८६,९४४ | २.५ | ० |
| मोरक्को | २८१,६७८ | -२८१,६६९ | १,१२४,१६२ | २.१ | ८.५ |
| ब्राजिल | २४४,७७४ | -२४४,७७३ | ६१६,१८८ | १.९ | ४.८ |
| भियतनाम | १९८,७०३ | -१९४,२७१ | ६५१,७९० | १.५ | १.४ |
| थाइल्याण्ड | १९२,४९९ | -१९२,४९५ | ६५०,६५८ | १.५ | १९.८ |
| इटाली | १८२,६५२ | -१८१,२२९ | ६७५,६४३ | १.४ | ११.२ |
| संयुक्त राज्य अमेरिका | १५८,३१२ | -१३९,९९४ | ४२५,८४७ | १.२ | ०.१ |
| पोर्चुगल | १५२,३२९ | -११८,८०७ | ५१५,२२२ | १.२ | ११.२ |
| कोलम्बिया | १४३,४०२ | -१४३,४०२ | ३५४,०५१ | १.१ | ८.१ |
| कुवेत | १३३,७६४ | -१३३,७६४ | ४४८,५१८ | १ | ० |
| संयुक्त अरब इमिरेट्स | १२७,९३८ | -११२,०७९ | ४०४,८७७ | १ | ० |
| रोमानिया | १११,८७१ | ४०३,०३७ | ५२७,०८८ | ०.८ | ११.२ |
| फिलिपिन्स | १०२,८१९ | -१०२,८१९ | ३४४,६५४ | ०.८ | ६.५ |
| भारत | ७८,११२ | -७५,३३९ | १८५,४५६ | ०.६ | ० |
| इजरायल | ७६,४३३ | -७६,४०७ | २५०,७१५ | ०.६ | ० |
| आयरल्याण्ड | ७६,२६८ | -६८,७९७ | ० | ०.६ | ११.२ |
| कतार | ७१,३४८ | -७१,३४८ | २०३,६८७ | ०.५ | ० |
| अस्ट्रिया | ६६,५२९ | -४६,१८९ | २६६,२४१ | ०.५ | ११.२ |
| पोल्याण्ड | ६१,६७९ | ५५,२६५ | २०२,३५८ | ०.५ | ११.२ |
| लिबिया, | ६०,००२ | -६०,००२ | २३३,५१३ | ०.५ | ० |
| काजाकिस्तान | ५५,८५० | २०८,१८६ | ४८६,११७ | ०.४ | ४.८ |
| पेरु | ५२,७०५ | -५२,५९४ | ११६,२४६ | ०.४ | २.३ |
| साइप्रस | ५१,९८५ | -५१,९८५ | १८६,८४८ | ०.४ | ११.२ |
| अल्जेरिया | ४७,८९४ | -४७,८५८ | २२५,३२६ | ०.४ | ४.६ |
| मुक्त क्षेत्रहरू | ४४,०१५ | -४४,०१५ | १३२,३२१ | ०.३ | ... |
| कोरिया, गणतन्त्र | ४३,६४२ | -४३,४२४ | ११७,८८२ | ०.३ | ३२८.४ |
| संयुक्त अधिराज्य | ३९,०१३ | २३७,८५३ | ११९,८३४ | ०.३ | ७.८ |
| ओमान | ३७,४१० | -३७,४०७ | १२२,७०३ | ०.३ | ० |
| स्वीडेन | ३१,१०३ | ७२,४३८ | ७९,४९७ | ०.२ | ११.२ |
| डेनमार्क | ३०,१९१ | २९४,५९१ | ० | ०.२ | ११.२ |
| दक्षिण अफ्रिका | २९,०२२ | -२५,९५२ | ९३,०२८ | ०.२ | ० |
| स्लोभाकिया | २८,३९१ | ५,६१६ | ७९,५६९ | ०.२ | ११.२ |
| उज्बेकिस्तान | २२,९०७ | -२२,९०७ | १५९,६३७ | ०.२ | ० |
| ग्रीस | १८,७१५ | -१७,४३५ | ७५,५८५ | ०.१ | ११.२ |
| फ्रान्स | १७,२६५ | २,०४१,९९६ | ५४,०९३ | ०.१ | ११.२ |
| इक्वेडर | १७,१५९ | -१७,१२३ | ३७,०९८ | ०.१ | ० |
| क्रोएसिया | १७,०४३ | १६,२४४ | ७५,५८४ | ०.१ | ११.२ |
| चेक गणतन्त्र | १६,६९५ | १०२,६९९ | ० | ०.१ | ११.२ |
| स्विट्जरल्याण्ड | १३,७४४ | -१३,३१८ | ३८,८१४ | ०.१ | २६.६ |
| ताजिकिस्तान | १३,४३२ | -१३,४३२ | ५९,९५९ | ०.१ | ४.३ |
| लेबनान | १२,१२१ | -१२,०६१ | ३९,७५३ | ०.१ | ० |
| क्यानाडा | १२,०२३ | ८१४,७८६ | ५०,९५५ | ०.१ | ३४.४ |
| इराक | १२,०११ | -१२,०११ | ४५,३४५ | ०.१ | ... |
| उरुग्वे | ११,६२८ | ४०,४२० | २७,४०० | ०.१ | ४.३ |
| इजिप्ट | १०,८३१ | -१०,७९९ | ३५,५२८ | ०.१ | ० |
| ताइपेई, चिनियाँ | ८,४९४ | -८,४९३ | २६,१८८ | ०.१ | ०.४ |
| किर्गिस्तान | ८,२९५ | -८,२८६ | ५६,४६७ | ०.१ | ४.८ |
| सिरियाली अरब गणतन्त्र | ८,०११ | -७,८६९ | २४,८५९ | ०.१ | २.८ |
| अजरबैजान | ७,७४३ | -७,३७४ | ४७,६६५ | ०.१ | २.४ |
| आर्मेनिया | ७,४१९ | -७,४१९ | ५४,५२८ | ०.१ | ४.८ |
| लिथुआनिया | ७,३२९ | ५१,०२८ | २३,१७१ | ०.१ | ११.२ |
| नर्वे | ७,०८२ | -७,००५ | २७,७४३ | ०.१ | २५.२ |
| लाटभिया | ६,९०७ | १६,३१९ | २४,८६२ | ०.१ | ११.२ |
| स्लोभेनिया | ६,७६९ | -४,३२६ | १९,३७५ | ०.१ | ११.२ |
| हंगेरी | ६,२१४ | २६१,३८६ | ० | ० | ११.२ |
| फिनल्याण्ड | ५,८९० | ५,७५० | ० | ० | ११.२ |
| इथियोपिया | ५,८३० | -५,६०६ | ८,९५२ | ० | ४.९ |
| न्यूजील्याण्ड | ५,४५२ | -५,०६१ | १६,९१८ | ० | ० |
| युगान्डा | ४,८६२ | -४,१४४ | ३६,२४३ | ० | ४.६ |
| बोस्निया र हर्जगोभिना | ४,८५९ | -४,८५० | २३,५७६ | ० | २.२ |
| आइसल्याण्ड | ४,५३७ | -४,५३७ | १३,४७७ | ० | ९.३ |
| जाम्बिया | ४,०४७ | -३,१९९ | ४,२९५ | ० | ८.९ |
| जर्जिया | ३,०८३ | -३,०२९ | १८,२९८ | ० | ० |
| माल्टा | ३,०४९ | -३,०४९ | ० | ० | ११.२ |
| मलेसिया | २,६९३ | -२,५७२ | ४,४६६ | ० | ० |
| बंगलादेश | २,१६२ | -२,१६२ | १२,०४१ | ० | ० |
| अफगानिस्तान | १,९६९ | २,१३० | १५,४६४ | ० | २.५ |
| पाकिस्तान | १,७०९ | -१,७०९ | ५,६१७ | ० | ३ |
| इस्टोनिया | १,६०९ | ४५,४९६ | ४,१२७ | ० | ११.२ |
| अल्बानिया | १,५२४ | -१,५२४ | ७,२९० | ० | २ |
| तान्जानिया, संयुक्त गणतन्त्र | १,२५४ | -१,२४६ | १,९७८ | ० | ११.७ |
| रूसी संघ | १,१२८ | १,१६१,५५५ | ३,३४६ | ० | ४.८ |
| बेलारुस | १,१२४ | -१,१२४ | ९७३ | ० | ४.८ |
| बहराइन | १,०८१ | -१,०८१ | २,७०५ | ० | ० |

*स्रोत : आइटिसी ट्रेडम्याप*

न्यू बिजनेश एज लि.द्वारा प्रकाशित | प्रधान सम्पादक : मदन लम्साल | सम्पादकीय निर्देशक : केशव गौतम | कार्यकारी सम्पादक : पृथ्वीमान श्रेष्ठ | पाञ्चायनमार्ग, थापाथली, काठमाडौं | पो.ब.नं. १४१९७, फोन-०१-५३६७७१७ | इमेल : editorial@abhiyan.com.np | मुद्रक : समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर